गण्डकी प्रदेश सभा

# सामाजिक विकास तथा कृषि समिति

पोखरा, नेपाल

# बार्षिक प्रतिवेदन २०८३

(आ.व. २०८०/०८१ र २०८१/८२)

गण्डकी प्रदेश सभा

गण्डकी प्रदेश सभा सचिवालय

पोखरा, नेपाल

# मन्तव्य

**माननीय सभामुख महोदय,**

गण्डकी प्रदेश सभाको नियमित कार्यमा सहयोग पुर्‍याउन प्रदेश सभाले विषयगत समिति गठन गर्न सक्नेछ भन्ने गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५२ को व्यवस्था अनुसार सामाजिक विकास तथा कृषि समितिको गठन भएको थियो । गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५३ को बमोजिम समितिको कार्यक्षेत्रभित्र सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय र सम्बद्ध विषय तथा निकायहरु रहने व्यवस्था रहेको छ ।

समितिले आफ्नो कार्यसम्पादन गर्ने क्रममा आ.व. ०८०/०८१ को अवधिमा १९ वटा तथा आ.व. ०८१/८२ को अवधिमा २९ वटा बैठकहरु मार्फत प्रदेश सरकारका विभिन्न विषयहरुमा सम्बद्ध मन्त्रालय र मातहत निकायहरुका अतिरिक्त सम्बन्धित विषयविज्ञहरु तथा सरोकारवालाहरुलाई समितिको बैठकमा आमन्त्रण गरी छलफल र अन्तरक्रिया गरेको थियो ।समितिले विभिन्न निकायहरुसँग गरेको छलफलका क्रममा सम्बन्धित निकायहरुले सञ्चालन गरेका योजनाहरु, आगामी वर्षहरुमा सञ्चालन गर्ने योजनाहरु, सङ्गठन संरचना, कार्यसम्पादनका क्रममा भोग्नु परेका समस्याहरु र आगामी दिनमा गर्नुपर्ने सुधारका सम्बन्धमा छलफल गरी आवश्यक सुझाव तथा निर्देशन दिएको थियो ।

साथै समितिका बैठकहरुमा कार्यक्षेत्र अन्तर्गतका निकायहरुको कार्यप्रगति तथा समस्याहरुका बारेमा विस्तृत छलफल गरिएको छ । सम्बन्धित निकायहरु सञ्चालनका लागि तर्जुमा गरिएका कानूनहरु, नीति तथा योजना र कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकनका साथै मन्त्रालयद्वारा सम्पादित कार्यहरु लगायत विभिन्न विषयहरुमा गहन छलफल, विमर्शहरु पनि भएका छन । त्यसै गरि आम नागरिकहरुले दैनिक तथा आकस्मिक रुपमा भोग्नु वा व्यहोर्नु परेका समस्याहरु, जनताको प्रत्यक्ष चासो एवं सरोकारका समसामयिक विषयहरु जो समितिको क्षेत्राधिकार भित्र पर्दछन्, त्यस्ता विषयहरुलाई पनि प्राथमिकताका साथ छलफलमा ल्याउने, आवश्यकता अनुसार समन्वय गर्ने र समस्या सुल्झाउन प्रयत्न गर्ने काम भएको छ ।

समितिको कार्यक्षेत्र भित्रका कार्यहरुको अध्ययन अनुगमन गर्ने क्रममा समितिले दिएका निर्देशन तथा राय सुझावहरुको पालना गरी जनप्रतिनिधिमूलक निकाय संसदप्रति उत्तरदायी हुनु विषयगत मन्त्रालयहरुको दायित्व हुन्छ जसको परिपालनाबाट जनमतको कदर एवम् लोकतन्त्रको सुदृढिकरण हुन मद्दत पुग्दछ ।

अन्तमा, समितिको कार्यसम्पादनमा पुर्‍याएको सहयोगका लागि सम्माननीय सभामुख, माननीय मुख्यमन्त्रीज्यूहरु, माननीय मन्त्रीहरु, समितिका माननीय सदस्यहरु, प्रदेश सभा सचिवालयका प्रदेश सभा सचिव, उपसचिवहरु एवम् राष्ट्र सेवक कर्मचारीहरु, विषय विज्ञहरु, सरोकारवाला संघ-संस्था तथा व्यक्तिहरु लगायत आम सञ्चारकर्मीहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५८ को उपनियम १० मा समितिको वार्षिक प्रतिवेदन पेश गर्ने व्यवस्था भए बमोजिम समितिले तयार गरेको आ.व. २०८०/८१ र २०८१/८२ को वार्षिक प्रतिवेदन, २०८३ सम्मानीय सभामुखज्यू मार्फत सम्मानीत सभा समक्ष प्रस्तुत गर्दछु ।

धन्यवाद ।

२०८३।............

.......................................

दमयन्ती रुचाल

सभापति

सामाजिक विकास तथा कृषि समिति

# विषय सूची

**पेज नं.**


परिच्छेद एक परिचय ........ १

१.१ समितिको परिचय ........ १

१.२. समितिको कार्यक्षेत्र ........ १

१.३. समितिको काम, कर्तव्य र अधिकार ........ २

१.४. समितिमा रहनुभएका माननीय सदस्यको नामावली ........ ३

१.५. समिति सचिवालय ........ ६

परिच्छेद दुई समितिले हालसम्म सम्पन्न गरेका मुख्य-मुख्य गतिविधि ........ ७

२.१. गतिविधि सारांश ........ ७

२.२. सामाजिक विकास तथा कृषि समितिको कार्यविधि, २०८० निर्माण ........ ७

२.३. “गण्डकी प्रदेश विउँविजन सम्बन्धी विधेयक” माथि छलफल तथा प्रतिवेदन पेश ........ ८

२.४. “जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक” माथि छलफल तथा प्रतिवेदन पेश ........ ८

२.५ “गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” माथि छलफल तथा प्रतिवेदन पेशः ........ ९

२.६ स्थलगत अनुगमन तथा अन्तर्क्रिया कार्यक्रमः ........ ९

२.७ अन्तरप्रदेश अनुभव आदान प्रदान तथा अन्तर्क्रिया कार्यक्रम ........ १०

२.८ समिति/उपसमितिको बैठक सम्बन्धी विवरण ........ ११

२.५ समितिमा माननीय सदस्यको उपस्थिति विवरण ........ ४३

अनुसूचीहरु ........ ४५

अनुसूची -१ “सामाजिक विकास तथा कृषि समितिको कार्यविधि, २०८०” ........ ४५

अनुसूची -२ “गण्डकी प्रदेशमा विउ विजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” सम्बन्धी प्रतिवेदन ........ ५४

अनुसूची -३ ........ ५७
अनुसूची -४ ........ ६२
अनुसूची -५ ........ ६८
अनुसूची — ६ ........ ९१
अनुसूची - ७ समितिका पदाधिकारीहरु ........ १००
अनुसूची -८ सचिवालयका कर्मचारीहरु ........ १०२
अनुसूची -९  समितिको बैठकका केही झलकहरु ........ १०३

# परिच्छेद एक
# परिचय

## १.१ समितिको परिचय

संघीयताको मर्म अनुरुप नागरिकले आफ्नो मताधिकारको प्रयोग मार्फत चुनिएका निर्वाचित जनप्रतिनिधिबाट शासन सञ्चालन गर्ने संरचनाको स्वरूप नै प्रदेश सभा हो । प्रदेश सरकार निर्माण गर्ने, सरकारलाई उत्तरदायी र जवाफदेही बनाउने, विधिपूर्वक शासन संचालनका लागि कानून निर्माण गर्ने, सरकारको काम कारबाहीको अनुगमन मूल्याङ्कन गर्ने, प्रदेशको बजेट पारित गर्ने लगायतका कामहरु प्रदेश सभाबाट हुने गर्दछन् । प्रदेश सभाले नीति निर्माणका अलावा कानूनको प्रभावकारी कार्यान्वयन भयो वा भएन भनेर नियमन र जाँचबुझ समेत गर्दछ । सरकारको कार्यलाई जनभावना अनुकुल बनाउनमा प्रदेश सभाको भूमिका महत्वपूर्ण हुन्छ ।

संसदीय अभ्यासको एक महत्त्वपूर्ण विशेषता संसदीय समितिहरूको व्यवस्था हो। नेपालको संविधानको धारा १९३ मा प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभाले विभिन्न समितिहरु गठन गर्न सक्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार प्रदेश सभा नियमावली, २०८० को नियम १५२ को समेत व्यवस्था अनुसार प्रदेश सभाले विभिन्न चार विषयगत समितिको गठन गरेको छ । यी विषयगत समितिमध्ये सामाजिक विकास तथा कृषि समिति एक महत्वपूर्ण समिति रहेको छ । नियमावलीको व्यवस्था अनुसार नै मिति २०८० साल साउन ३० गते गठन भई गण्डकी प्रदेश सभा, सामाजिक विकास तथा कृषि समितिले आफ्नो कार्यक्षेत्र अनुसारका कामकारवाही निरन्तर सम्पादन गर्दै आएको छ ।

राज्य पुनर्संरचनामा गएसँगै नेपालको संविधानले प्रत्येक प्रदेशमा एक प्रदेश सभा रहने तथा प्रदेश सभाले विषयगत समिति गठन गर्न सक्ने व्यवस्था गरेको छ। सोही व्यवस्था अनुसार गण्डकी प्रदेश सभा नियमावली, २०८० ले पदेन सदस्य सहित बढीमा १५ सदस्य रहने गरी समिति गठन गर्न सक्ने व्यवस्था गरेको छ । नियमावलीको सोही व्यवस्था अनुसार सामाजिक विकास तथा कृषि समितिगठन भएको छ ।

## १.२. समितिको कार्यक्षेत्र

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५३ अनुसार सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय र सम्बद्ध विषय तथा निकाय रहेको छ ।

## १.३. समितिको काम, कर्तव्य र अधिकार

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५८ बमोजिम समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार रहेको छ ।

(क) सभाले पठाएको समितिको कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय, आयोग, निकाय र सम्बद्ध विषयसँग सम्बन्धित विधेयक उपर दफावार छलफल गरी सभामा सो सम्बन्धी प्रतिवेदन पेस गर्ने,

(ख) मन्त्रालय, निर्देशनालय र अन्तरगतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अन्य क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेस गर्ने,

(ग) मन्त्रालय, निर्देशनालय र अन्तरगतका निकायको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेस गर्ने,

(घ) मन्त्रीले सरकारको तर्फबाट बैठकमा समय-समयमा दिएका आश्वासनलाई पूरा गर्न प्रदेश सरकारद्वारा के-कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेस गर्ने,

(ङ) कार्यक्षेत्रसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेस गर्ने,

(च) सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियम संविधान, सम्बन्धित ऐन, प्रचलित कानून बमोजिम बनेको छ वा छैन र सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मुल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

(छ) प्रदेश सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग वा समिति र जाँचबुझ आयोग वा समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

(ज) मन्त्रालय, निर्देशनालय र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,

(झ) सर्वसाधारणबाट प्राप्त उजुरीको सुनुवाई गर्ने,

(ञ) कार्यक्षेत्र अन्तर्गतका संवैधानिक आयोगका कामकारबाहीको अनुगमन तथा मूल्याङ्कन गरी प्रतिवेदन दिने, वार्षिक प्रतिवेदनमाथि छलफल गरी सुझाव दिने,

(ट) समितिले दिएको निर्देशन कार्यान्वयन भए नभएको अनुगमन, मूल्याङ्कन र समीक्षा गरी सोको प्रतिवेदन सभामा पेस गर्ने,

(ठ) कानून कार्यान्वयनको मापन सम्बन्धी कार्य गर्ने,

(ड) बैठकले सुम्पेको अन्य काम गर्ने,

(ढ) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने ।

## १.४. समितिमा रहनुभएका माननीय सदस्यको नामावली

मिति २०८०।०४।३० मा गठित समिति

| क्र.सं. | नाम, थर | पदाधिकार | सम्बद्ध दल |
|---|---|---|---|
| १ | माननीय श्री फणीन्द्र देवकोटा | सभापति | नेपाल समाजवादी पार्टी |
| २ | माननीय श्री अशोक कुमार श्रेष्ठ | सदस्य | नेपाली कांग्रेस |
| ३ | माननीय श्री दिलमाया पौ.बि. | सदस्य | नेपाली कांग्रेस |
| ४ | माननीय श्री नम्डु गुरुङ | सदस्य | नेपाली कांग्रेस |
| ५ | माननीय श्री बेद बहादुर गुरुङ | सदस्य | नेकपा एमाले |
| ६ | माननीय श्री बिन्दु कुमार थापा | सदस्य | नेपाली कांग्रेस |
| ७ | माननीय श्री भक्त बहादुर कुँबर | सदस्य | नेकपा एमाले |
| ८ | माननीय श्री महेश भट्टराई | सदस्य | नेपाली कांग्रेस |
| ९ | माननीय श्री राजकुमारी भुजेल | सदस्य | नेकपा एमाले |
| १० | माननीय श्री राजिव गुरुङ | सदस्य | स्वतन्त्र |
| ११ | माननीय श्री लील बहादुर थापा मगर | सदस्य | नेकपा एमाले |
| १२ | माननीय श्री श्याम राजा महत | सदस्य | नेकपा एमाले |
| १३ | माननीय श्री महेन्द्रध्वज जि.सी. मन्त्री, कृषि तथा भूमि व्यवस्था मन्त्रालय | पदेन सदस्य | नेपाली कांग्रेस |
| १४ | माननीय श्री सरस्वती अर्याल तिवारी, मन्त्री, उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय | पदेन सदस्य | नेपाली कांग्रेस |

| | | | |
|---|---|---|---|
| १५ | माननीय श्री सुशिला सिंखडा, मन्त्री, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | पदेन सदस्य | नेकपा माओवादी |

## मिति २०८१।०३।१८ मा पुनर्गठित समिति

| क्र.सं. | नाम, थर | पदाधिकार | सम्बद्ध दल |
|---|---|---|---|
| १ | माननीय श्री अशोक कुमार श्रेष्ठ | सदस्य | नेपाली कांग्रेस |
| २ | माननीय दमयन्ती रुचाल | सदस्य | नेकपा माओवादी |
| ३ | माननीय श्री दिलमाया पौ.बि. | सदस्य | नेपाली कांग्रेस |
| ४ | माननीय श्री नम्डु गुरुङ | सदस्य | नेपाली कांग्रेस |
| ५ | माननीय श्री बेद बहादुर गुरुङ | सदस्य | नेकपा एमाले |
| ६ | माननीय श्री भक्त बहादुर कुँबर | सदस्य | नेकपा एमाले |
| ७ | माननीय श्री महेन्द्रध्वज जि.सी. | सदस्य | नेपाली कांग्रेस |
| ८ | माननीय श्री महेश भट्टराई | सदस्य | नेपाली कांग्रेस |
| ९ | माननीय श्री राजकुमारी भुजेल | सदस्य | नेकपा एमाले |
| १० | माननीय श्री लील बहादुर थापा | सदस्य | नेकपा एमाले |
| ११ | माननीय श्री सरस्वती अर्याल | सदस्य | नेपाली कांग्रेस |
| १२ | माननीय श्री श्याम राजा महत | सदस्य | नेकपा एमाले |
| १३ | माननीय श्री हरिबहादुर चुमान (थप गर्न सिफारिश भएको) | सदस्य | नेकपा माओवादी |
| १४ | माननीय श्री सुरेन्द्रराज पाण्डे मन्त्री, कृषि, भूमि व्यवस्था मन्त्रालय | पदेन सदस्य | नेपाली कांग्रेस |
| १५ | माननीय श्री फणीन्द्र देवकोटा, मन्त्री, उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय | पदेन सदस्य | नेपाल समाजवादी पार्टी |
| १६ | माननीय श्री बिन्दु कुमार थापा, मन्त्री, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | पदेन सदस्य | नेपाली कांग्रेस |

## मिति २०८१।१२।२६ मा पुनर्गठित समिति

| क्र.सं. | नाम, थर | पदाधिकार | सम्बद्ध दल |
|---|---|---|---|
| १ | माननीय दमयन्ती रुचाल | सदस्य | नेकपा माओवादी |
| २ | माननीय श्री दिलमाया पौ.बि. | सदस्य | नेपाली कांग्रेस |
| ३ | माननीय श्री नम्डु गुरुङ | सदस्य | नेपाली कांग्रेस |
| ४ | माननीय श्री भक्त बहादुर कुँबर | सदस्य | नेकपा एमाले |
| ५ | माननीय श्री महेन्द्रध्वज जि.सी. | सदस्य | नेपाली कांग्रेस |
| ६ | माननीय श्री महेश भट्टराई | सदस्य | नेपाली कांग्रेस |
| ७ | माननीय श्री लील बहादुर थापा मगर | सदस्य | नेकपा एमाले |
| ८ | माननीय श्री सरस्वती अर्याल तिवारी | सदस्य | नेपाली कांग्रेस |
| ९ | माननीय श्री सुनिता थापा | सदस्य | नेपाली कांग्रेस |
| १० | माननीय श्री श्याम राजा महत | सदस्य | नेकपा एमाले |
| ११ | माननीय श्री हरिबहादुर चुमान | सदस्य | नेकपा माओवादी |
| १२ | माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डे, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | पदेन सदस्य | नेपाली कांग्रेस |
| १३ | माननीय मन्त्री श्री पद्मा जि.सी. श्रेष्ठ, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | | नेकपा एमाले |
| १४ | माननीय मन्त्री श्री बिन्दु कुमार थापा, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | पदेन सदस्य | नेपाली कांग्रेस |
| १५ | माननीय मन्त्री श्री कृष्ण प्रसाद पाठक, स्वास्थ्य मन्त्रालय | पदेन सदस्य | नेकपा एमाले |
| १६ | माननीय श्री फणीन्द्र देवकोटा, मन्त्री, उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय | पदेन सदस्य | नेपाल समाजवादी पार्टी |

**द्रष्टव्यः** माननीय मन्त्री श्री फणीन्द्र देवकोटा २०८२।०५।२४ गते बाट पदेन सदस्यबाट पदमुक्त हुनुभएको ।

## १.५. समिति सचिवालय

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १७१ मा समिति सचिवालयको व्यवस्था रहेको छ । उक्त नियममा प्रदेश सभा सचिवालय अन्तर्गत प्रत्येक समितिको सचिवालय रहने, प्रदेश सभा सचिव प्रत्येक समितिको पदेन सचिव हुने, सचिवले आफू मातहतको अधिकृतलाई सभाको कुनै समितिको सचिव भई काम गर्न तोक्न सक्ने र समितिको सचिवले समितिको कार्य सम्पादनमा सहयोग पुर्याउन सभापतिसँगको समन्वय गरी सम्बन्धित मन्त्रालय, विभाग वा निकायकसँग आवश्यक जानकारी माग गर्न सक्ने व्यवस्था गरेको छ । सोही व्यवस्था अनुसार सामाजिक विकास तथा कृषि समिति सचिवालयमा निम्नानुसारका कर्मचारी कार्यरत रहेका छन् ।

**आ.व. २०८०/८१ मा समिति सचिवालयमा कार्यरत रहेका कर्मचारीहरुको विवरणः**

| क्र.स. | पद | नाम थर | समिति सविवालयमा जिम्मेवारी |
|---|---|---|---|
| १ | प्रदेश सभा सचिव | श्री हरिराज पोखरेल | पदेन सचिव |
| २ | अधिकृत आठौं | श्री शशिधर सुबेदी | समिति सचिव |
| ३ | अधिकृत सातौं | श्री कमला पौडेल | सहायक कर्मचारी |
| ४ | अधिकृत छैठौं | श्री टंकप्रसाद शर्मा वाग्ले | सहायक कर्मचारी |
| ५ | माईक संचालक | श्री कल्पना त्रिपाठी | सहायक कर्मचारी |
| ५ | कार्यालय सहयोगी | श्री सुनिता मोक्तान राई | कार्यालय सहयोगी |

**हाल समिति सचिवालयमा कार्यरत रहेका कर्मचारीहरुको विवरणः**

| क्र.स. | पद | नाम थर | समिति सविवालयमा जिम्मेवारी |
|---|---|---|---|
| १ | प्रदेश सभा सचिव | श्री गोविन्द पौडेल | पदेन सचिव |
| २ | अधिकृत आठौं | श्री शशिधर सुबेदी | समिति सचिव |
| ३ | अधिकृत छैठौं | श्री हेमराज बराल | सहायक कर्मचारी |
| ४ | नायव सुब्बा | श्री श्याम प्रसाद तिवारी | सहायक कर्मचारी |
| ५ | नायव सुब्बा | श्री शुष्मा ढकाल | सहायक कर्मचारी |
| ६ | माईक संचालक | श्री कल्पना त्रिपाठी | सहायक कर्मचारी |
| ७ | कार्यालय सहयोगी | श्री विष्णुमाया विश्वकर्मा | कार्यालय सहयोगी |

# परिच्छेद दुई
# समितिले हालसम्म सम्पन्न गरेका मुख्य-मुख्य गतिविधि

## २.१. गतिविधि सारांश

गण्डकी प्रदेश सभाका विषयगत समिति मध्येको एक समिति सामाजिक विकास तथा कृषि समिति हो। प्रदेश सभा नियमावली, २०८० को नियम १५२ ले व्यवस्था गरे बमोजिम यो समिति गठन भई २०८० असोज १२ मा पहिलो बैठक बसे पश्चात आ.व. २०८०/०८१ को अन्त्य सम्म समितिको कार्यविधि निर्माण र "गण्डकी प्रदेशमा विउ विजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" तथा आ.व. २०८१/०८२ मा "जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक" र "गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" मा व्यापक छलफल पश्चात पारित तथा समितिसँग सम्बन्धित अन्य विषयहरुमा अध्ययन, विभिन्न निकाय तथा सरोकारवालहरुँग छलफल तथा आवश्यक निर्देशन दिने लगायतका कार्यहरु गरेको छ ।

समितिबाट आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालयले गरेका कार्यक्रमहरुको कारबाहीहरुको स्थलगत रुपमा अनुगमन तथा निरीक्षण तथा निगरानी गर्नु समितिको प्रमुख कार्य जिम्मेवारी समितिको रहेको छ सोही अनुसार प्रदेशको स्याङ्जा र नवलपरासी (ब.सु.पुर्व) जिल्लामा प्रदेश मातहत रहेका उर्जा तथा सिँचाईको आयोजनाहरुको विद्यमान अवस्था तथा स्वास्थ्य सेवा प्रवाहको अवस्था तथा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयबाट संचालित अनुदान कार्यक्रमहरु अन्तर्गत सुन्तला तथा आलु खेतीमा प्रदान गरिएको अनुदानको कार्यान्वयनको अवस्था, प्राप्त उपलब्धी, कार्यान्वयनमा रहेका समस्याको विषयमा उपरोक्त बमोजिमका जिल्लाहरुमा गई स्थलगत अनुमन तथा छलफल/अन्तर्क्रिया कार्यक्रम गरेको छ । यसका अतिरिक्त समितिले प्रदेश सरकारले गरेका कामकारवाहीका सम्बन्धमा अनुगमन तथा अध्ययन गरी दिएका निर्देशनहरुको संकलन गरी यो वार्षिक प्रतिवेदन समितिले प्रकाशन गरेको छ ।

त्यसै गरी समितिको क्षेत्राधिकार भित्र पर्ने मन्त्रालयहरुमा बजेट कार्यान्वयनको अवस्था, सेवा प्रवाहको अवस्था, कार्यक्रम कार्यान्वयनको अवस्था जस्ता विभिन्न क्षेत्रहरुका सन्दर्भमा सम्बन्धित मन्त्रालयका सचिवहरुसँग समेत छलफल गरी विभिन्न विषयमा निर्देशन दिएको छ।

## २.२. सामाजिक विकास तथा कृषि समितिको कार्यविधि, २०८० निर्माण

मिति २०८० साउन ३० गते प्रदेश सभाले समितिमा रहने सदस्यहरुको नामावली पारित गरेपछि मिति २०८० भदौ १२ गते समितिमा रहनुभएका जेष्ठ सदस्य माननीय विन्दुकुमार

थापाको अध्यक्षतामा पहिलो बैठक बसि समितिको कार्य प्रारम्भ भयो । तत्पश्चात यस समितिको कामकारवाही व्यवस्थित, अनुशासित तथा मर्यादित रुपमा सञ्चालन गर्न "सामाजिक विकास तथा कृषि समितिको कार्यविधि, २०८०" निर्माण गरी समितिमा प्रतिवेदन पेश गर्न समितिले माननीय फणीन्द्र देवकोटाको संयोजकत्वमा उपसमिति गठन गरेको थियो । उक्त उपसमितिले पेश गरेको कार्यविधिलाई समितिले २०८०।०६।०४ मा पारित गरी कार्यान्वयनमा ल्याएको छ । सो कार्यविधि अनुसूची -१ बमोजिम रहेको छ ।

## २.३. "गण्डकी प्रदेश विउँविजन सम्बन्धी विधेयक" माथि छलफल तथा प्रतिवेदन पेश

आ.व. २०८०/०८१ मा गण्डकी प्रदेश सभाले "गण्डकी प्रदेशमा विउ विजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" समितिमा दफावार छलफलका लागि पठाईकोमा सो विधेयकका सम्बन्धमा समितिले सम्बन्धित निकायका प्रमुख तथा प्रतिनीधहरु तथा सो विषयसँग सम्बन्धित क्षेत्रका विज्ञ सरोकारवालाहरु प्रतिनिधिहरुसँग समेत छलफल तथा अन्तर्क्रिया गरि विधेयकमा आवश्यकीय संशोधन सहित मिति २०८०।१०।१२ गते सभामा प्रतिवेदन पेश गरि सभाबाट सो विधेयक मिति २०८०।११।२१ मा पारित भई कानून कार्यान्वयनमा गएको अवस्था छ । उक्त विधेयक माथि समितिको प्रतिवेदन अनुसूची -२ बमोजिमको रहेको छ ।

## २.४. "जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक" माथि छलफल तथा प्रतिवेदन पेश

मिति २०८० साल फागुन २२ गते गण्डकी प्रदेश सभा सचिवालयमा दर्ता भएको मिति २०८१ साल असार १७ गते गण्डकी प्रदेश सभा समक्ष प्रस्तुत भई मिति २०८१ असार १८ गते सामान्य छलफल पश्चात मिति २०८१ भदौ २६ गते बसेको सभाको बैठकको निर्णय अनुसार दफावार छलफलका लागि सामाजिक विकास तथा कृषि समितिमा पठाइएको "जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सम्बन्धमा मिति २०८१ पौष महिनाको २१ र २२ गते, माघ महिनाको २४ गते र फागुन महिनाको ४, ५, ९, १९, २० र २२ गते समितिको बैठकमा दफावार छलफल भएको थियो। सो छलफलको क्रममा विधेयक उत्पन्न भएको कृषि, भूमी व्यवस्था तथा सहकारी मन्त्रालयका पदाधिकारी एवं कर्मचारीहरु, विधेयकको सम्बन्धमा संशोधन दर्ता गर्नुहुने संशोधनकर्ता माननीय सदस्यहरु, सम्बन्धित निकायका प्रमुख तथा प्रतिनिधिहरु र सो विषयसँग सम्बन्धित विषय विज्ञ तथा सरोकारवाला व्यक्ति एवं संघ-संस्थाहरुका प्रतिनिधिहरुसँग समेत छलफल तथा अन्तर्क्रिया गरि विधेयकमा आवश्यकीय संशोधन सहित मिति २०८१ फागुन २३ गते सभामा प्रतिवेदन पेश गरिएकोमा

मिति २०८१ चैत्र १० मा सभाबाट पारित भई मिति २०८२ बैशाख १० मा माननीय सभामुखबाट प्रमाणित तथा मिति २०८२ बैशाख १५ मा माननीय प्रदेश प्रमुखबाट प्रमाणिकरण भई कार्यान्वयनमा आएको छ । उक्त विधेयक माथि समितिको प्रतिवेदन अनुसूची -३ बमोजिमको रहेको छ ।

**२.५ "गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि छलफल तथा प्रतिवेदन पेशः**

मिति २०८१ साल फागुन २१ गते गण्डकी प्रदेश सभा सचिवालयमा दर्ता भई मिति २०८१ साल फागुन २३ गते गण्डकी प्रदेश सभामा प्रस्तुत भई मिति २०८१ चैत्र ११ गते सामान्य छलफल पश्चात मिति २०८१ चैत्र १५ गते बसेको सभाको बैठकको निर्णय अनुसार दफावार छलफलका लागि सामाजिक विकास तथा कृषि समितिमा पठाइएको "गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सम्बन्धमा मिति २०८२ बैशाख महिनाको ८, ९ र १५ गते, जेठ महिनाको १२, १५ र २२ गते समितिको बैठकमा दफावार छलफल भएको थियो। सो छलफलको क्रममा विधेयक उत्पन्न भएको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका पदाधिकारी एवं कर्मचारीहरु, विधेयकको सम्बन्धमा संशोधन दर्ता गर्नुहुने संशोधनकर्ता माननीय सदस्यहरु, सम्बन्धित निकायका प्रमुख तथा प्रतिनिधिहरु र सो विषयसँग सम्बन्धित विषय विज्ञ तथा सरोकारवाला व्यक्ति एवं संघ-संस्थाहरुका प्रतिनिधिहरुसँग समेत छलफल तथा अन्तर्क्रिया गरि विधेयकमा आवश्यकीय संशोधन सहित मिति २०८२ जेठ २३ गते सभामा प्रतिवेदन पेश गरिएकोमा मिति २०८२ असार २४ मा सभाबाट पारित भई मिति २०८२ साउन ११ मा माननीय सभामुखबाट प्रमाणित तथा मिति २०८२ साउन १९ मा माननीय प्रदेश प्रमुखबाट प्रमाणिकरण भई कार्यान्वयनमा आएको छ । उक्त विधेयक माथी समितिको प्रतिवेदन अनुसूची -४ बमोजिमको रहेको छ ।

**२.६ स्थलगत अनुगमन तथा अन्तर्क्रिया कार्यक्रमः**

समितिबाट आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालयले गरेका कार्यक्रमहरुको कारबाहीहरुको स्थलगत रुपमा अनुगमन तथा निरीक्षण तथा निगरानी तथा कृषि, भुमिव्यवस्था तथा सहकारी मन्त्रालयको कृषि अनुदान कार्यक्रम अन्तर्गत स्याङ्जा र नवलपरासी (ब.सु.पुर्व) जिल्लामा सुन्तला र आलु खेतिको लागि वितरण गरेको अनुदानको कार्यान्वयनको अवस्था तथा उपलब्धी मापन गर्न मिति २०८१ पौष २८ गते देखि माघ २ गते सम्म सो जिल्लाहरुमा

स्थलगत अनुगमन गरी सो को प्रतिवेदन पेश गरेको छ । उक्त अनुगमन कार्यक्रमको प्रतिवेदन अनुसूची -५ बमोजिमको रहेको छ ।

## २.७ अन्तरप्रदेश अनुभव आदान प्रदान तथा अन्तर्क्रिया कार्यक्रम

प्रदेश सभाका समितिको कार्यप्रणाली, नीति निर्माणमा समितिको भूमिका, सरकारी बजेट कार्यान्वयनको अनुगमनका विभिन्न पक्षमा आ-आफ्ना अनुभवहरू साटासाट गर्ने उद्देश्यले विभिन्न मितिमा सामाजिक विकास तथा कृषि समितिको कार्यक्षेत्रसँग मिल्ने विषय हेर्ने अन्य प्रदेशका समितिहरुसँग अनुभव आदान प्रदान तथा अन्तर्किया कार्यक्रमहरु गरिएको । सो कार्यक्रमहरुमा समितिका सभापति तथा सदस्यहरूले संसदीय शिष्टाचार, समिति बैठक सञ्चालनका चुनौतीहरू, सर्वदलीय सहमति निर्माणका उपायहरू तथा जनताको गुनासो सम्बोधन गर्दा अपनाउनुपर्ने संवेदनशील पक्षहरूमा विस्तृत छलफल भयो । समितिमा सामाजिक विकासका विषयगत क्षेत्र शिक्षा, स्वास्थ्य, उर्जा, खानेपानी तथा कृषिमा भएका राम्रा अभ्यासहरू र कानुन निर्माणका प्रक्रियागत पक्षहरू पनि समीक्षा गरिएको थियो। यस्ता अन्तर्क्रियाले आपसी सिकाइलाई प्रोत्साहन मात्र नभई भविष्यमा अन्तर-प्रदेश समन्वय र साझा चुनौतीहरूको सामूहिक समाधानका लागि समेत आधार तयार गरेकोछ। कार्यक्रमले समितिको कार्यक्षमता अभिवृद्धि र संसदीय अभ्यासलाई थप प्रभावकारी बनाउन योगदान पुर्याउने विश्वास व्यक्त गरिएको थियो।देहाय अनुसारका अन्य प्रदेशका विषयगत समितिहरुसँग कार्यक्रमहरु भएको थियो ।

### (क) लुम्बिनी प्रदेश सभा, सामाजिक विकास समितिसँग अन्तर्क्रिया कार्यक्रम

मिति २०८१ साल चैत्र २७ मा लुम्बिनी प्रदेश सभा, सामाजिक विकास समितिका माननीय सभापति याम बहादुर नेपालीज्यूको नेतृत्वमा सो समितिका माननीय सदस्यज्यूहरु समेतको टोली तथा गण्डकी प्रदेश सभा, सामाजिक विकास तथा कृषि समितिका जेष्ठ सदस्य माननीय श्री महेन्द्र ध्वज जि.सी. तथा समितिका माननीय सदस्यज्यूहरु बिच गण्डकी प्रदेश सभा, सामाजिक विकास तथा कृषि समितिका जेष्ठ सदस्यज्यूको अध्यक्षतामा गण्डकी प्रदेश सभा सामाजिक विकास तथा कृषि समितिको बैठक कक्षमा अनुभव आदान-प्रदान तथा अन्तर्क्रिया कार्यक्रम गरिएको ।

### (ख) मधेश प्रदेश सभा, महिला बालबालिका तथा सामाजिक न्याय समितिसँग अन्तर्क्रिया कार्यक्रमः

मिति २०८२।०३।१० मा मधेश प्रदेश सभा, महिला बालबालिका तथा सामाजिक न्याय समितिका माननीय सभापति रुपा कुमारी यादवज्यूको नेतृत्वमा सो समितिका माननीय सदस्यज्यूहरु समेतको टोली तथा गण्डकी प्रदेश सभा, सामाजिक विकास तथा कृषि समितिका सभापति माननीय श्री दमयन्ती रुचाल तथा समितिका माननीय सदस्यज्यूहरु बिच गण्डकी प्रदेश सभा, सामाजिक विकास तथा कृषि समितिका

सभापतिज्यूको अध्यक्षतामा गण्डकी प्रदेश सभा सामाजिक विकास तथा कृषि समितिको बैठक कक्षमा अनुभव आदान-प्रदान तथा अन्तर्क्रिया कार्यक्रम गरिएको ।

**(ग) कर्णाली प्रदेश सभा, सामाजिक विकास समितिसँग अन्तर्क्रिया कार्यक्रमः**

मिति २०८२ बैशाख २९ मा कर्णाली प्रदेश सभा, सामाजिक विकास समितिका माननीय सभापति श्री पूर्ण बहादुर खत्रीज्यू र समितिका माननीय सदस्यज्यूहरु तथा गण्डकी प्रदेश सभा, सामाजिक विकास तथा कृषि समितिका जेष्ठ सदस्य (सभापति) माननीय श्री महेन्द्र ध्वज जि.सी. तथा समितिका माननीय सदस्यज्यूहरु बिच कर्णाली प्रदेश सभा, सामाजिक विकास समितिका माननीय सभापति श्री पूर्ण बहादुर खत्रीज्यूको अध्यक्षतामा कर्णाली प्रदेश सभा सामाजिक विकास समितिको बैठक कक्षमा अनुभव आदान-प्रदान तथा अन्तर्क्रिया कार्यक्रम गरिएको ।

**(घ) लुम्बिनी प्रदेश सभा, सामाजिक विकास समितिसँग अन्तर्क्रिया कार्यक्रमः**

मिति २०८२ जेठ २ मा गण्डकी प्रदेश सभा, सामाजिक विकास तथा कृषि समितिका जेष्ठ सदस्य (सभापति) माननीय श्री महेन्द्र ध्वज जि.सी. तथा समितिका माननीय सदस्यज्यूहरु र लुम्बिनी प्रदेश सभा सामाजिक विकास समिति बिच लुम्बिनी प्रदेश सभा, सामाजिक विकास समितिका सभापति श्री याम बहादुर नेपालीज्यूको अध्यक्षतामा लुम्बिनी प्रदेश सभा सामाजिक विकास समितिको बैठक कक्षमा अनुभव आदान-प्रदान तथा अन्तर्क्रिया कार्यक्रम गरिएको थियो ।

कर्णाली प्रदेश सभा तथा लुम्बिनी प्रदेश सभाका यस समितिको कार्यक्षेत्र मिल्ने समितिहरुसँग भएको अनुभव आदान-प्रदान तथा अन्तर्क्रिया कार्यक्रम अनुसूची ६ मा रहेको छ ।

## २.८ समिति/उपसमितिको बैठक सम्बन्धी विवरण

**समिति तर्फ (आ.व.२०८०/०८१)**

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| १ | २०८०।०५।१२ | • सामाजिक विकास तथा कृषि समितिको कार्यविधि निर्माणका लागि पाँच सदस्यीय उपसमितिको गठन गर्ने ।<br>• सामाजिक विकास तथा कृषि समितिको कार्यविधि निर्माणका लागि आजका मिति देखि १५ दिनको कार्यावधि तोक्ने (मिति २०८०।०५। २७ गते सम्म) ।<br>• उपसमितिको बैठकले उपसमितिको संयोजक तोक्ने । गण्डकी प्रदेश सभा, सामाजिक विकास तथा कृषि समितिका |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | सचिवलाई कार्यविधि निर्माण उपसमितिको सदस्य सचिव तोक्ने। |
| २ | २०८०।०५।२९ | • सामाजिक विकास तथा कृषि समितिको कार्यविधि निर्माणको लागि गठित उपसमितिलाई कार्यविधि निर्माण गरी समिति समक्ष पेश गर्न दिइएको १५ दिनको समयावधि २०८०।०५।२७ गते सकिएको र सो दिन समितिको बैठक स्थगन भएको हुँदा उपसमितिले निर्माण गरेको मस्यौदा कार्यविधि पेश गर्न नपाएकाले ३ दिन समयावधि थप गर्न उपसमितिका संयोजकले आग्रह गर्नुभएकोमा समितिले ३ दिन समयावधि थप गर्ने ।<br>• उपसमितिका तर्फबाट संयोजकले पेश गर्नुभएको प्रतिवेदन सहितको कार्यविधिको मस्यौदा अध्ययन गरी सुझाव सहित आगामी बैठकमा उपस्थित हुने । |
| ३ | २०८०।०६।०४ | • सामाजिक विकास तथा कृषि समितिको कार्यविधि निर्माणको लागि गठित उपसमितिले सामाजिक विकास तथा कृषि समिति समक्ष पेश गरेको कार्यविधि उपर विस्तृत छलफल भई सो कार्यविधि सामान्य परिमार्जन सहित पारित गर्ने । |
| ४ | २०८०।०६।२१ | • समितिका माननीय सदस्य श्री फणीन्द्र देवकोटा सर्वसम्मत रुपमा समितिको सभापति निर्वाचित हुनुभएकोमा नवनियुक्त सभापतिलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिने । |
| ५ | २०८०।०६।२१ | • नवनिर्वाचित समितिका सभापतिबाट समिति गठन उप्रान्त समितिका माननीय जेष्ठ सदस्य विन्दु कुमार थापाले सभापतिका हैसियतमा समितिका विगत बैठकहरु संचालन र कार्यविधि निर्माणमा खेल्नु भएको महत्वपूर्ण भूमिकाका लागि वहाँलाई यो बैठक हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।<br>• समितिका माननीय सदस्यहरुको सल्लाह सुझाव वमोजिम समितिको काम कारवाहीलाई अझ प्रभावकारी बनाउने र समितिको बैठक नियमित रुपमा बस्ने । |
| ६ | २०८०।०७।१७ | • प्रदेश सभा बैठकमा पेश भई छलफलका लागि समितिमा |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | प्राप्त भएका विधेयकका सम्बन्धमा समितिले तपसिल बमोजिमका प्रकृया पुरा गरी प्रदेश सभामा पठाउने निर्णय गरियो ।<br>क) विधेयक उपर उठेका सैद्धान्तिक विषयमा छलफल/समिक्षा,<br>ख) विधेयक उत्पन्न भएको मन्त्रालय/निकायका पदाधिकारी, कर्मचारीसँग छलफल र अन्तर्क्रिया,<br>ग) सशोधन प्रस्ताव दर्ता गराउने माननीय सदस्यसँग छलफल/संशोधनमा तथ्य सहित प्रतिरक्षा,<br>घ) सम्बन्धित विषय विज्ञहरुसँग छलफल/अन्तरक्रिया,<br>ङ) सरोकारवाला संघ संस्था, व्यक्ति तथा नागरिकसँग अन्तर्क्रिया,<br>च) स्वार्थ बाझिने विषयको अध्ययन (Conflict of Interest Study),<br>छ) उपसमिति गठन गरी अन्तराष्ट्रिय असल अभ्यासका सम्बन्धमा छलफल,<br>ज) समितिमा दफावार छलफल,<br>झ) प्रतिवेदन तयार गरी सदनमा प्रस्तुत गर्ने ।<br>• प्रदेश सभा बैठकबाट छलफलका लागि सामाजिक विकास तथा कृषि समितिमा प्राप्त भएको बीउ बिजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकका सम्बन्धमा सैद्धान्तिक छलफलमा उठेका विषयका सम्बन्धमा छलफल हुँदा विधेयक आवश्यक रहेको र यसमा गंभीरतापूर्वक छलफल गर्दै छलफलबाट निस्केका निष्कर्षलाई राय सुझावसहित प्रकृयामा अगाडि बढाउने निर्णय गरियो । |
| ७ | २०८०।०८।१२ | • समितिका माननीय सभापति लगायत माननीय सदस्यहरु र कृषि तथा भूमि व्यवस्था मन्त्रालयका सचिव लगायत विद्येयक ड्राफ्ट कमिटीसँगको गहन छलफलमा उठेका |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | बिषयमा विधेयकलाई प्राप्त उपयुक्त सुझाव सहित अझ परिमार्जन गर्दै प्रकृयामा लैजाने निर्णय गरियो।<br>• पश्चिम नेपालको जाजरकोट केन्द्र विन्दु बनाई गएको भूकम्पमा परी ज्यान गुमाउनेहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ । साथै भूकम्पका कारण घरबार विहीन भएकाहरुको पुनरस्थापनाका लागि नेपाल सरकारलाई आग्रह गर्ने । |
| ८ | २०८०।०८।१५ | • बीउ बिजन विधेयकमा परेको संशोधनका सम्बन्धमा छलफल हुँदा केही विषयहरु छुटेकाले थप गर्नुपर्ने र केही संशोधन गर्नुपर्ने समेत देखिएकले पेश भएको संशोधनलाई थप छलफल सहित अघि बढाउने निर्णय गरियो । |
| ९ | २०८०।०८।२७ | • गण्डकी प्रदेश सभाको मिति २०८०/०६/११ गतेको बैठकबाट यस समितिमा प्राप्त हुन आएको "गण्डकी प्रदेशमा बीउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक" उपर बीउ बिजन क्षेत्रका विज्ञ श्री मदन थापा, श्री बालकृष्ण गिरी ,श्री बेनी बहादुर बस्नेत लगायतसँग छलफल गरी विधेयक उपर राय सुझाव संकलन गरियो।<br>• "गण्डकी प्रदेशमा बीउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक" उपर समितिमा उपस्थित भई महत्वपूर्ण राय सुझाव दिनुभएका विज्ञहरुलाई हार्दिक धन्यवाद ज्ञापन गरियो। |
| १० | २०८०।०९।०५ | • गण्डकी प्रदेश सभाको मिति २०८०/०६/११ गतेको बैठकबाट यस समितिमा प्राप्त हुन आएको "गण्डकी प्रदेशमा बीउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक" उपर बीउ बिजन क्षेत्रका सरोकारवालाहरुसँग छलफल गरी विधेयक उपर राय सुझाव संकलन गरियो।<br>• "गण्डकी प्रदेशमा बीउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक" उपर समितिमा उपस्थित भई १९ जना सरोकारवालाहरुले राय सुझाव दिनुभएकोले सोको लागि सबै सरोकारवालाहरुलाई समितिको तर्फबाट धन्यवाद ज्ञापन गरियो। |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| ११ | २०८०।०९।१७ | • "गण्डकी प्रदेशमा बीउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक" सम्बन्धमा विभिन्न चरणमा बीउ बिजन क्षेत्रका विज्ञ तथा सरोकारवालासँग छलफल गरी संकलन गरिएका राय सुझाव सहित विधेयक उपर दफावार छलफल गरियो।<br>• विगतमा महामारीको रुपमा फैलिएको पशुचौपायामा लाग्ने लम्पी स्कीन रोगको संक्रमण विस्तारै मात्रामा बढ्न गएको भनी कृषि क्षेत्रका विज्ञ तथा सरोकारवालाहरुबाट जानकारीमा आएकोले सो सम्बन्धमा यस समितिको गम्भीर ध्यानाकर्षण भएको हुँदा रोगको जोखिमतालाई मध्यनजर गरी संक्रमणको वास्तविक अवस्था अध्ययन गर्न तथा संक्रमण फैलन नदिन आवश्यक व्यवस्थापकीय कार्य गर्नको लागि गण्डकी प्रदेश सरकार, कृषि तथा भूमि व्यवस्था मन्त्रालयलाई निर्देशन दिने । |
| १२ | २०८०।०९।२५ | • "गण्डकी प्रदेशमा बीउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक" सम्बन्धमा विभिन्न चरणमा बीउ बिजन क्षेत्रका विज्ञ तथा सरोकारवालासँग छलफल गरी संकलन गरिएका राय सुझाव सहित विधेयक उपर दफावार छलफल गरियो। |
| १३ | २०८०।०९।२६ | • "गण्डकी प्रदेशमा बीउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक" सम्बन्धमा विभिन्न चरणमा बीउ बिजन क्षेत्रका विज्ञ तथा सरोकारवालासँग छलफल गरी संकलन गरिएका राय सुझाव सहित विधेयक उपर दफावार छलफल गरियो।<br>• समितिको आगामी कार्ययोजनाका सम्बन्धमा छलफल गरियो। |
| १४ | २०८०।१०।०९ | • गण्डकी प्रदेशमा बीउ विजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक" २०८० सम्बन्धी मा प्रतिवेदन उपर छलफल गरियो।<br>• उक्त प्रतिवेदनमा सुधार गर्नुपर्ने विषयलाई समावेस गरी परिमार्जित प्रतिवेदन समितिको आगामी बैठकमा पेश गर्न सचिवालयलाई निर्देशन दिने। |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | • सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्य सम्बन्धी विषयमा वार्षिक नीति कार्यक्रम र बजेटले समावेश गरेका कार्यक्रमहरुको हालसम्मको कार्यान्वयनको अवस्था स्वास्थ्य क्षेत्रको हालसम्मको प्रगति विवरण सहित सम्बन्धित मन्त्रालयलाई आगामी बैंकमा प्रस्तुति सहित सहभागी हुनका लागि पत्राचार गर्न सचिवालयलाई निर्देशन दिने। |
| १५ | २०८०।१०।१२ | • गण्डकी प्रदेश सभाको मिति २०८०/०६/११ गतेको बैठकको निर्णयबाट यस समितिमा प्राप्त हुन आएको "गण्डकी प्रदेशमा बीउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक" का सम्बन्धमा देहायबमोजिम संशोधन गर्नेः-<br>१. गण्डकी प्रदेशमा वीउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०८० (यसपछि "विधेयक" भनिएको) को प्रस्तावनामा रहेका "उत्पादन, प्रशोधन तथा परीक्षण" भन्ने शब्दहरुको सट्टा "उत्पादन, परीक्षण, प्रशोधन तथा नियमन" भन्ने शब्दहरु राख्ने।<br>२. विधेयकको दफा २ को,-<br>(१) खण्ड (छ) मा रहेको "नगदे" भन्ने शब्द पछि "कन्दमूल" भन्ने शब्द थप गर्ने।<br>(२) खण्ड (ढ) मा रहेका "सूचीकृत वीउ बिजन" भन्ने शब्दहरुको सट्टा "सूचीत बीउ बिजन" भन्ने शब्दहरु राख्ने र<br>(३) देहाय बमोजिमका परिभाषा थप गरी वर्णानुक्रम मिलाउनेः-<br>(क) "किसिम" भन्नाले एकै नामद्वारा चिनिएका वा चिनिन सक्ने कुनै वनस्पतिको सबै जातमूल (स्पेसिज्) तथा उपजातमूल (सवस्पेसिज्) सम्झनु पर्छ।<br>(ख) "सामुदायिक बीउ विजन बैङ्क" भन्नाले रैथाने तथा स्थानीय बालीको यथास्थान संरक्षण, उपयोग तथा प्रबर्धन गर्ने उद्देश्यले कृषक समूह वा सहकारीले सामुहिक रुपमा व्यवस्थापन गरी राखेको बीउको |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | भण्डार सम्झनु पर्छ।<br>(ग) "भाँडो (कन्टेनर)" भन्नाले बाकस, टिनको बट्टा, शीशी, थैली, बोरा, भकारी, व्यारेल वा अन्य यस्तै बीउ बिजन राख्न प्रयोग गरिने भाँडो सम्झनु पर्छ।<br>३. विधेयकको दफा ३ को,-<br>(१) उपदफा (१) को खण्ड (छ) मा रहेका "बीउ बिजन" भन्ने शब्दहरु पछि "उद्दमी र" भन्ने शब्दहरु थप गर्ने।<br>(२) उपदफा (१) को खण्ड (ज) मा रहेका "बीउ उत्पादन" भन्ने शब्दहरुको सट्टा "बीउ बिजन उत्पादक" भन्ने शब्दहरु राख्ने।<br>४. विधेयकको दफा ४ को,-<br>(१) उपदफा (१) मा रहेका "कम्तीमा दुई पटक" भन्ने शब्दहरुको सट्टा "कम्तीमा तीन पटक" भन्ने शब्दहरु राख्ने।<br>(२) उपदफा (३) मा रहेका "पचास प्रतिशत" भन्ने शब्दहरुको सट्टा "कम्तीमा एकाउन्न प्रतिशत" भन्ने शब्दहरु राख्ने।<br>५. विधेयकको दफा ५ को,-<br>१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-<br>"(ख) बीउ बिजन उत्पादन, प्रशोधन, भण्डारण तथा वितरण कार्यमा संघीय सरकारी निकाय, स्थानीय तह, संस्था र अन्य सरोकारवाला निकायबीच आवश्यक समन्वय कायम गर्ने।<br>(२) खण्ड (झ) मा रहेका "संरक्षणका लागि प्रदेशस्तरमा" भन्ने शब्दहरुको सट्टा "संरक्षण, संवर्द्धन र प्रबर्धनका लागि" भन्ने शब्दहरु राख्ने।<br>(३) खण्ड (झ) पछि देहायको खण्ड (ञ) थप गरी त्यसपछिका खण्डको क्रम मिलाउनेः-<br>"(अ) प्रदेशमा आवश्यक पर्ने गुणस्तरीय बीउ बिजनको उत्पादन, उपलब्धता र माग आपूर्तीको सुनिश्चित गर्ने |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | आवश्यक योजना र प्रदेश स्तरीय बीउ बिजन वासलात तयार गरी लागु गर्ने, गराउने,"<br>६. विधेयकको दफा ५ पछि देहायको दफा ६ थप गरी त्यसपछिका दफाको क्रम मिलाउनेः-<br>"६. सामुदायिक बीउ बिजन बैङ्कः (१) स्थानीय तथा रैथाने बालीको बीउ बिजनमा कृषक अधिकार र खाद्य सम्प्रभुताको हक सुनिश्चितता गर्न, स्थानीय स्तरमा आवश्यक पर्ने विभिन्न बालीका गुणस्तरीय बीउ बिजन उपलब्ध गराउन र स्थानीय तथा रैथाने बालीको संरक्षण एवम् प्रबर्धन गर्न कृषक समूह वा सहकारीले सामुदायिक बीउ बिजन बैङ्क स्थापना गर्न सक्नेछन् ।<br>(२) सामुदायिक बीउ बिजन बैङ्क स्थापना तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।<br>७. विधेयकको साबिक दफा ६ दफाक्रम मिलाउँदा कायम हुने दफा ७ को उपदफा (१) मा रहेका "बीउ बिजन उत्पादन, प्रशोधन" भन्ने शब्दहरु पछि "भण्डारण" भन्ने शब्द थप गर्ने।<br>८. विधेयकको साविक दफा ७ दफाक्रम मिलाउँदा कायम हुने दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः-<br>"८. प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रः (१) यो ऐन प्रारम्भ भए पश्चात प्रदेश बीउ बिजन प्रयोगशाला प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको रुपमा रुपान्तरण हुनेछ। (२) बीउ बिजन परीक्षण, गुणस्तर नियन्त्रण र तत्सम्बन्धी अन्य कार्य प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रले गर्नेछ।"<br>९. विधेयकको साबिक दफा ८ दफाक्रम मिलाउँदा कायम हुने दफा ९ पछि देहायको दफा १० थप गरी त्यसपछिका दफाको क्रम मिलाउनेः- "१०. बीउ बिजन परीक्षण प्रयोगशाला स्थापना गर्न सक्नेः<br>(१) बीउ बिजनको परीक्षण र तत्सम्बन्धी अन्य कार्य गर्नको लागि संघीय ऐनमा व्यवस्था भएको मापदण्ड बमोजिम स्थानीय तह वा कुनै व्यक्ति वा संघ संस्थाले |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | बीउ बिजन परीक्षण प्रयोगशालाको स्थापना गर्न सक्नेछन् ।<br>(२) उपदफा (१) बमोजिमको प्रयोगशाला स्थापना गर्न अनुमतिका लागि तोकिएको दस्तुर तिरी तोकिए बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनुपर्नेछ ।<br>(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर समितिले अध्ययन गरी उपयुक्त देखेमा तोकिएबमोजिमको शर्तको अधिनमा रही समितिले प्रयोगशालाको स्थापना र सञ्चालन गर्न अनुमति दिनेछ ।<br>(४) उपदफा (१) बमोजिमको प्रयोगशालाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।<br>(५) उपदफा (१) बमोजिमको प्रयोगशालाको रेखदेख, नियन्त्रण तथा नवीकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।<br>१०. विधेयकको साबिक दफा ९ दफाक्रम मिलाउँदा कायम हुने दफा ११ को,-<br>(१) उपदफा (१) मा रहेको "चाहेमा" भन्ने शब्द को सट्टा "आवश्यक ठानेमा" भन्ने शब्दहरु राख्ने।<br>(२) उपदफा (३) मा रहेका "सूचित बीउ बिजन वा पञ्जीकृत बिउ बिजन" भन्ने शब्दहरुको सट्टा "सूचित वा पञ्जीकृत बीउ बिजन" भन्ने शब्दहरु राख्ने।<br>(३) उपदफा (४) मा रहेको "पञ्जीकृत" भन्ने शब्दको सट्टा "सूचित वा पञ्जीकृत" भन्ने शब्दहरु राख्ने ।<br>४) उपदफा (५) मा रहेको "बमोजिम" भन्ने शब्द पछि "सूचीत वा" भन्ने शब्दहरु राख्ने।<br>५) उपदफा (६) मा रहेका "बीउ बिजनको जात सूचित गर्ने वा पञ्जीकरण गर्ने" भन्ने शब्दहरुको सट्टा "बीउ बिजनको जात सूचित वा पञ्जीकरण गर्ने" भन्ने शब्दहरु राख्ने।<br>११. विधेयकको साविक दफा १० दफाक्रम मिलाउँदा कायम हुने दफा १२ मा रहेका " दफा ९" भन्ने शब्दको सट्टा |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | "दफा ११" भन्ने शब्दहरु राख्ने।<br>१२. विधेयकको साबिक दफा ११ दफाक्रम मिलाउँदा कायम हुने दफा १३ को.-<br>(१) उपदफा (१) मा रहेका "बीउ बिजनको" भन्ने शब्दहरु पछि "उत्पादन तथा" भन्ने शब्द थप गर्ने।<br>(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः-<br>"(२) उपदफा (१) बमोजिमको प्रक्रिया पुरा गरेर मात्र बीउ बिजन बिक्री वितरण गर्नु पर्नेछ।"<br>१३. विधेयकको साबिक दफा १२ दफाक्रम मिलाउँदा कायम हुने दफा १४ को उपदफा (१) मा रहेको "हुँदैन" भन्ने शब्दको सट्टा "पाइने छैन" भन्ने शब्दहरु राख्ने।<br>१४. विधेययको साबिक दफा १६ दफाक्रम मिलाउँदा कायम हुने दफा १८ को उपदफा (१) मा रहेका "तोक्न सक्नेछ" भन्ने शब्दहरुको सट्टा "नियुक्त गर्न वा तोक्न सक्नेछ" भन्ने शब्दहरु राख्ने।<br>१५. विधेयकको साबिक दफा १९ दफाक्रम मिलाउँदा कायम हुने दफा २१ पछि देहायको दफा २२ थप गर्नेः-<br>"२२. क्षतिपुर्ति र दण्ड सजायः क्षतिपुर्ति र दण्ड सजाय सम्बन्धी व्यवस्था संघीय ऐन र प्रचलित कानून बमोजिम हुनेछ ।"<br>१६. विधेयकको साबिक दफा २१ दफाक्रम मिलाउँदा कायम हुने दफा २४ को सट्टा देहायबमोजिमका दफा २४ र दफा २५ राख्ने।<br>"२४. नियम बनाउने अधिकारः यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।<br>२५. निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्नेः<br>(१) यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही प्रदेश सरकारले आवश्यक निर्देशिका र कार्यविधि बनाउन सक्नेछ ।<br>(२) यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
| --- | --- | --- |
| | | अधिनमा रही मन्त्रालयले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ।"<br>• प्रस्तुत विधेयकको संशोधन प्रतिवेदन सभाको आगामी बैठकमा पेस गर्ने।<br>• सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयसँग सम्बन्धित चालु आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम र बजेटले समावेश गरेका कार्यक्रमहरुको हालसम्मको कार्यान्वयनको अवस्था र मन्त्रालयको स्वास्थ्य क्षेत्रको हालसम्मको प्रगति विवरण सहित मन्त्रालयको तर्फबाट प्रस्तुतीकरण भयो र सो सम्बन्धमा छलफल गरियो।<br>• समितिको अर्को बैठक मिति २०८० साल माघ महिनाको १४ गते बिहान ८.०० बजे बस्ने । |
| १६ | २०८०।१०।१४ | • सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयसँग सम्बन्धित चालु आ.ब. २०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम र बजेटले समावेश गरेका कार्यक्रमहरुको हालसम्मको कार्यान्वयनको अवस्था र मन्त्रालयको स्वास्थ्य क्षेत्रको हालसम्मको प्रगति विवरण सहित मन्त्रालयको तर्फबाट समितिमा प्रस्तुतीकरण भयो।<br>• समितिमा मन्त्रालयको तर्फबाट भएको उक्त प्रस्तुतीकरण सम्बन्धमा छलफल गरियो र सो सम्बन्धमा सम्बन्धित मन्त्रालय र गण्डकी प्रदेश सरकारलाई देहायबमोजिम निर्देशन दिने निर्णय गरियोः-<br>**<u>सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयलाई निर्देशनः-</u>**<br>१. मुटु रोगसँग सम्बन्धित विशिष्टिकृत अस्पताल स्थापना सम्बन्धमा जग्गा प्राप्तिका लागि उच्चस्तरीय सम्भाव्यता अध्ययन समिति गठन गरी सो सम्बन्धमा कार्य गर्न।<br>२. मृगौला रोगको उपचारमा डायलाइसिसको लागि कुनै अस्पतालमा लामो समय पालो कुर्नुपर्ने अवस्था रहेकोले बिरामीले डायलाइसिसको लागि पालो कुर्नु नपर्ने व्यवस्था मिलाउन साथै कुनै अस्पतालमा बिरामी कम गई स्रोत |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
| --- | --- | --- |
| | | साधनको उचित प्रयोग हुन नसकेको विषयमा डायलाइसिस सेवा दिने अस्पतालको सेवाको क्षमताको एकीन गरी सबै अस्पतालमा सहज रुपमा सेवा लिन सकिने गरी व्यवस्था मिलाउन।<br>३. स्वास्थ्य संस्थामा बिग्रेका मेसिन तथा उपकरणको अवस्था पहिचान गरी वर्गीकरण गर्न र मर्मत तथा सम्भार गरेर प्रयोगमा ल्याउन सकिने उपकरणको तत्काल मर्मत गरेर प्रयोगमा ल्याई स्वास्थ्य सेवालाई प्रभावकारी बनाउने व्यवस्था मिलाउन।<br>४.सरकारबाट निशूल्क वितरण गरिँदै आएका औषधिको गुणस्तरका सम्बन्धमा आएको जनगुनासो लाई सम्बोधन हुने गरी निशूल्क वितरण हुने औषधिको गुणस्तर मापन गर्ने र सर्वसुलभ पहुँचको व्यवस्था मिलाउन।<br>५. दुर्गम क्षेत्रमा विशेषज्ञ चिकित्सकको अभावलाई समाधान गर्न जिल्लागत रुपमा सङ्ख्या निर्धारण गरी छात्रवृत्तिमा अध्ययनको व्यवस्था र छात्रवृत्तिबाट अध्ययन गरेकोले न्यूनतम पाँच वर्ष सोही जिल्लामा सेवा गर्नुपर्ने प्रावधान सहितको छात्रवृत्ति कार्यक्रम लागु गर्न आवश्यक नीतिगत प्रबन्ध गर्न।<br>६. प्रदेशमा चिकित्सक तथा विशेषज्ञ चिकित्सकलाई टिकाइ राख्न विशेष प्रोत्साहन भत्ताको व्यवस्था गर्न आवश्यक पहल गर्न।<br>७. प्रदेश सरकार मातहतका अस्पतालहरुको स्तरोन्नति गर्नको लागि आवश्यक पर्ने बजेट आगामी आ.व. को बजेटमा विनियोजन गर्न प्राथमिकता दिन।<br>८.प्रदेश भित्रका स्वास्थ्य संस्थाहरुमा निशूल्क वितरण गरिएको स्यानिटरी प्याडको गुणस्तरका सम्बन्धमा आएको गुनासो लाई सम्बोधन हुने गरी गुणस्तरीय स्यानिटरी प्याडको सहज वितरणको व्यवस्था मिलाउन। |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | ९. प्रदेश सरकार मातहतका अस्पतालहरुमा पुरानो दरबन्दी तेरिज र संगठन संरचना भएका कारण आवश्यक जनशक्तिको आपूर्ति र व्यवस्थापनमा देखिएको समस्या समाधानको लागि संगठनको कार्यक्रम, कार्यबोझ र कार्यप्रकृतिको बिश्लेषण गरी अस्पतालहरुको समयसापेक्ष संगठन तथा व्यवस्थापन सर्वेक्षण (O and M) गराई जनशक्तिको व्यवस्थापनलाई प्रभावकारी बनाउन।<br><br>**<u>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशनः-</u>**<br><br>• मनाङ, मुस्ताङ र गोरखा जिल्लाका उत्तरी भेगमा आपतकालिन उपचारको लागि एयर एम्बुलेन्स मार्फत उद्धार कार्य गर्न नेपाल सरकार, गृह मन्त्रालयको अनुमति लिनुपर्ने प्राबधानले उद्धार कार्यमा ढिलाई हुन गई मानवीय क्षति समेत हुनसक्ने अवस्था रहेकोले सोको लागि संघीय सरकारको अनुमति लिनु नपर्ने व्यवस्था मिलाउन संघीय सरकारसँग आवश्यक समन्वय र पहल गर्न।<br>• समितिले निर्देश गरेअनुरुप निर्देशनको कार्यान्वयन गरी सोको जानकारी समय समयमा समितिलाई गराउने।<br>• उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय अन्तर्गत खानेपानी तथा सिंचाई सम्बन्धी विषयमा चालु आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम र बजेटले समावेश गरेका कार्यक्रमहरुको हालसम्मको कार्यान्वयनको अवस्था र खानेपानी तथा सिंचाई क्षेत्रको हालसम्मको प्रगति विवरण सहित सम्बन्धित मन्त्रालयलाई आगामी बैठकमा प्रस्तुतीकरणको लागि सहभागी हुन पत्राचार गर्न सचिवालयलाई निर्देशन दिने। |
| १७ | २०८०।१०।१७ | • उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय अन्तर्गत खानेपानी तथा सिंचाई सम्बन्धी विषयमा चालु आ.व. ०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम र बजेटले समावेश गरेका कार्यक्रमहरुको हाल सम्मको कार्यान्वयनको अवस्था र खानेपानी तथा सिंचाई क्षेत्रको हालसम्मको प्रगति विवरण सम्बन्धमा मन्त्रालयको तर्फबाट प्रस्तुतिकरण भयो । |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| १८ | २०८०।११।१८ | • उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय अन्तर्गत आ.व. ०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम र बजेटले समावेश भएका कार्यक्रम मध्ये अघिल्लो बैठकमा भएको छलफलको बाँकी विषय र मन्त्रालयसँग सम्बन्धित उर्जा सम्बन्धी विषयका कार्यक्रम कार्यान्वयको अवस्था तथा हालसम्मको प्रगति विवरण सम्बन्धमा मन्त्रालयको तर्फबाट समितिमा प्रस्तुतिकरण भयो । |
| १९ | २०८१।०२।२१ | • सचिवालयसँगको समन्वयमा सभापतिले अन्तर प्रदेश अनुभव आदान प्रादन कार्यक्रम तय गर्ने ।<br>• खाद्यान्नमा हुने मिसावट तथा तरकारी तथा फलफूलमा विषादीको प्रयोगलाई नियन्त्रण गर्न प्रदेशस्तरमा ल्याव तथा क्वारेन्टाईनको हालको विद्यमान अवस्थाको बारेमा जानकारी लिन कृषि तथा भूमि व्यवस्था मन्त्रालय तथा अन्य सरोकारवाला निकायहरुसँग आवश्यक छलफल गरी सुधारको लागि निर्देशन दिने ।<br>• समितिको बार्षिक प्रतिवेदनमा नीतिगत सुधारको लागि समिति अन्तर्गतका विषयगत मन्त्रालयहरुसँग सम्बन्धित विषयमा कुनै सुझाव भएमा ३ दिन भित्र सचिवालयमा लिखित रुपमा बुझाउने । |

## समिति तर्फ (आ.व.२०८१/०८२)

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| २० | २०८१।०९।०१ | • समितिमा "अनुमति प्राप्त नगरी गर्भपतन सेवा लगायतका स्वास्थ्य सेवा प्रवाह भैरहेको, सरकारी स्वास्थ्य संस्था तथा अस्पतालहरुमा बिमाको बिरामी र अन्य बिरामीलाई गरिने व्यवहार फरक भएको, बिरामीहरुलाई अनावश्यक औषधी र सामानहरु किन्न लगाउने गरिएको, शल्यक्रिया (अपरेशन) का लागि पालो नपाउने र अन्य निजी स्वास्थ्य संस्था र अस्पतालहरुमा रिफर गर्ने गरिएको सम्बन्धमा ।" भनी गुनासो प्राप्त भएकोले यो विषयसँग सम्बन्धित स्वास्थ्य मन्त्रालयलाई |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
| --- | --- | --- |
| | | उक्त विषयहरुको सम्बन्धमा हालको विद्यमान अवस्था तथा सो विषयमा सुधार वा समस्या समाधानमा केही कार्य भएको भए सो सहितको विवरण प्रतिवेदन तयार गरी ७ दिन भित्र समितिमा उपलब्ध गराउन पत्राचार गर्ने ।<br>• समितिमा "गण्डकी प्रदेशको गोरखा जिल्लामा अवस्थित गण्डकी गाउँपालिकामा कृषि व्यवसाय तरकारी खेतीमा संलग्न कृषकहरु ६१ जना क्यान्सर रोगबाट संक्रमित भएको र १५ जनाको मृगौला फेल भई हाल उपचाररत रहेको सम्बन्धमा असुरक्षित तरकारी खेती प्रणाली तथा रासायनिक मल तथा विषादीको अत्याधिक तथा असुरक्षित प्रयोगका कारण यस्तो हुन सक्ने हुँदा विषादीको प्रयोगलाई न्यूनिकरण गर्ने, अर्गानिक कृषि प्रणालीलाई प्रोत्साहत गर्ने, कृषकहरुलाई सचेतना कसरी बढाउन सकिन्छ र कृषि अनुदानको उपलब्धी सम्बन्धमा ।" भनी गुनासो प्राप्त भएकोले यो विषयसँग सम्बन्धित कृषि तथा भूमि व्यवस्था मन्त्रालयलाई उक्त विषयहरुको सम्बन्धमा हालको विद्यमान अवस्था तथा सो विषयमा सुधार वा समस्या समाधानमा केही कार्य भएको भए सो सहितको विवरण प्रतिवेदन तयार गरी ७ दिन भित्र समितिमा उपलब्ध गराउन पत्राचार गर्ने ।<br>• गण्डकी प्रदेश सभाको २५ औं वैठकले दफावार छलफलको लागि समितिमा पठाएको " जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" मा सभामा भएको सैद्धान्तिक छलफलमा उठेका विषयहहरु समितिको बैठकमा प्रस्तुत गर्न सचिवालयलाई निर्देशन दिने ।<br>• समिति सभापति रिक्त रहेको अवस्थामा समिति बैठकको सभापतित्व गर्ने जेष्ठ सदस्यलाई समिति सभापतिले पाउने सुविधा उपलब्ध गराउन सचिवालयलाई निर्देशन दिने । |
| २१ | २०८१।०९।२१ | • गण्डकी प्रदेश सभाले दफावार छलफलको लागि समितिमा पठाएको<br>• " जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | विधेयक" मा सभामा भएको सैद्धान्तिक छलफलमा उठेका विषयहरुमा समितिको बैठकमा छलफल भयो ।<br>• यस आ.व.को लागि समितिको वार्षिक कार्यतालिका/कार्ययोजनाको मस्यौदा तयार गरी समितिमा छलफलको लागि पेश गर्न सचिवालयलाई निर्देशन दिने । |
| २२ | २०८१।०९।२२ | • गण्डकी प्रदेश सभाले दफावार छलफलको लागि समितिमा पठाएको "जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" उत्पत्ति भएको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका माननीय मन्त्री तथा सचिवज्यू सहितको उपस्थितमा विधेयकको अवधारणा, औचित्यता, कार्यान्वयनको सुनिश्चितता सम्बन्धमा छलफल भई विधेयकमा छुटेका विषयवस्तुलाई विधेयकमा समेटेर लैजाने ।<br>• सचिवालयले तयार गरेको देहाय बमोजिमको वार्षिक कार्यतालिका/कार्ययोजनाको स्वीकृत गर्ने ।<br>• गण्डकी प्रदेश सरकार, कृषि, भुमिव्यवस्था तथा सहकारी मन्त्रालयले अघिल्लो आ.व. २०८०/८१ र यस आ.व. २०८१/८२ को हाल सम्मको अवधिमा कृषि अनुदान कार्यक्रम अन्तर्गत स्याङ्जा र नवलपरासी (ब.सु.पुर्व) जिल्लामा सुन्तला र आलु खेतिको लागि वितरण गरेको अनुदानग्राहीको विवरण माग गर्ने तथा उक्त जिल्लाहरुमा स्थलगत अनुगमन तथा अन्तर्क्रिया गर्ने । |
| २३ | २०८१।०९।२३ | • गण्डकी प्रदेश सभा, अर्थ तथा विकास समितिमा प्राप्त भई सो समितिसँग सम्बन्धित नरहेको भनी सामाजिक विकास तथा कृषि समितिलाई प्राप्त गुनासोको सम्बन्धमा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशका माननीय मन्त्रि तथा सचिवसँग छलफल गरी उक्त विषयवस्तुहरुको सम्बन्धमा ध्यानाकर्षण गराई आवश्यक सुधार गर्न सुझाव दिने ।<br>• गण्डकी प्रदेश सरकार, कृषि, भुमिव्यवस्था तथा सहकारी मन्त्रालयको कृषि अनुदान कार्यक्रम अन्तर्गत स्याङ्जा र नवलपरासी (ब.सु.पुर्व) जिल्लामा सुन्तला (प्रवर्धन) र आलु खेतिको लागि वितरण गरेको अनुदानको कार्यान्वयनको अवस्था तथा उपलब्धी मापन गर्न मिति २०८१ पौष २८ गते |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | देखि सो जिल्लाहरुमा स्थलगत अनुगमन गर्ने ।<br>• समितिको आ.व. २०८०/०८१ को बार्षिक प्रतिवेदनको मस्यौदा तयार गरी समितिको अर्को बैठकमा पेश गर्न सचिवालयलाई निर्देशन दिने । |
| २४ | २०८१।१०।२४ | • “जिवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” को सम्बन्धमा संशोधनकर्ता सदस्यहरु माननीय भिमबहादुर कार्की र माननीय डिल्लीराम सुवेदीद्वारा पेश गरिएका संशोधन प्रस्ताव उपर निजहरूको उपस्थितिमा छलफल भई निजहरुबाट प्राप्त संशोधन परिमार्जन गर्दै दफावार छलफलमा लैजाने । |
| २५ | २०८१।१०।२४ | • “जिवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” उपर बिषादी क्षेत्रका विज्ञ श्री शालिकराम अधिकारी, श्री माधव लम्साल, डा. गृष्म न्यौपाने र श्री बेनीबहादुर बस्नेत लगायतसँग छलफल भई निजहरुबाट प्राप्त राय, सुझावहरुलाई अझ परिमार्जन गर्नको लागि छलफलमा लैजाने ।<br>• “जिवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” को सम्बन्धमा बिषादी क्षेत्रका सरोकारवालाहरुसँग आगामी बैठकमा छलफल गरी राय, सुझाव संकलन गर्ने । |
| २६ | २०८१।११।०४ | • “जिवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” उपर बिषादी क्षेत्रका सरोकारवालाहरु विषादी व्यवसायी तथा कृषकहरुसँग छलफल भई निजहरुबाट प्राप्त राय, सुझावहरुलाई अझ परिमार्जन गर्दै प्रक्रियामा लैजाने ।<br>• “जिवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” को सम्बन्धमा समितिको बैठकमा सहभागी भई राय, सुझाव दिने बिषादी क्षेत्रका सरोकारवाला महानुभावहरुलाई धन्यवाद दिने । |
| २७ | २०८१।११।०५ | • “जिवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” उपर बिषादी क्षेत्रका विज्ञहरुबाट प्राप्त राय, सुझावहरुलाई |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | परिमार्जन गरी दफावार छलफलमा लैजाने ।<br>• समितिको २०८१ पौष २३ गतेको निर्णयानुसार गण्डकी प्रदेश सरकार, कृषि, भुमिव्यवस्था तथा सहकारी मन्त्रालयको कृषि अनुदान कार्यक्रम अन्तर्गत स्याङ्जा र नवलपरासी (ब.सु.पुर्व) जिल्लामा सुन्तला (प्रवर्धन) र आलु खेतिको लागि वितरण गरेको अनुदानको कार्यान्वयनको अवस्था तथा उपलब्धी तथा उक्त जिल्लाहरुमा समितिको कार्यक्षेत्र भित्र पर्ने स्वास्थ्य, उर्जा तथा सिँचाई सम्बन्धि आयोजनाहरुमा गरिएको स्थलगत अनुगमनको प्रतिवेदनको मस्यौदा तयार गर्न सचिवालयलाई निर्देशन दिने । |
| २८ | २०८१।११।०९ | • समितिले स्याङ्जा र नवलपरासी (ब.सु.पुर्व) जिल्लामा गरेको स्थलगत अनुगमनको मस्यौदा प्रतिवेदन उपर भएको छलफलमा औंल्याईएका विषयवस्तुहरु समावेश वा संशोधन गरी प्रतिवेदन तयार गरी समितिमा पेश गर्न सचिवालयलाई निर्देशन दिने ।<br>• “जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” उपर संशोधनकर्ता प्रदेश सभा सदस्यहरु, सम्बन्धित विषयका विज्ञ तथा सरोकारवालहरुसँगको छलफलमा प्राप्त संशोधन, राय, सुझावहरुलाई समावेश गरी समितिको आगमी बैठकमा हुने दफावार छलफलमा विधेयकको मस्यौदा प्रतिवेदन पेश गर्न सचिवालयलाई निर्देशन दिने । |
| २९ | २०८१।११।१९ | • समितिले स्याङ्जा र नवलपरासी (ब.सु.पुर्व) जिल्लामा गरेको स्थलगत अनुगमन भ्रमणको को प्रतिवेदन स्वीकृत गर्ने ।<br>• “जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” उपर दफावार छलफल गरियो । |
| ३० | २०८१।११।२० | • “जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” उपर दफावार छलफल गरी उक्त मस्यौदा प्रतिवेदनमा संशोधन गर्नुपर्ने विषयहरु सहितको परिमार्जित प्रतिवेदन समितिको आगामी बैठकमा पेश गर्न सचिवालयलाई निर्देशन दिने ।<br>• समितिको बार्षिक प्रतिवेदन २०८१ स्वीकृत गरी सभाको आगामी बैठकमा पेश गर्ने । |
| ३१ | २०८१।११।२२ | १. गण्डकी प्रदेश सभाको मिति २०८१ भदौ २६ गतेको बैठको निर्णयबाट यस समितिमा प्राप्त हुन आएको “जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” का सम्बन्धमा |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | देहाय बमोजिम संशोधन गर्नेः-<br>१. विधेयकको दफा १ को उपदफा (१) सट्टा देहाय बमोजिमको उपदफा (१) राख्ने,-<br>“(१) यस ऐनको नाम "गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८१" रहेको छ।”<br>२. विधेयकको दफा २ को खण्ड (झ) मा रहेको “विषादीको प्रभावकारीता घटाउन थपिएका वस्तु” भन्ने वाक्यांशको सट्टा “वा न्यून गुणस्तरको विषादी” भन्ने वाक्यांश राख्ने।<br>३. विधेयकको दफा ३ को उपदफा (४) को सट्टा देहाय बमोजिमको उपदफा (४) राख्ने,-<br>×(४) संघीय ऐन अनुसार पञ्जिकरण गरिएका प्रदेश भित्र बिक्री वितरण गरिएका विषादीहरुको विवरण केन्द्रले बार्षिक रुपमा अद्यावधिक गर्नुपर्नेछ।”<br>४. विधेयकको दफा ४ को,-<br>(१) उपदफा (१) पछि देहायको उपदफा (२) राख्ने र त्यसपछिको उपदफाक्रम मिलाउने,-<br>×(२) कुनै व्यक्ति, संघ संस्था वा निकायले जैविक विषादीको मात्र बिक्री वितरण गर्न चाहेमा निजलाई केन्द्रले निःशुल्क इजाजतपत्र प्रदान गर्नेछ।”<br>(२) उपदफा (२) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (३) को “उपदफा (१)” भन्ने वाक्यांशको सट्टा “उपदफा (१) र (२)” भन्ने वाक्यांश राख्ने ।<br>(३) उपदफा (३) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (४) को “उपदफा (२)” भन्ने वाक्यांशको सट्टा “उपदफा (३)” भन्ने वाक्यांश राख्ने ।<br>(४) उपदफा (४) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (५) को “उपदफा (३)” भन्ने वाक्यांशको सट्टा “उपदफा (४)” भन्ने वाक्यांश राख्ने ।<br>(५) उपदफा (५) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (६) को “उपदफा (४)” भन्ने वाक्यांशको सट्टा “उपदफा (५)” भन्ने वाक्यांश राख्ने ।<br>(६) उपदफा (६) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (७) |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | को "उपदफा (३), (४) र (५)" भन्ने वाक्यांशको सट्टा "उपदफा (४), (५) र (६)" भन्ने वाक्यांश राख्ने ।<br>(७) उपदफा (८) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (९) को सट्टा देहायको उपदफा (९) राख्ने,-<br>"(९) उपदफा (६) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (७) बमोजिम पनि नविकरण नभएको ईजाजतपत्र स्वत खारेज हुनेछ र केन्द्रले खारेज भएका ईजाजतपत्र सार्वजनिक सूचना प्रकाशन गरी सम्वन्धित सबैलाई जानकारी गराउनु पर्नेछ।"<br>(८) उपदफा (९) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (१०) को "उपदफा (१)" भन्ने वाक्यांशको सट्टा "उपदफा (१) र (२)" भन्ने वाक्यांश राख्ने ।<br>५. विधेयकको दफा ५ को,-<br>(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्ने,-<br>×(ख) इजाजतपत्र प्राप्त गर्नको लागि कम्तीमा एस.ई.ई. वा सो सरहको योग्यता भएको,"<br>(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्ने,-<br>"(ग) खुद्रा विषादी विक्रेता सम्बन्धी विषादीको सुरक्षित भण्डारण, प्रयोग र विक्री वितरण सम्बन्धी तालिममा सहभागी भई केन्द्रले संचालन गरेको परिक्षा उत्तीर्ण गरेको प्रमाणपत्र प्राप्त गरेको।"<br>६. विधेयकको दफा ११ को खण्ड (छ) झिक्ने र त्यसपछिका खण्डक्रम मिलाउने ।<br>७. विधेयकको दफा १२ को,-<br>(१) उपदफा ८ मा रहेको "रुपमा" भन्ने शब्द झिक्ने ।<br>(२) उपदफा ११ मा रहेको "फरक क्षमता भएका" भन्ने वाक्यांश झिक्ने ।<br>(३) उपदफा (११) पछि देहायको उपदफा (१२) थप गरी साविक उपदफा (१२) लाई उपदफा (१३) कायम गर्ने,-<br>"(१२) पशुपन्छीमा वाहिरी परजीवि नियन्त्रण गर्न तयार गरिएको वा कुनै बालीमा छर्कन तयार गरिएको विषादीको घोल प्रयोग गरी बाँकी रहने भएमा त्यस्तो घोल तोकिए बमोजिम विसर्जन गर्नु पर्नेछ।"<br>८. विधेयकको दफा १२ पछि देहायको दफा १३ थप गरी त्यसपछिका दफाहरुको दफा क्रम मिलाउने,- |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | "१३. घरायसी प्रयोगमा आउने विषादीको बिक्री वितरण र प्रयोग सम्बन्धी व्यवस्थाः (१) कुनै व्यक्ति संस्था वा निकायले प्रदेश भित्र घरायसी प्रयोगमा आउने विषादीहरु जस्तैः लामखुट्टे, साङ्ला, मुसा, घरमा लाग्ने झिंगा लगायतका जीवहरु नियन्त्रण गर्ने विषादीहरुको बिक्री वितरण गर्दा तोकिएको मापदण्ड पुरा गरी गर्नुपर्नेछ।"<br>९. विधेयकको दफा १३ दफाक्रम मिलाउँदा कायम हुने दफा (१४) को,-<br>(१) उपदफा (४) मा रहेको "हुनु हुँदैन" भन्ने वाक्यांशको सट्टा "गर्न पाईने छैन" भन्ने वाक्यांश राख्ने ।<br>(२) उपदफा (८) पछि देहायको उपदफा (९) थप गर्ने,-<br>"(९) रासायनिक विषादी बिक्री गर्दा बिक्री पूर्व केन्द्रले तोकेको ढाँचामा विषादी खरिदकर्ता र प्रयोग गर्नुपर्ने वाली, वालीमा देखिएको समस्या र सो को सही पहिचान र क्षेत्रफल सम्बन्धी विवरण लिई सो को आधारमा आवश्यक पर्ने विषादीको परिमाण मिल्दो वा सो भन्दा नजिकको माथिल्लो परिमाणमा प्याकेजिङ गरिएको विषादी बिक्री गरी सो को लगत राख्नुपर्नेछ।"<br>१०. विधेयकको दफा १४ दफाक्रम मिलाउँदा कायम हुने दफा (१५) को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने,-<br>"(१) मन्त्रालयले आवश्यकता अनुसार कृषि विज्ञानमा स्नातक वा सो सरहको योग्यता पुगेको प्रदेश कृषि सेवा बाली संरक्षण समूहमा कार्यरत अधिकृतस्तरको कर्मचारीलाई समितिले निर्धारण गरेको पाठ्यक्रम वमोजिमको तालिममा सहभागी भए पश्चात जीवनाशक विषादीको प्रयोग तथा व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि निरिक्षक नियुक्ति गर्न सक्नेछ।"<br>११. विधेयकको दफा १७ दफाक्रम मिलाउँदा कायम हुने दफा १८ को सट्टा देहायको दफा १८ राख्ने,-<br>१८. विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेः रासायनिक विषादीको प्रयोगबाट मानव, पशुपन्छी, बिरुवा तथा वातावरणीय स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्न प्रदेश सरकारले स्थानीय तहसँग समन्वय गरी घरेलु तथा जैविक विषादीको प्रयोग तथा प्रवर्द्धनात्मक विशेष कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।"<br>१२. विधेयकको दफा १९ दफाक्रम मिलाउँदा कायम हुने दफा |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | २० को,-<br>(१) खण्ड (घ) पछि देहायको खण्ड (ङ) थप गर्ने र त्यसपछिका खण्डक्रम मिलाउने,-<br>(ङ) दफा १२ को उपदफा ९ वमोजिमको राख्नुपर्ने विवरण नराखेमा,"<br>(२) खण्ड (छ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ज) को पछाडि देहायको खण्ड (झ) थप गरी त्यसपछिको खण्डक्रम मिलाउने,-<br>"(झ) जैविक विषादीको मात्र कारोबार गर्ने इजाजत लिई अन्य विषादीको कारोबार गरेमा,"<br>(३) खण्ड (झ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राख्ने,-<br>"(ट) विषादी व्यवस्थापन तथा विषादी निरिक्षकलाई निरिक्षणको कार्यमा अवरोध पुर्याएमा,"<br>(४) खण्ड (ट) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ड) को सट्टा देहायको खण्ड (ड) राख्ने,-<br>"(ड) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि, मापदण्ड तथा आचार संहिता विपरित हुने गरी अन्य कसुर गरेमा।"<br>१३. विधेयकको दफा २० दफाक्रम मिलाउँदा कायम हुने दफा २१ को,-<br>(१) खण्ड (घ) पछि देहायको खण्ड (ङ) थप गरी त्यसपछिको खण्डक्रम मिलाउने,-<br>"(ङ) खण्ड (ङ) बमोजिमको कसुर गरेमा पाँच हजार देखि बिस हजार रुपैंयाँ सम्मको जरिवाना,"<br>(२) खण्ड (ङ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (च) को "खण्ड (ङ)" भन्ने वाक्यांशको सट्टा "खण्ड (च)" भन्ने वाक्यांश राख्ने ।<br>(३) खण्ड (च) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (छ) को "खण्ड (च)" भन्ने वाक्यांशको सट्टा "खण्ड (छ)" भन्ने वाक्यांश राख्ने ।<br>(४) खण्ड (छ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ज) को "खण्ड (छ)" भन्ने वाक्यांशको सट्टा "खण्ड (ज)" भन्ने वाक्यांश राख्ने ।<br>(५) खण्ड (छ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ज) पछि |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | देहायको खण्ड (झ) थप गरी त्यसपछिको खण्डक्रम मिलाउने,-<br>“(झ) खण्ड (झ) बमोजिमको कसुर गरेमा यसै दफाको (क) बमोजिमको सजाय,”<br>(६) खण्ड (ज) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ञ) को “खण्ड (ज), (झ), (ञ) र (ट)” भन्ने वाक्यांशको सट्टा “खण्ड (ञ), (ट), (ठ) र (ड)” भन्ने वाक्यांश राख्ने ।<br>१४. विधेयकको दफा २१ दफाक्रम मिलाउँदा कायम हुने दफा २२ को,-<br>(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने,-<br>“(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कसुर पहिलो पटक गर्नेलाई पाँच हजार रुपैयाँ, दोश्रो पटक गर्नेलाई दश हजार रुपैयाँ, तेश्रो वा सो भन्दा बढी पटक गर्नेलाई बिस हजार रुपैयाँको जरिवाना निरीक्षकले तत्काल गर्न सक्नेछः-”<br>(२) उपदफा (१) को खण्ड (क) झिक्ने र त्यसपछिको खण्डक्रम मिलाउने ।<br>(३) उपदफा (१) को खण्ड (च) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ङ) मा ×गर्न गरेमा× भन्ने वाक्यांशको सट्टा “गर्ने गरेमा” भन्ने वाक्यांश राख्ने ।<br>(४) उपदफा (२) को पछि देहायको उपदफा (३) थप गर्ने,-<br>“(३) दफा २० वमोजिमका कसुरमा दण्ड जरिवानाका लागि प्रतिवेदन सहित संघीय ऐनले तोकेको निकायमा कारबाहीका लागि सिफारिश गरी पठाउने।”<br>१५. विधेयकको दफा २५ दफाक्रम मिलाउँदा कायम हुने दफा २६ को उपदफा (२) को खण्ड (छ) पछि देहायको खण्ड (ज) थप गरी साविक खण्ड (ज) लाई खण्ड (झ) कायम गर्ने,-<br>(ज) सम्बन्धित जिल्लाको विषादी व्यवसायीको तर्फबाट एक जना -सदस्य<br>१६. विधेयकको अनुसूची -१ को सट्टा देहायको अनुसूची -१ राख्ने,- |

<table>
<tr><th>बैठक संख्या</th><th>बैठक बसेको मिति</th><th>मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण</th></tr>
<tr><td></td><td></td><td>
अनुसूची-१<br>
दफा ४ को उपदफा (८) सँग सम्बन्धित<br>
इजाजतपत्र प्राप्ति, नवीकरण तथा जरिवाना शुल्क सम्बन्धी व्यवस्था
<table>
<tr><th rowspan="2"></th><th rowspan="2">इजातपत्र शुल्क</th><th colspan="2">नवीकरण शुल्क</th><th rowspan="2">जरिबाना शुल्क (प्रत्येक दिनको)</th></tr>
<tr><th>नवीकरण शुल्क</th><th>नवीकरण विलम्ब शुल्क</th></tr>
<tr><td>(क) जीवनाशक विषादीको विक्री वितरणको लागि</td><td>रु. २०००।-</td><td>रु. १०००।-</td><td>रु. २०००।-</td><td>रु. १००।-</td></tr>
<tr><td>(ख) जीवनाशक विषादीको व्यावसायिक/छर्कने व्यवसायीको लागि</td><td>रु. ३०००।-</td><td>रु. २०००।-</td><td>रु. ५०००।-</td><td>रु. २००।-</td></tr>
<tr><td>(ग) जैविक विषादीको मात्र कारोबार गर्ने व्यवसायीको लागि</td><td>निशुल्क</td><td>रु. ५००।-</td><td>रु. १०००।-</td><td>रु. ५०।-</td></tr>
</table>
</td></tr>
<tr><td>३२</td><td>२०८१।१२।२१</td><td>
<ul>
<li>यस समितिको क्षेत्राधिकार अन्तर्गत पर्ने मन्त्रालयहरूसँग वार्षिक कार्यक्रमको हालसम्मको प्रगति विवरण माग गर्ने ।</li>
<li>प्रदेश सरकारले मातहतका अस्पतालहरूमा निःशुल्क वितरण गर्नका लागि निर्धारित ९६ प्रकारका औषधिहरूको उपलब्धता तथा पहुँचको अवस्थाबारे स्वास्थ्य मन्त्रालयसँग विवरण माग गर्ने ।</li>
<li>बाग्लुङ्ग, बुर्तिवाङ र गोरखा, आँप पिपलको अस्पतालको हालको विद्यमान अवस्था तथा सेवा संचालनको लागि गरिएका पहलहरुको विषय सम्बन्धी विवरण स्वास्थ्य मन्त्रालयसँग माग गर्ने ।</li>
<li>प्रदेश सरकारले तय गरेअनुसार, निजी अस्पतालहरूले बेड र औषधि उपचारमा १० प्रतिशत निःशुल्क सेवा, वृद्ध नागरिकहरूलाई ४० प्रतिशत छुटको व्यवस्था तथा बालबालिकाहरूको लागि ल्याब परीक्षण र औषधि उपचार निःशुल्क गर्ने व्यवस्थाको कार्यान्वयनको अवस्थाबारे स्वास्थ्य मन्त्रालयसँग विवरण माग गर्ने ।</li>
<li>कृषि पशुपंक्षि नियमन इकाई आँवु खैरनी, तनहुँ र मालुङ्गा</li>
</ul>
</td></tr>
</table>

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | स्याङ्जाको संचालनको विद्यमान अवस्था तथा सो इकाईहरुले गर्नुपर्ने कार्यक्रमहरु कार्यान्वयनको अवस्थाको विवरण कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयसँग माग गर्ने ।<br>• वैकल्पिक उर्जा कार्यक्रम सम्वन्धि हालसम्मको संचालन तथा कार्यान्वयनको अवस्थाको विवरण उपलब्ध गराउन उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयमा लेखि पठाउने । |
| ३३ | २०८२।०१।०८ | • प्रदेश सभाको बैठकको निर्णयबाट दफावार छलफलको लागि समितिमा पठाईएको "गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" मा दफावार छलफल प्रारम्भ गर्ने ।<br>• समितिको आगमी बैठकमा "गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" उत्पन्न भएको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका पदाधिकारी र कर्मचारी तथा संशोधन प्रस्ताव दर्ता गराउने माननीय सदस्यहरुसँग अन्तर्क्रिया तथा छलफल गर्ने । |
| ३४ | २०८२।०१।०९ | • "गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" उत्पन्न भएको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका पदाधिकारी र कर्मचारीहरुसँग विधेयकको उद्देश्य लगायतका विषयमा छलफल तथा अन्तर्क्रिया गरी प्राप्त राय, सुझावहरुलाई दफावार छलफलमा लाने ।<br>• उक्त विधेयकमा संशोधन प्रस्ताव दर्ता गराउने माननीय सदस्यहरुबाट प्राप्त संशोधन प्रस्तावलाई परिमार्जन सहित दफावार छलफलमा लैजाने ।<br>• उक्त विधेयकको सम्बन्धमा अन्तर्क्रिया तथा छलफल गरी संशोधन, राय, सुझाव संकलन गर्ने उद्देश्यले सोसँग सम्बन्धित विज्ञ तथा सरोकारवालहरुलाई समितिको आगामी बैठकमा आमन्त्रण गर्ने ।<br>• दफावार छलफलको लागि समितमा प्राप्त "गण्डकी प्रदेशमा विद्युत् विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को सम्बन्धमा विधेयक उत्पन भएको उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका पदाधिकारी तथा कर्मचारीहरुसँग विधेयक ल्याउनुको उद्देश्य र |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | कारण तथा विधेयकमा भएका व्यवस्थाको औचित्यता सम्बन्धमा स्पष्ट गर्न समितिको बैठकमा आमन्त्रण गर्ने । |
| ३५ | २०८२।०१।१५ | • “गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” को सम्बन्धमा सो क्षेत्रसँग सम्बन्धित सरोकारवाला व्यक्ति तथा संघसंस्थाका प्रतिनिधिहरुसँग भएको छलफलमा प्राप्त राय, सुझावहरुलाई आवश्यक परिमार्जन सहित समितिको आगामी बैठकमा हुने दफावार छलफल लैजाने ।<br>• “गण्डकी प्रदेशमा विद्युत् विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” सम्बन्धमा विधेयक उत्पन भएको उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका पदाधिकारी तथा कर्मचारीहरुलाई विधेक ल्याउनुको उद्देश्य तथा औचित्यता पुष्टी गर्ने गरी समितिको बैठकमा आमन्त्रित गर्न सचिवालयलाई निर्देशन दिने । |
| ३६ | २०८२।०१।१६ | • “गण्डकी प्रदेशमा विद्युत् विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” को सम्बन्धमा विधेयक उत्पन भएको उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका पदाधिकारी तथा कर्मचारीहरुलाईबाट पुष्ट्याईको आधारमा आवश्यक विषयवस्तु एकिन गरी थप छलफल गर्ने ।<br>• “गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” सम्बन्धमा विधेयक उत्पन भएको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका पदाधिकारी तथा कर्मचारीहरुलाई विधेक ल्याउनुको उद्देश्य तथा औचित्यता पुष्टी गर्ने गरी समितिको बैठकमा आमन्त्रित गर्न सचिवालयलाई निर्देशन दिने । |
| ३७ | २०८२।०१।१७ | • “गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” को सम्बन्धमा विधेयक उत्पन भएको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका पदाधिकारी तथा कर्मचारीहरुलाईबाट पुष्ट्याईको आधारमा आवश्यक विषयवस्तु एकिन गरी थप छलफल गर्ने ।<br>• “गण्डकी प्रदेशमा विद्युत् विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” सम्बन्धमा सो क्षेत्रका विषयका विषय विज्ञलाई समितिको आगामी बैठकमा आमन्त्रण गर्न सचिवालयलाई निर्देशन दिने । |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| ३८ | २०८२।०१।२६ | • "गण्डकी प्रदेशमा विद्युत् विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सम्बन्धमा विधेयक उत्पन भएको उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका पदाधिकारी तथा कर्मचारीहरु समेतको उपस्थितिमा विषयका विषय विज्ञ डा.ई. विष्णुराज बरालसँग अन्तर्क्रिया तथा छलफलबाट प्राप्त संशोधन, राय, सुझावलाई दफावार छलफलमा लैजाने ।<br>• "गण्डकी प्रदेशमा विद्युत् विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सम्बन्धमा समितिको बैठकमा उपस्थिति भई समितिलाई संशोधन, राय, सुझाव दिनुहुने विषय विज्ञ डा.ई. विष्णुराज बराललाई धन्यवाद ज्ञापन गर्ने ।<br>• "गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को सम्बन्धमा अन्तर्क्रिया तथा छलफल गरी संशोधन, राय, सुझाव लिने उद्देश्यले सो क्षेका विषय विज्ञहरुलाई समितिको आगामी बैठकमा आमन्त्रण गर्ने । |
| ३९ | २०८२।०१।२७ | • "गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सम्बन्धमा सो विषयका विषय विज्ञहरु श्री खोमराज शर्मा, प्रतिमा गुरुङ र कृष्ण गहतराजसँग अन्तर्क्रिया तथा छलफलबाट प्राप्त संशोधन, राय, सुझावलाई परिष्कृत गर्दै दफावार छलफलमा लैजाने ।<br>• "गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सम्बन्धमा समितिको बैठकमा उपस्थिति भई समितिलाई संशोधन, राय, सुझाव दिनुहुने विषय विज्ञ श्री खोमराज शर्मा, प्रतिमा गुरुङ र कृष्ण गहतराजलाई धन्यवाद ज्ञापन गर्ने । |
| ४० | २०८२।०२।१२ | • "गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" माथि दफावार छलफल भई संशोधन गर्नुपर्ने विषयवस्तु समेटी समितिको प्रतिवेदनको मस्यौदा तयार गरि आगामी बैठकमा पेश गर्न सचिवालयलाई निर्देशन दिने । |
| ४१ | २०८२।०२।१५ | १. गण्डकी प्रदेश सभाको मिति २०८१ चैत्र १५ गतेको बैठकको निर्णयबाट यस समितिमा प्राप्त हुन आएको "गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" का सम्बन्धमा देहाय बमोजिम संशोधन गर्नेः-<br>१. विधेयकको दफा २ को,-<br>(१) खण्ड (ङ) पछि देहायको खण्ड (च) थप गरि त्यपपछिको खण्डक्रम मिलाउने,-<br>"(च) "भाषाको स्तरिकरण" भन्नाले बोलचालमा रहेको मातृभाषालाई अर्थगत द्विविधा नहुने गरी सरकारी कामकाजको लागि प्रयोग योग्य बनाउने र मातृभाषाको क्रमिक विकास गर्ने कार्य सम्झनु पर्छ ।"<br>(२) खण्ड (च) खण्डक्रम मिलाउँदा खण्ड (छ) कायम हुने,-<br>(३) खण्ड (छ) खण्डक्रम मिलाउँदा खण्ड (ज) कायम हुने,-<br>(४) खण्ड (ज) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (झ) मा रहेको "नेपालमा उत्पत्ति" भन्ने वाक्यांशको सट्टा "गण्डकी प्रदेशमा मूल थलो" भन्ने वाक्यांश राख्ने,-<br>(५) खण्ड (झ) खण्डक्रम मिलाउँदा खण्ड (ञ) कायम हुने,-<br>(६) खण्ड (ञ) खण्डक्रम मिलाउँदा खण्ड (ट) कायम हुने,-<br>२. विधेयकको दफा ३ को उपदफा (४) पछि देहायको उपदफा (५) राख्ने,-<br>×(५) सरकारी कामकाजमा अपांङगता भएका व्यक्तिहरुले अध्ययन तथा संचारको लागि प्रयोग गर्ने ब्रेल, सांकेतिक तथा स्पर्शसंकेत जस्ता भाषाहरुलाई प्रदेश र स्थानीय तहमा भाषिक मान्यता प्रदान गर्न सक्नेछ ।<br>३. "विधेयकको दफा ६ को,- "विभेद र अपमानजन्य व्यवहार गर्न नहुनेः" पछिको वाक्यांशलाई उपदफा (१) कायम गरी उक्त उपदफा (१) पछि दहायको उपदफा (२) राख्ने,-<br>"(२) उपदफा (१) बमोजिमको कसुर गरेमा प्रचलित कानून बमोजिम दण्ड, सजाय वा जरिवाना हुनेछ ।"<br>४. विधेयकको परिच्छेद-४ शिर्षक खण्ड मा रहेको "विकास तथा मानकीकरण" वाक्यांशको सट्टा "विकास, स्तरिकरण तथा मानकीकरण" भन्ने वाक्यांश राख्ने ।<br>५. विधेयकको दफा ८ को,-<br>(१) उपदफा (१) पछि देहायको उपदफा (२) राख्ने र त्यसपछिको उपदफाक्रम मिलाउने, |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | "(२) सरकारी कामकाजको भाषाको अतिरिक्त सो भाषाहरुको चलनचल्तीमा रहेका अन्य भाषा र लिपिलाई समेत संरक्षण र संवर्द्धन गरिनेछ ।"<br>(२) उपदफा (२) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (३) को सट्टा देहाय बमोजिमको उपदफा (३) राख्ने,-<br>"(३) प्रदेश सरकारले सरकारी कामकाजको भाषाको अतिरिक्त अनुसूची - १ बमोजिम प्रदेशभित्र बोलिने अन्य मातृभाषाहरुको संरक्षण, सम्वर्द्धन गर्नको लागि कार्यक्रम सञ्चालन गर्नेछ।"<br>(३) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (३) पछि देहायको उपदफा (४) राख्ने,-<br>×(४) स्थानीय तहबाट भाषाको आवश्यकता, औचित्यता, जीवन्तता, लोपोन्मुखता र विशेष प्रकृतिको आधारमा स्थानीय स्तरमा कुनै भाषिक भूगोल वा क्षेत्रलाई भाषिक विशेष वा स्वायत्त वा संरक्षित क्षेत्र घोषणा गरी राष्ट्रभाषाहरुको संरक्षण, संवर्द्धन र विकास गर्न सक्नेछ ।"<br>६. विधेयकको दफा १० को,-<br>(१) शिर्षक खण्डमा रहेको "भाषाको अध्ययन, अनुसन्धान र मानकीकरण गर्नेः" भन्ने वाक्यांशको सट्टा "भाषाको अध्ययन, अनुसन्धान, स्तरिकरण र मानकीकरण गर्नेः" भन्ने वाक्यांश राख्ने,-<br>(२) उपदफा (२) को "मानकीकरण" शब्दको सट्टा "स्तरिकण गर्दै मानकीकरण" भन्ने वाक्यांश राख्ने,-<br>७. विधेयकको दफा १३ मा रहेको "यो ऐन" भन्ने वाक्यांशको सट्टा "यस ऐन" भन्ने वाक्यांश राख्ने,-<br>८. विधेयकको दफा १५ मा रहेको "राख्न सक्नेछ" भन्ने वाक्यांशको सट्टा "राख्नु पर्नेछ" भन्ने वाक्यांश राख्ने,-<br>९. विधेयकमा देहायको अनुसूची -१ राख्ने,- |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | अनुसूची-१<br>गण्डकी प्रदेश मूल थलो भएका मातृभाषाहरूको सूची<br>१. मगर ढुट<br>२. गुरुङ (तमू क्युई)<br>३. थारु<br>४. नेवार<br>५. तामाङ<br>६. भोजपुरी<br>७. मगर खाम<br>८. उत्तरी गोर्खा गुरुङ/घले<br>९. कुमाल<br>१०. दरई<br>११. चुम नुब्री<br>१२. चेपाङ<br>१३. छन्त्याल<br>१४. भुजेल<br>१५. बोटे<br>१६. थकाली<br>१७. ल्होवा/ल्होपा<br>१८. मुसलमान<br>१९. बारगुंवा<br>२०. दुरा<br>२१. बराम<br>२२. माझी<br>२३. मनाङ्गे<br>२४. नार-फु<br>२५. कुशुण्डा<br>२६. मुसहर<br>२७. मुस्ताङे गुरुङ<br>२८. मगर काईके<br>२९. अदै<br>३०. कायत, आदि ।<br><br>२. प्रस्तुत विधेयको संशोधन प्रतिवेदन स्वीकृत गर्ने तथा उक्त संशोधन प्रतिवेदन सभाको आगामी बैठकमा पेश गर्ने ।<br>३. सभाको निर्णय बमोजिम यस समितिमा दफावार छलफलको लागि प्राप्त भएको "गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को सम्बन्धमा समितिको बैठकमा उपस्थित भई समितिलाई सहयोग गर्नुहुने सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका पदाधिकारी तथा कर्मचारीहरु, सो क्षेत्रका विषय विज्ञ तथा सरोकारवाला र समितिलाई विभिन्न माध्यमबाट राय, सुझाव प्रदान गर्नुहुने विभिन्न व्यक्ति, संघ-संस्था तथा प्रतिनिधिहरु लगायत प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा समितिलाई सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्ने । |
| ४२ | २०८२।०२।२२ | • "गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को प्रतिवेदन स्वीकृत गर्ने । |
| ४३ | २०८२।०२।२३ | • रिक्त रहेको यस समितिको सभापति पदको निर्वाचनका लागि मनोनयन प्रस्ताव गर्न तोकिएको समयावधी भित्र माननीय सदस्य |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | श्री दमयन्ती रुचालको मात्र मनोनयन प्रस्तावको सूचना प्राप्त भएको हुँदा माननीय सदस्य श्री दमयन्ती रुचाल यस समितिको सभापति पदमा निर्विरोध निर्वाचित हुनुभएको। |
| ४४ | २०८२।०३।०२ | • "गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को सम्बन्धमा संशोधन कर्ता सदस्यहरुबाट प्राप्त संशोधन प्रस्तावलाई केही परिमार्जन सहित दफावार छलफलमा लैजाने । |
| ४५ | २०८२।०३।१६ | • "गण्डकी प्रदेश दलित अधिकार तथा सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को सैद्धान्तिक छलफलमा बोल्नुहुने माननीयहरुले राखेका विषयवस्तु समितिको दफावार छलफलमा लैजाने ।<br>• "गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को सम्बन्धमा सो क्षेत्रसँग सम्बन्धित सरोकारवाला व्यक्ति तथा संघसंस्थाका प्रतिनिधिहरुलाई राय सुझाव सहित समितिको बैठकमा सहभागाताको लागि आमन्त्रण गर्न सचिवालयलाई निर्देशन दिने । |
| ४६ | २०८२।०३।१७ | • "गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को सम्बन्धमा सो क्षेत्रसँग सम्बन्धित सरोकारवाला व्यक्ति तथा संघसंस्थाका प्रतिनिधिहरुसँग भएको छलफलमा प्राप्त राय, सुझावहरुलाई आवश्यक परिमार्जन सहित समितिको बैठकमा लैजाने ।<br>• "गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को सम्बन्धमा सो क्षेत्रसँग सम्बन्धित विषय विज्ञहरुलाई विधेयको सम्बन्धमा राय सुझाव सहित समितिको बैठकमा आमन्त्रण गर्न सचिवालयलाई निर्देशन दिने । |
| ४७ | २०८२।०३।१८ | • "गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को सम्बन्धमा सो क्षेत्रसँग सम्बन्धित विषय विज्ञहरुबाट प्राप्त संशोधन, राय, सुझावहरुलाई आवश्यक परिमार्जन सहित दफावार छलफल गर्न समितिको बैठकमा लैजाने । |
| ४८ | २०८२।०३।२२ | • "गण्डकी प्रदेशमा विद्युत् विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को सम्बन्धमा सो क्षेत्रसँग सम्बन्धित सरोकारवाला |

| बैठक संख्या | बैठक बसेको मिति | मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण |
|---|---|---|
| | | व्यक्ति तथा संघसंस्थाका प्रतिनिधिहरुलाई राय सुझाव सहित समितिको बैठकमा सहभागाताको लागि आमन्त्रण गर्न सचिवालयलाई निर्देशन दिने । |

## उपसमिति तर्फ (आ.व.२०८०/०८१):

"सामाजिक विकास तथा कृषि समितिको कार्यविधि, २०८०" को मस्यौदा लेखन सम्बन्धि उपसमिति

| उपसमितिका माननीयहरुको नामावली | बैठक संख्या | बैठक बसेको मिति |
|---|---|---|
| माननीय फणीन्द्र देवकोटा - संयोजक<br>माननीय अशोक कुमार श्रेष्ठ - सदस्य<br>माननीय दिलमाया पौ.वि. - सदस्य<br>माननीय वेद बहादुर गुरुङ - सदस्य<br>माननीय राजकुमारी भुजेल - सदस्य | १ | २०८०।०५।१२ |
| | २ | २०८०।०५।१५ |
| | ३ | २०८०।०५।२१ |
| | ४ | २०८०।०५।२५ |

## २.५ समितिमा माननीय सदस्यको उपस्थिति विवरण

**आ.व. २०८०/०८१**

समितिको कार्यसम्पादनको शिलशिलामा आ.व. २०८०।०८१ मा विभिन्न समयमा बसेको समिति बैठकहरुमा उपस्थित माननीयहरुको उपस्थिति विवरणः

| क्र.सं. | नाम, थर | कूल बैठक संख्या | उपस्थित बैठक संख्या | अनुपस्थित बैठक संख्या |
|---|---|---|---|---|
| १ | माननीय श्री अशोक कुमार श्रेष्ठ | १९ | १५ | ४ |
| २ | माननीय श्री दिलमाया पौ.बि. | १९ | १५ | ४ |
| ३ | माननीय श्री नम्दु गुरुङ | १९ | १४ | ५ |
| ४ | माननीय श्री फणीन्द्र देवकोटा | १९ | १९ | ० |
| ५ | माननीय श्री बेद बहादुर गुरुङ | १९ | १९ | ० |
| ६ | माननीय श्री बिन्दु कुमार थापा | १९ | १३ | ६ |
| ७ | माननीय श्री भक्त बहादुर कुँबर | १९ | १५ | ४ |
| ८ | माननीय श्री महेश भट्टराई | १९ | १८ | १ |
| ९ | माननीय श्री राजकुमारी भुजेल | १९ | १६ | ३ |
| १० | माननीय श्री राजिव गुरुङ | १९ | ५ | १४ |
| ११ | माननीय श्री लील बहादुर थापा मगर | १९ | ९ | १० |
| १२ | माननीय श्री श्याम राजा महत | १९ | १२ | ७ |
| १३ | माननीय श्री महेन्द्रध्वज जि.सी. मन्त्री, कृषि तथा भूमि व्यवस्था मन्त्रालय | १९ | १६ | ३ |
| १४ | माननीय श्री सरस्वती अर्याल तिवारी, मन्त्री, उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय | १९ | १२ | ७ |
| १५ | माननीय श्री सुशिला सिंखडा, मन्त्री, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | १९ | ११ | ८ |

## आ.व. २०८१/०८२

समितिको कार्यसम्पादनको शिलशिलामा आ.व. २०८१।०८२ मा विभिन्न समयमा बसेको समिति बैठकहरुमा उपस्थित माननीयहरुको उपस्थिति विवरणः

| क.सं. | नाम, थर | कूल बैठक संख्या | उपस्थित बैठक संख्या | अनुपस्थित बैठक संख्या |
|---|---|---|---|---|
| १ | माननीय श्री अशोक कुमार श्रेष्ठ | ६ | ४ | २ |
| २ | माननीय श्री दमयन्ती रुचाल | २९ | १९ | १० |
| ३ | माननीय श्री दिलमाया पौ.बि. | २९ | १९ | १० |
| ४ | माननीय श्री नम्डु गुरुङ | २९ | ६ | २३ |
| ५ | माननीय श्री बेद बहादुर गुरुङ | १३ | १२ | १ |
| ६ | माननीय श्री भक्त बहादुर कुँवर | २९ | २७ | २ |
| ७ | माननीय श्री महेन्द्रध्वज जि.सी. | २९ | २४ | ५ |
| ८ | माननीय श्री महेश भट्टराई | २९ | २४ | ५ |
| ९ | माननीय श्री राजकुमारी भुजेल | १३ | ८ | ५ |
| १० | माननीय श्री लील बहादुर थापा मगर | २९ | १० | १९ |
| ११ | माननीय श्री सरस्वती अर्याल तिवारी | २९ | २० | ९ |
| १२ | माननीय श्री सुनिता थापा | २३ | २३ | ० |
| १३ | माननीय श्री श्याम राजा महत | २९ | ११ | १८ |
| १४ | माननीय श्री हरि बहादुर चुमान | २९ | २३ | ६ |
| १५ | माननीय श्री पदमा जि.सी. श्रेष्ठ, मन्त्री, कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | २९ | १२ | १७ |
| १६ | माननीय श्री बिन्दु कुमार थापा, मन्त्री, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय | २९ | १९ | १० |
| १७ | माननीय श्री कृष्ण प्रसाद पाठक, मन्त्री, स्वास्थ्य मन्त्रालय | २९ | ६ | २३ |
| १८ | माननीय श्री फणिन्द्र देवकोटा मन्त्री उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय | २९ | १८ | ११ |

# अनुसूचीहरु

## अनुसूची -१

## “सामाजिक विकास तथा कृषि समितिको कार्यविधि, २०८०”

**<u>प्रस्तावनाः</u>** सामाजिक विकास तथा कृषि समितिको बैठकलाई व्यवस्थित, प्रभावकारी, मर्यादित एवं नतिजामूलक बनाउन वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा १९३ तथा गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५८ को उपनियम (६) बमोजिम सामाजिक विकास तथा कृषि समितिले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "सामाजिक विकास तथा कृषि समितिको, कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधि समितिले पारित गरेको मिति देखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

(क) “उप-समिति” भन्नाले सामाजिक विकास तथा कृषि समितिको बैठकबाट गठित उप-समिति सम्झनु पर्छ।

(ख) “कार्यदल” भन्नाले सामाजिक विकास तथा कृषि समितिको बैठकबाट गठित कार्यदललाई सम्झनु पर्छ ।

(ग) “नियमावली” भन्नाले गण्डकी प्रदेश सभा नियमावली, २०८० सम्झनुपर्छ।

(घ) “पत्राचार” भन्नाले कागजमा लेखिएका चिठ्ठी पत्र तथा विद्युतीय माध्यमबाट गरिएका सूचना समेतलाई संझनु पर्छ ।

(ङ) “बैठक” भन्नाले सामाजिक विकास तथा कृषि समितिको बैठक सम्झनु पर्छ र सो शब्दले समितिद्वारा गठित उपसमिति वा कार्यदलको बैठकलाई समेतलाई जनाउँछ।

(च) “भ्रमण” भन्नाले समितिको कार्यक्षेत्रसँग सरोकार राख्ने सरकारी तथा गैह्र सरकारी संघ संस्थाको सहयोग, समन्वय र सहकार्यमा स्वदेश वा विदेशमा हुने स्थलगत अध्ययन, अनुगमन तथा निरीक्षण भ्रमण समेतलाई जनाउँछ ।

(छ) “विद्युतीय माध्यम” भन्नाले इमेल, एस.एम.एस., फोन, ह्वाट्स एप, भाइवर, मेसेन्जर लगायतका संचारका माध्यमलाई सम्झनु पर्छ ।

(ज) “सचिव” भन्नाले सामाजिक विकास तथा कृषि समितिको सचिवलाई सम्झनु पर्छ।

(झ) "सचिवालय" भन्नाले सामाजिक तथा कृषि समितिको सचिवालय संझनु पर्छ ।

(ञ) "सदस्य" भन्नाले गण्डकी प्रदेश सभाको सामाजिक विकास तथा कृषि समितिको सदस्यलाई सम्झनु पर्छ।

(ट) "सभा" भन्नाले गण्डकी प्रदेश सभालाई जनाउँछ।

(ठ) "सभापति" भन्नाले सामाजिक विकास तथा कृषि समितिको सभापति सम्झनु पर्छ र सो शब्दले सभापतिको अनुपस्थितिमा समितिको सभापतिको रुपमा काम गर्ने उपस्थित सदस्य मध्ये जेष्ठ सदस्यलाई समेत जनाउँछ।

(ड) "सभामुख" भन्नाले प्रदेश सभाको सभामुख सम्झनु पर्छ।

(ढ) "समिति" भन्नाले गण्डकी प्रदेश सभाको सामाजिक विकास तथा कृषि समितिलाई सम्झनु पर्छ।

(ण) "संयोजक" भन्नाले समितिद्वारा गठित उपसमिति वा कार्यदलको संयोजक संझनु पर्छ ।

३. **समितिको बैठकः** (१) समितिको बैठक आवश्यकतानुसार सभापतिले बोलाउन सक्नेछ । तर समितिका एक चौथाई सदस्यले छलफल गर्नुपर्ने विषयसहित बैठक बोलाउन उपयुक्त छ भनी सभापति समक्ष लिखित अनुरोध गरेमा पाँच दिनभित्र सभापतिले बैठक बस्ने मिति र समय तोक्नुपर्नेछ।

(२) समितिको बैठक सञ्चालन सभापतिले गर्नेछ। सभापति चयन नहुँदासम्म उपस्थित सदस्यमध्ये जेष्ठ सदस्यले बैठकको सञ्चालन गर्नेछ।

(३) समितिको निर्णय सभापतिद्वारा प्रमाणित गरिनेछ।समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ।

४. **बैठकको प्रारम्भ र अन्त्य :** सभापतिले प्रत्येक बैठकको प्रारम्भ र अन्त्यको घोषणा गर्नेछ।

५. **बैठकको कार्यसूचीः** सामान्यतया पछिल्लो बैठकको कार्यसूची अघिल्लो बैठकमा नै निर्धारण हुनेछ। त्यसरी निर्धारण हुन नसकेको अवस्थामा सभापतिको निर्देशनमा सचिवले कार्यसूची तयार गरी सदस्यहरुलाई बैठक अगावै विद्युतीय माध्यमबाट जानकारी गराउन सक्नेछ । तर विषयको गाम्भिर्यता अनुसार तत्काल कुनै वियषवस्तु कार्यसूचीमा राख्न बाधा परेको मानिने छैन ।

६. **उपस्थितिः** बैठकमा उपस्थित सदस्यले वर्णानुक्रमानुसार निर्णय पुस्तिकामा उल्लेखित आफ्नो नामको पछाडि दस्तखत गरी उपस्थिति जनाउनुपर्नेछ।

७. <u>आसनको क्रमः</u> (१) बैठकमा सभापतिको दायाँ तर्फ क्रमशः मुख्यमन्त्री, समितिको कार्यक्षेत्रसँग सम्बन्धित मन्त्रालयका मन्त्री, समितिका सदस्य बस्नेछन् । सभापतिको बायाँ तर्फ समिति सचिव, प्रदेश सभा सचिव, मन्त्रालयका अन्य पदाधिकारी तथा आमन्त्रित सरोकारवाला तथा विज्ञ, वायाँ तर्फको दोस्रो पङ्तीमा सचिवालयका कर्मचारी, सचिवालयका सहायक कर्मचारी र सम्बन्धित मन्त्रालयका अन्य कर्मचारी, सभापतिको अगाडि तर्फ पत्रकार र अवलोकनकर्ता बस्नेछन् ।

(२) प्रदेश सभाका सभामुख, विपक्षी दलका नेता तथा उपसभामुखलाई आमन्त्रण गरिएको बैठकमा उपदफा (१) मा उल्लेख भएको आसनको क्रममा दायाँ तर्फ क्रमशः मुख्यमन्त्री, सभामुख, विपक्षी दलको नेता, कार्यक्षेत्रसँग सम्बन्धित मन्त्री, उपसभामुख, समितिका सदस्य रहने गरी आसनको क्रम मिलाइने छ ।

८. **<u>बैठकको सञ्चालन, समय व्यवस्थापन र छलफलः</u>** बैठकको सञ्चालन, समय व्यवस्थापन र छलफल सम्बन्धी अन्य व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) बैठकको सभापतित्व सभापतिबाट हुनेछ । निजको अनुपस्थितिमा समितिका सदस्यमध्ये जेष्ठ सदस्यले सभापतित्व गरेको अवस्थामा सभापतिले प्रयोग गर्ने सवै अधिकार प्रयोग गर्न सक्नेछ।

(ख) नियमावलीको नियम १६४ बमोजिम समितिको गणपुरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको एक चौथाई हुनेछ ।

(ग) बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ । सर्वसम्मत हुन नसकेमा तत्काल कायम रहेका सदस्य संङ्ख्याको बहुमतको निर्णय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ ।

(घ) कुनै पनि सदस्यले छलफलमा भाग लिन वा प्रश्न सोध्न सभापतिको अनुमति लिनु
पर्नेछ । कुनै एक सदस्य बोलिरहेको समयमा अर्को सदस्य बोल्न पाइने छैन
।

(ङ) बैठकको शुरुमा नै कार्यसूचीमा परेका विषयवस्तुको प्रकृति र महत्वलाई ध्यानमा राखी बैठकको समयावधि निर्धारण गरिनेछ । बैठकको समयावधि सामान्यतया दुई देखि साडे दुई घन्टा हुनेछ । तसर्थ, आवश्यकता अनुसार सदस्यले बोल्ने समयको निर्धारण गरी छलफल गरिनेछ र छलफलमा भाग

लिने सदस्यले छलफलको विषयमा केन्द्रित रही निर्धारित समयभित्र आफ्नो विचार पालै पालो राख्नुपर्नेछ ।

(च) विशेष कारणवश सभापतिलाई सूचना दिएको अवस्थामा बाहेक बैठक प्रारम्भ भएपश्चात अन्त्य नभएसम्म सदस्य बैठकमा उपस्थिति रहनु पर्नेछ ।

(छ) बैठकको विषय वस्तुमा केन्द्रित रहन र बैठकलाई मर्यादित तुल्याउन मोवाइल वा संचार सेट बैठकलाई प्रतिकूल असर नपर्ने गरी व्यवस्थापन गर्नु सवैको कर्तव्य हुनेछ ।

(ज) विशेष कारण परेको अवस्थामा बाहेक सभापति आफ्नो आसन बाट नउठे सम्म अन्य सदस्य वा कर्मचारी उठ्नुहुदैन र बाहिर जानु परेको अवस्थामा सभापतिको स्वीकृति लिएर जानु पर्नेछ ।

(झ) समितिका हरेक सदस्यले आँफूले पाएको जानकारी तथा सूचना गोप्य राख्नु पर्नेछ ।

(ञ) निर्धारित समयबाट एक घण्टासम्म पनि वैठक प्रारम्भ हुन नसकेमा सभापतिले सो बैठक स्थगित गरी तत्काल अर्को बैठकको मिति र समय तोक्न सक्नेछ ।

(ट) बैठक व्यवस्थापन र सञ्चालनका सम्बन्धमा सभापतिको निर्णय अन्तिम हुनेछ ।

(ठ) गोप्य बैठकः (१) समितिले उपयुक्त ठानेका विषयमा गोप्य बैठक बस्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको गोप्य बैठकमा समिति बाहेक गण्डकी प्रदेश सभाका सभामुख, उपसभामुख, प्रदेश सभा सचिव तथा समितिले आवश्यक ठहऱ्याएका व्यक्ति बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न अनुमति दिइने छैन।

९. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** नियमावलीमा उल्लेख भएका नियम १५३ को क्रमसंङ्ख्या ४ को कार्यक्षेत्रको अधिनमा रही समितिको काम, कर्तव्य र अधिकार नियम १५८ मा उल्लेख भए बमोजिम हुनेछ ।

माथि उल्लिखित खण्डहरू बमोजिम कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा निर्देशनालयका प्रतिनिधिहरू र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरूसँग समेत विचारको आदान प्रदान गर्न सकिनेछ।

१०. **<u>सभापतिको काम, कर्तव्य र अधिकारः</u>** नियमावलीमा उल्लेख भएका कामका अतिरिक्त सभापतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठक बोलाउने तथा बैठकको अध्यक्षता गर्ने,

(ख) नियमावलीले प्रदान गरेको अधिकार प्रयोग गर्ने,

(ग) समितिबाट निर्णय भएका विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने,

(घ) समितिको तर्फबाट अन्य निकायसँग हुने काम, कारवाहीमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

(ङ) प्रचलित ऐन, नियम बमोजिम तोकिएका कार्य गर्ने ।

**११. <u>सदस्यको काम, कर्तव्य र अधिकारः</u>** नियमावलीमा उल्लेख भएका कामका अतिरिक्त सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समिति तथा उप-समितिको बैठकमा सहभागिता जनाउने, छलफलमा भाग लिने, विषयमा राय प्रस्तुत गर्ने,

(ख) आफूलाई प्रदान गरिएको जिम्मेवारी रचनात्मक तथा सृजनात्मक तरिकाबाट निर्वाह गर्ने,

(ग) समिति, उप-समितिको काम प्रभावकारी रुपमा सम्पन्न गर्न दत्तचित्त भई कार्य गर्ने,

(घ) समिति, उप-समितिले गर्नुपर्ने कामको सन्दर्भमा योजना बनाई समिति तथा उप-समितिको बैठकमा पेश गर्ने,

(ङ) आफूलाई प्रदान गरिएका जिम्मेवारी तथा कामको विवरण समिति तथा उप-समितिको बैठकमा राख्ने,

(च) सभापति तथा उप-समितिको संयोजकलाई सहयोग गर्ने,

(छ) समिति तथा उप-समितिबाट भएका कामका सन्दर्भमा सभापति र संयोजकबाट जानकारी लिने,

(ज) सभापति तथा उप-समितिको संयोजकले तोकेको अन्य कार्य गर्ने।

**१२. <u>समिति सचिवको काम, कर्तव्य र अधिकारः</u>** नियमावलीमा उल्लेख भएका कामका अतिरिक्त समिति सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सभापतिको निर्देशनमा समिति सचिवले छलफलमा सहभागिताका लागि समितिका सदस्य, आमन्त्रित विज्ञ तथा सरोकारवालालाई बैठकमा उपस्थितिका लागि विद्युतीय माध्यमबाट आमन्त्रण गर्न सक्नेछ,

(ख) बैठकमा छलफल क्रममा उठान भएका विषयमा आफ्नो राय राख्न सक्ने र आफूलाई प्रदान गरिएको जिम्मेवारी रचनात्मक तथा सिर्जनात्मक तरिकाबाट निर्वाह गर्ने साथै सभापतिले आवश्यक ठानेका विषयमा मात्र आफ्नो राय पेश गर्ने,

(ग) समितिमा प्राप्त कागजात, समितिमा भएको छलफल, निर्णय र कामकारवाहीसँग सम्बन्धित अभिलेख सभापतिको निर्देशन अनुसार व्यवस्थित गरी राख्ने र त्यस्तो निर्णय र अभिलेख सभापतिको अनुमति विना प्रदेश सभा सचिवालय बाहिर लैजान नहुने,

तर, संविधान र प्रचलित कानुन बमोजिम गोप्य राख्नु पर्ने विषय वा समितिले गोप्य राख्नु पर्ने भनी किटान गरेका विषय बाहेक समितिका अभिलेखको समुचित प्रकाशन वा प्रसारण गर्न यस खण्डले बाधा पुऱ्याएको मानिने छैन,

(घ) समिति सचिवले आफूले गर्नुपर्ने काम आवश्यकता अनुसार सहायक कर्मचारीलाई लगाउन सक्नेछ त्यस्तो काम गर्नु सहायक कर्मचारीको समेत जिम्मेवारी हुनेछ,

(ङ) समितिको विषयसँग सम्बन्धित कागजात, सूचना वा जानकारी समितिका सदस्यलाई उपलब्ध गराउने,

(च) समिति सचिवको सरुवा, बढुवा, सेवा निवृत वा अन्य कुनै कारणले जिम्मेवारीबाट अलग भएमा आफ्नो जिम्मामा रहेको समितिका सम्पूर्ण अभिलेख सम्बन्धित अधिकारी समक्ष लिखिलरुपमा बरबुझारथ गर्नु पर्नेछ।

१३. **जन सरोकारका विषयमा केन्द्रित हुनु पर्ने :** (१) समिति सम्बद्ध विषयहरुमा समापतिले उपयुक्त सम्झेका समितिको कार्यक्षेत्रभित्र परेका सार्वजनिक सञ्चार माध्यम र सामाजिक सञ्जालमा प्रकाशित एवं प्रसारित भएका विषयले प्राथमिकता पाउने छ ।

(२) समितिले सरोकारवाला वा संस्था, हित समुह आदिबाट प्राप्त उजुरी, निवेदन तथा गुनासाहरु लगायत जनसरोकारका विषयहरुमा छलफल गर्न सक्नेछ ।

(३) समितिले आवश्यक ठानेमा कुनै उजुरीकर्ता वा सूचकलाई बैठकमा आमन्त्रण गरी छलफल गर्न सक्नेछ । निजहरुलाई आफ्नो सहयोगका लागि कसैलाई बैठकमा ल्याउन चाहेमा सभापतिको पूर्व अनुमति लिनु पर्नेछ ।

(४) सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन, मुल्यांकन गर्ने तथा समिति सम्बद्ध मन्त्रालय अन्तर्गतका कार्यक्रम, योजना तथा परियोजनाको लागत, परिणाम, गुणस्तर, समय आदिलाई मध्यनजर गरी आवश्यक निर्देशन एवं रायसल्लाह दिन सक्नेछ ।

१४. **<u>बैठकमा भाग लिन सक्ने:</u>** समितको सदस्य बाहेक प्रदेश सभाको कुनै सदस्यले समितिको बैठकमा भाग लिन चाहेमा सभापतिको स्वीकृति लिई सहभागी हुन सक्नेछ । तर यस्तो सदस्य र आमन्त्रित सदस्यलाई समितिमा मताधिकार हुने छैन्।

१५. **<u>परामर्श लिन सक्ने:</u>** समितिले आवश्यक ठानेमा सम्बन्धित पक्ष, विभिन्न विषयका विज्ञ तथा सरोकारवाला प्रतिनिधिलाई समितिमा आमन्त्रण गरी आवश्यक परामर्श तथा सुझाव लिन

सक्नेछ। साथै आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा राय सुझाव लिन समितिमा छलफल गरिने विषयसँग स्वार्थ नबाझिने गरी विज्ञ समुह निर्माण गर्न सक्नेछ ।

१६. **सहयोग पुऱ्याउनु पर्नेः** समितिको बैठक सञ्चालनमा समितिका सबै सदस्यले सभापतिलाई सहयोग गर्नुपर्नेछ।

१७. **कागजात झिकाउन वा कुनै पदाधिकारी वा व्यक्तिलाई उपस्थित गराउन सक्नेः** (१) समितिले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित कामको लागि आवश्यक कुनै कागजात झिकाउन, कुनै विषयमा छलफल गर्न र स्पष्टीकरण सोध्न कुनै व्यक्ति, निकाय वा पदाधिकारीलाई उपस्थित गराउन सक्नेछ।

(२) यसरी उपस्थित गराइएको व्यक्ति, निकाय वा पदाधिकारीबाट समितिले आवश्यक जानकारी लिन, स्पष्टीकरण सोध्न र निर्देशन दिन सक्नेछ।

(३) समितिले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा आवश्यक कागजात, सूचना, तथ्यांक वा अन्य सन्दर्भ सामग्री माग गरेमा सो कागजात, सूचना, तथ्यांक वा अन्य सन्दर्भ सामग्री सम्बन्धित व्यक्ति, निकाय वा पदाधिकारीले समितिमा निर्धारित समयभित्रै पेश गर्नुपर्नेछ।

१८. **अध्ययन, भ्रमण, अनुगमन तथा अन्तर्क्रिया गर्न सक्नेः** समितिले आवश्यकता अनुसार आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा अध्ययन, भ्रमण, अनुगमन तथा मुल्यांकन गर्न र विषयसँग सरोकार राख्ने पक्षहरु र विशेषज्ञहरुसँग छलफल, सोधपुछ तथा अन्तर्क्रिया गर्न सक्नेछ ।

१९. **विधेयकको दफावार छलफलः** (१) समितिको कार्यक्षेत्रसँग सम्बन्धित विधेयक प्रदेश सभाको बैठकबाट समितिमा दफावार छलफलको लागि प्राप्त भएमा त्यस्तो विधेयकमाथि समितिमा दफावार छलफल हुनेछ।

(२) समितिको बैठकमा विधेयकमाथि दफावार छलफल गर्दा विशेषज्ञ, सरोकारवाला र संसोधन पेस गर्ने सदस्यलाई आमन्त्रण गर्न सकिनेछ।

(३) विधेयक माथि दफावार छलफल समाप्त भएपछि सो सम्बन्धी प्रतिवेदन तयार गरी सभामा पेश गरिनेछ।

२०. **उपसमिति गठन गर्न सक्नेः** (१) समितिले सम्पादन गर्नुपर्ने कुनै काम व्यवस्थित र छिटो छरितो गर्नको लागि समितिले आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको उपसमितिले सम्पादन गर्नुपर्ने काम, कार्यविधि एवम् सो उपसमितिमा रहने सदस्यको नामसहितको प्रस्ताव सभापतिले बैठकसमक्ष निर्णयार्थ प्रस्तुत गर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रस्ताव बैठकबाट स्वीकृत भएपछि उपसमिति गठन भएको मानिने छ। सो उपसमितिले आफ्नो संयोजक र सहसंयोजकमध्ये एकजना महिला पर्ने गरी चयन गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम उपसमिति गठन गर्दा कुनै एक जना सदस्य अर्को उपसमितिमा नपर्ने गरी एकभन्दा वढी उपसमिति गठन गर्न सकिनेछ।

(५) उपसमितिमा राखिएका सदस्यको माग र कामको अनुभवका आधारमा एक पटकको लागि समितिको सभापतिले जिम्मेवारी हेरफेर गर्न सक्नेछ।

(६) उपसमितिले आफ्नो कार्यसम्पादनको सिलसिलामा नियमावलीको नियम १६२ को उपनियम (३) बमोजिम सभापतिसँग पूर्वस्वीकृति लिई कुनै स्थानको भ्रमण गर्न सक्नेछ।

२१. **<u>प्रतिवेदन प्रस्तुत गर्ने:</u>** दफा २० बमोजिम गठित उपसमितिले तोकेको कार्य अवधिभित्रै आफूलाई प्राप्त जिम्मेवारी बमोजिमको कार्य सम्पन्न गरी बैठक समक्ष प्रतिवेदन पेश गर्नेछ।

तर विशेष कारणवश निर्धारित अवधिभित्र कार्य सम्पन्न हुन नसकेको कारणसहित उपसमितिले थप समयको माग गरेमा समितिले आवश्यक समय थप गर्न सक्नेछ।

२२. **<u>प्रतिवेदन उपरको छलफल:</u>** उपसमितिबाट प्रस्तुत प्रतिवेदन उपर समितिको पूर्ण बैठकले छलफल गरी आवश्यक निर्णय गर्नेछ।

२३. **<u>सदस्यलाई ध्यानाकर्षण:</u>** समिति, उप-समितिमा रहेर जिम्मेवारी पुरा नगर्ने सदस्यको कामको मुल्यांकन गर्दै सभापतिले बैठक मार्फत सम्बन्धित सदस्यलाई ध्यानाकर्षण गराउन सक्नेछ।

२४. **<u>लगातार अनुपस्थितिको कारबाही:</u>** कुनै जानकारी बिना समितिको सदस्य लगातार तीन वटा बैठकमा अनुपस्थित भएमा सभापतिले सचेत गराउन सक्नेछ र लगातार पाँच वटा बैठकमा अनुपस्थित भएमा समिति सदस्यलाई सभापतिको सिफारिसमा सभामुखले समिति सदस्यबाट हटाउन सक्नेछ र सो को जानकारी सभालाई गराउनेछ।

२५. **<u>आचरण र व्यवहार:</u>** नियमावलीको व्यवस्था अनुसार आचरण र व्यवहारको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ।

२६. **<u>समिति संचालन र खर्च व्यवस्थापन</u>** : समिति संचालन र खर्च व्यवस्थापन सम्बन्धी व्यवस्था नियमावलीमा उल्लेख भए अनुसार हुनेछ ।

२७. **<u>समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा:</u>** (१) समितिले वर्षभरिमा गरेका सबै काम कारवाहीको प्रतिवेदन तयार गर्न एक उपसमिति बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको प्रतिवेदन समितिमा पेश भएपछि समितिले सो प्रतिवेदन माथि छलफल गरी प्रतिवेदनमा समितिका निर्णय कार्यान्वयन स्थितिको तुलनात्मक विवरण र समितिको सुझाव समेत समावेश गरी पारित गर्नेछ र सभामा पेश गर्नेछ।

(३) सभामा पेश भएको प्रतिवेदन सम्बन्धित मन्त्रालयले कार्यान्वयन गर्नुपर्नेछ र कार्यान्वयनको अवस्थाको जानकारी मन्त्रीले नियमितरुपमा समितिलाई गराउनु पर्नेछ।

(४) समितिले आफ्नो वार्षिक प्रतिवेदन कार्यान्वयन भए नभएको अनुगमन एवं मूल्याङ्कन गरी सोको प्रतिवेदन सभामा पेश गर्न सक्नेछ।

(५) समितिले प्रतिवेदनमाथि सभामा छलफल गर्न सभामुखसँग परामर्श गर्न सक्नेछ।

२८. **समन्वय एवं सहकार्य**ः समितिले आवश्यकता अनुसार अन्य समितिसँग समन्वय र सहकार्य गर्न सक्नेछ ।

२९. **अभिलेख व्यवस्थापनः** समिति सचिवालयले समितिको काम कारवाहीको अभिलेख चुस्त दुरुस्त राख्नेछ।

३०. **व्याख्याः** यो कार्यविधिको व्याख्या गर्ने अधिकार सभापतिलाwई हुनेछ।

३१. **संशोधनः** समितिले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

## अनुसूची -२

### “गण्डकी प्रदेशमा विउ विजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” सम्बन्धी प्रतिवेदन

गण्डकी प्रदेश सभाको मिति २०८०/०६/११ गतेको बैठकको निर्णयबाट यस समितिमा प्राप्त हुन आएको "गण्डकी प्रदेशमा बीउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक" का सम्बन्धमा देहायबमोजिम संशोधन गर्नेः

१. गण्डकी प्रदेशमा वीउ बिजन सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०८० (यसपछि “विधेयक" भनिएको) को प्रस्तावनामा रहेका "उत्पादन, प्रशोधन तथा परीक्षण" भन्ने शब्दहरुको सट्टा "उत्पादन, परीक्षण, प्रशोधन तथा नियमन" भन्ने शब्दहरु राख्ने।

२. विधेयकको दफा २ को,-

(१) खण्ड (छ) मा रहेको "नगदे" भन्ने शब्द पछि "कन्दमूल" भन्ने शब्द थप गर्ने।

(२) खण्ड (ढ) मा रहेका "सूचीकृत वीउ बिजन" भन्ने शब्दहरुको सट्टा "सूचीत बीउ बिजन" भन्ने शब्दहरु राख्ने र

(३) देहाय बमोजिमका परिभाषा थप गरी वर्णानुक्रम मिलाउनेः-

(क) "किसिम" भन्नाले एकै नामद्वारा चिनिएका वा चिनिन सक्ने कुनै वनस्पतिको सबै जातमूल (स्पेसिज्) तथा उपजातमूल (सवस्पेसिज्) सम्झनु पर्छ।

(ख) “सामुदायिक बीउ विजन बैङ्क" भन्नाले रैथाने तथा स्थानीय बालीको यथास्थान संरक्षण, उपयोग तथा प्रबर्धन गर्ने उद्देश्यले कृषक समूह वा सहकारीले सामुहिक रुपमा व्यवस्थापन गरी राखेको बीउको भण्डार सम्झनु पर्छ।

(ग) "भाँडो (कन्टेनर)" भन्नाले बाकस, टिनको बट्टा, शीशी, थैली, बोरा, भकारी, व्यारेल वा अन्य यस्तै बीउ बिजन राख्न प्रयोग गरिने भाँडो सम्झनु पर्छ।

३. विधेयकको दफा ३ को,-

(१) उपदफा (१) को खण्ड (छ) मा रहेका "बीउ बिजन" भन्ने शब्दहरु पछि "उद्दमी र" भन्ने शब्दहरु थप गर्ने।

(२) उपदफा (१) को खण्ड (ज) मा रहेका "बीउ उत्पादन" भन्ने शब्दहरुको सट्टा "बीउ बिजन उत्पादक" भन्ने शब्दहरु राख्ने।

४. विधेयकको दफा ४ को,-

(१) उपदफा (१) मा रहेका "कम्तीमा दुई पटक" भन्ने शब्दहरुको सट्टा "कम्तीमा तीन पटक" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (३) मा रहेका "पचास प्रतिशत" भन्ने शब्दहरुको सट्टा "कम्तीमा एकाउन्न प्रतिशत" भन्ने शब्दहरु राख्ने।

५. विधेयकको दफा ५ को,-

१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) बीउ बिजन उत्पादन, प्रशोधन, भण्डारण तथा वितरण कार्यमा संघीय सरकारी निकाय, स्थानीय तह, संस्था र अन्य सरोकारवाला निकायबीच आवश्यक समन्वय कायम गर्ने।

(२) खण्ड (झ) मा रहेका "संरक्षणका लागि प्रदेशस्तरमा" भन्ने शब्दहरुको सट्टा "संरक्षण, संवर्द्धन र प्रबर्धनका लागि" भन्ने शब्दहरु राख्ने।

(३) खण्ड (झ) पछि देहायको खण्ड (ञ) थप गरी त्यसपछिका खण्डको क्रम मिलाउनेः-

"(ञ) प्रदेशमा आवश्यक पर्ने गुणस्तरीय बीउ बिजनको उत्पादन, उपलब्धता र माग आपूर्तीको सुनिश्चित गर्न आवश्यक योजना र प्रदेश स्तरीय बीउ बिजन वासलात तयार गरी लागु गर्ने, गराउने,"

६. विधेयकको दफा ५ पछि देहायको दफा ६ थप गरी त्यसपछिका दफाको क्रम मिलाउनेः-

"६. सामुदायिक बीउ बिजन बैङ्कः (१) स्थानीय तथा रैथाने बालीको बीउ बिजनमा कृषक अधिकार र खाद्य सम्प्रभुताको हक सुनिश्चितता गर्न, स्थानीय स्तरमा आवश्यक पर्ने विभिन्न बालीका गुणस्तरीय बीउ बिजन उपलब्ध गराउन र स्थानीय तथा रैथाने बालीको संरक्षण एवम् प्रबर्धन गर्न कृषक समूह वा सहकारीले सामुदायिक बीउ बिजन बैङ्क स्थापना गर्न सक्नेछन् ।

(२) सामुदायिक बीउ बिजन बैङ्क स्थापना तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

७. विधेयकको साबिक दफा ६ दफाक्रम मिलाउँदा कायम हुने दफा ७ को उपदफा (१) मा रहेका "बीउ बिजन उत्पादन, प्रशोधन" भन्ने शब्दहरु पछि "भण्डारण" भन्ने शब्द थप गर्ने।

८. विधेयकको साविक दफा ७ दफाक्रम मिलाउँदा कायम हुने दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः-

"८. प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रः (१) यो ऐन प्रारम्भ भए पश्चात प्रदेश बीउ बिजन प्रयोगशाला प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको रुपमा रुपान्तरण हुनेछ।

(२) बीउ बिजन परीक्षण, गुणस्तर नियन्त्रण र तत्सम्बन्धी अन्य कार्य प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रले गर्नेछ।"

९. विधेयकको साबिक दफा ८ दफाक्रम मिलाउँदा कायम हुने दफा ९ पछि देहायको दफा १० थप गरी त्यसपछिका दफाको क्रम मिलाउनेः- "१०. बीउ बिजन परीक्षण प्रयोगशाला स्थापना गर्न सक्नेः

(१) बीउ बिजनको परीक्षण र तत्सम्बन्धी अन्य कार्य गर्नको लागि संघीय ऐनमा व्यवस्था भएको मापदण्ड बमोजिम स्थानीय तह वा कुनै व्यक्ति वा संघ संस्थाले बीउ बिजन परीक्षण प्रयोगशालाको स्थापना गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको प्रयोगशाला स्थापना गर्न अनुमतिका लागि तोकिएको दस्तुर तिरी तोकिए बमोजिमको ढाँचामा समिति समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर समितिले अध्ययन गरी उपयुक्त देखेमा तोकिएबमोजिमको शर्तको अधिनमा रही समितिले प्रयोगशालाको स्थापना र सञ्चालन गर्न अनुमति दिनेछ ।

(४) उपदफा (१) बमोजिमको प्रयोगशालाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिमको प्रयोगशालाको रेखदेख, नियन्त्रण तथा नवीकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. विधेयकको साबिक दफा ९ दफाक्रम मिलाउँदा कायम हुने दफा ११ को,-

(१) उपदफा (१) मा रहेको "चाहेमा" भन्ने शब्द को सट्टा "आवश्यक ठानेमा" भन्ने शब्दहरु राख्ने।

(२) उपदफा (३) मा रहेका "सूचित बीउ बिजन वा पञ्जीकृत बिउ बिजन" भन्ने शब्दहरुको सट्टा "सूचित वा पञ्जीकृत बीउ बिजन" भन्ने शब्दहरु राख्ने।

(३) उपदफा (४) मा रहेको "पञ्जीकृत" भन्ने शब्दको सट्टा "सूचित वा पञ्जीकृत" भन्ने शब्दहरु राख्ने ।

४) उपदफा (५) मा रहेको "बमोजिम" भन्ने शब्द पछि "सूचीत वा" भन्ने शब्दहरु राख्ने।

५) उपदफा (६) मा रहेका "बीउ बिजनको जात सूचित गर्ने वा पञ्जीकरण गर्ने" भन्ने शब्दहरुको सट्टा "बीउ बिजनको जात सूचित वा पञ्जीकरण गर्ने" भन्ने शब्दहरु राख्ने।

११. विधेयकको साविक दफा १० दफाक्रम मिलाउँदा कायम हुने दफा १२ मा रहेका " दफा ९" भन्ने शब्दको सट्टा "दफा ११" भन्ने शब्दहरु राख्ने।

१२. विधेयकको साबिक दफा ११ दफाक्रम मिलाउँदा कायम हुने दफा १३ को.-

(१) उपदफा (१) मा रहेका "बीउ बिजनको" भन्ने शब्दहरु पछि "उत्पादन तथा" भन्ने शब्द थप गर्ने।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः- “(२) उपदफा (१) बमोजिमको प्रक्रिया पुरा गरेर मात्र बीउ बिजन बिक्री वितरण गर्नु पर्नेछ।"

१३. विधेयकको साबिक दफा १२ दफाक्रम मिलाउँदा कायम हुने दफा १४ को उपदफा (१) मा रहेको "हुँदैन" भन्ने शब्दको सट्टा "पाइने छैन" भन्ने शब्दहरु राख्ने।

१४. विधेययको साबिक दफा १६ दफाक्रम मिलाउँदा कायम हुने दफा १८ को उपदफा (१) मा रहेका "तोक्न सक्नेछ" भन्ने शब्दहरुको सट्टा "नियुक्त गर्न वा तोक्न सक्नेछ" भन्ने शब्दहरु राख्ने।

१५. विधेयकको साबिक दफा १९ दफाक्रम मिलाउँदा कायम हुने दफा २१ पछि देहायको दफा २२ थप गर्नेः-

"२२. क्षतिपुर्ति र दण्ड सजायः क्षतिपुर्ति र दण्ड सजाय सम्बन्धी व्यवस्था संघीय ऐन र प्रचलित कानून बमोजिम हुनेछ ।"

१६. विधेयकको साबिक दफा २१ दफाक्रम मिलाउँदा कायम हुने दफा २४ को सट्टा देहायबमोजिमका दफा २४ र दफा २५ राख्ने।

"२४. नियम बनाउने अधिकारः यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

२५. निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्नेः

(१) यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही प्रदेश सरकारले आवश्यक निर्देशिका र कार्यविधि बनाउन सक्नेछ ।

(२) यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही मन्त्रालयले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ।"

# अनुसूची -३

## “जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” सम्बन्धी प्रतिवेदन

“जीवनाशक विषादी व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” (यस पछि “विधेयक” भनिएको) मा देहाय बमोजिम संशोधन गर्ने,-

१. विधेयकको दफा १ को उपदफा (१) सट्टा देहाय बमोजिमको उपदफा (१) राख्ने,-

“(१) यस ऐनको नाम "गण्डकी प्रदेश जीवनाशक विषादी व्यवस्थापन ऐन, २०८१" रहेको छ।”

२. विधेयकको दफा २ को खण्ड (झ) मा रहेको “विषादीको प्रभावकारीता घटाउन थपिएका वस्तु” भन्ने वाक्यांशको सट्टा “वा न्यून गुणस्तरको विषादी” भन्ने वाक्यांश राख्ने।

३. विधेयकको दफा ३ को उपदफा (४) को सट्टा देहाय बमोजिमको उपदफा (४) राख्ने,-

“(४) संघीय ऐन अनुसार पञ्जिकरण गरिएका प्रदेश भित्र बिक्री वितरण गरिएका विषादीहरुको विवरण केन्द्रले बार्षिक रुपमा अद्यावधिक गर्नुपर्नेछ।”

४. विधेयकको दफा ४ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (२) राख्ने र त्यसपछिको उपदफाक्रम मिलाउने,-

“(२) कुनै व्यक्ति, संघ संस्था वा निकायले जैविक विषादीको मात्र बिक्री वितरण गर्न चाहेमा निजलाई केन्द्रले निःशुल्क इजाजतपत्र प्रदान गर्नेछ।”

(२) उपदफा (२) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (३) को “उपदफा (१)” भन्ने वाक्यांशको सट्टा “उपदफा (१) र (२)” भन्ने वाक्यांश राख्ने ।

(३) उपदफा (३) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (४) को “उपदफा (२)” भन्ने वाक्यांशको सट्टा “उपदफा (३)” भन्ने वाक्यांश राख्ने ।

(४) उपदफा (४) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (५) को “उपदफा (३)” भन्ने वाक्यांशको सट्टा “उपदफा (४)” भन्ने वाक्यांश राख्ने ।

(५) उपदफा (५) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (६) को “उपदफा (४)” भन्ने वाक्यांशको सट्टा “उपदफा (५)” भन्ने वाक्यांश राख्ने ।

(६) उपदफा (६) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (७) को “उपदफा (३), (४) र (५)” भन्ने वाक्यांशको सट्टा “उपदफा (४), (५) र (६)” भन्ने वाक्यांश राख्ने ।

(७) उपदफा (८) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (९) को सट्टा देहायको उपदफा (९) राख्ने,-

"(९) उपदफा (६) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (७) बमोजिम पनि नविकरण नभएको ईजाजतपत्र स्वत खारेज हुनेछ र केन्द्रले खारेज भएका ईजाजतपत्र सार्वजनिक सूचना प्रकाशन गरी सम्वन्धित सबैलाई जानकारी गराउनु पर्नेछ।"

(८) उपदफा (९) उपदफा क्रम मिलाउँदा कायम हुने उपदफा (१०) को "उपदफा (१)" भन्ने वाक्यांशको सट्टा "उपदफा (१) र (२)" भन्ने वाक्यांश राख्ने ।

५. विधेयकको दफा ५ को,-

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राख्ने,-

"(ख) इजाजतपत्र प्राप्त गर्नको लागि कम्तीमा एस.ई.ई. वा सो सरहको योग्यता भएको,"

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्ने,-

"(ग) खुद्रा विषादी विक्रेता सम्बन्धी विषादीको सुरक्षित भण्डारण, प्रयोग र विक्री वितरण सम्बन्धी तालिममा सहभागी भई केन्द्रले संचालन गरेको परिक्षा उत्तीर्ण गरेको प्रमाणपत्र प्राप्त गरेको।"

६. विधेयकको दफा ११ को खण्ड (छ) झिक्ने र त्यसपछिका खण्डक्रम मिलाउने ।

७. विधेयकको दफा १२ को,-

(१) उपदफा ८ मा रहेको "रुपमा" भन्ने शब्द झिक्ने ।

(२) उपदफा ११ मा रहेको "फरक क्षमता भएका" भन्ने वाक्यांश झिक्ने ।

(३) उपदफा (११) पछि देहायको उपदफा (१२) थप गरी साविक उपदफा (१२) लाई उपदफा (१३) कायम गर्ने,-

"(१२) पशुपन्छीमा वाहिरी परजीवि नियन्त्रण गर्न तयार गरिएको वा कुनै बालीमा छर्कन तयार गरिएको विषादीको घोल प्रयोग गरी बाँकी रहने भएमा त्यस्तो घोल तोकिए बमोजिम विसर्जन गर्नु पर्नेछ।"

८. विधेयकको दफा १२ पछि देहायको दफा १३ थप गरी त्यसपछिका दफाहरुको दफा क्रम मिलाउने,-

"१३. **<u>घरायसी प्रयोगमा आउने विषादीको विक्री वितरण र प्रयोग सम्बन्धी व्यवस्थाः</u>** (१) कुनै व्यक्ति संस्था वा निकायले प्रदेश भित्र घरायसी प्रयोगमा आउने विषादीहरु जस्तैः लामखुट्टे, साङ्ला, मुसा, घरमा लाग्ने झिंगा लगायतका जीवहरु नियन्त्रण गर्ने विषादीहरुको विक्री वितरण गर्दा तोकिएको मापदण्ड पुरा गरी गर्नुपर्नेछ।"

९. विधेयकको दफा १३ दफाक्रम मिलाउँदा कायम हुने दफा (१४) को,-

(१) उपदफा (४) मा रहेको "हुनु हुँदैन" भन्ने वाक्यांशको सट्टा "गर्न पाईने छैन" भन्ने वाक्यांश राख्ने ।

(२) उपदफा (८) पछि देहायको उपदफा (९) थप गर्ने,-

"(९) रासायनिक विषादी विक्री गर्दा विक्री पूर्व केन्द्रले तोकेको ढाँचामा विषादी खरिदकर्ता र प्रयोग गर्नुपर्ने वाली, वालीमा देखिएको समस्या र सो को सही पहिचान र क्षेत्रफल सम्बन्धी विवरण लिई सो को आधारमा आवश्यक पर्ने विषादीको परिमाण मिल्दो वा सो भन्दा नजिकको माथिल्लो परिमाणमा प्याकेजिङ गरिएको विषादी विक्री गरी सो को लगत राख्नुपर्नेछ।"

१०. विधेयकको दफा १४ दफाक्रम मिलाउँदा कायम हुने दफा (१५) को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने,-

"(१) मन्त्रालयले आवश्यकता अनुसार कृषि विज्ञानमा स्नातक वा सो सरहको योग्यता पुगेको प्रदेश कृषि सेवा बाली संरक्षण समूहमा कार्यरत अधिकृतस्तरको कर्मचारीलाई समितिले निर्धारण गरेको पाठ्यक्रम वमोजिमको तालिममा सहभागी भए पश्चात जीवनाशक विषादीको प्रयोग तथा व्यवस्थापन सम्बन्धी कार्य गर्नका लागि निरिक्षक नियुक्ति गर्न सक्नेछ।"

११. विधेयकको दफा १७ दफाक्रम मिलाउँदा कायम हुने दफा १८ को सट्टा देहायको दफा १८ राख्ने,-

"१८. **<u>विशेष कार्यक्रम सञ्चालन गर्न सक्नेः</u>** रासायनिक विषादीको प्रयोगबाट मानव, पशुपन्छी, बिरुवा तथा वातावरणीय स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्न प्रदेश सरकारले स्थानीय तहसँग समन्वय गरी घरेलु तथा जैविक विषादीको प्रयोग तथा प्रवर्द्धनात्मक विशेष कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।"

१२. विधेयकको दफा १९ दफाक्रम मिलाउँदा कायम हुने दफा २० को,-

(१) खण्ड (घ) पछि देहायको खण्ड (ङ) थप गर्ने र त्यसपछिका खण्डक्रम मिलाउने,-

"(ङ) दफा १२ को उपदफा ९ वमोजिमको राख्नुपर्ने विवरण नराखेमा,"

(२) खण्ड (छ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ज) को पछाडि देहायको खण्ड (झ) थप गरी त्यसपछिको खण्डक्रम मिलाउने,-

"(झ) जैविक विषादीको मात्र कारोबार गर्ने इजाजत लिई अन्य विषादीको कारोबार गरेमा,"

(३) खण्ड (झ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ट) को सट्टा देहायको खण्ड (ट) राख्ने,-

"(ट) विषादी व्यवस्थापन तथा विषादी निरिक्षकलाई निरिक्षणको कार्यमा अवरोध पुर्याएमा,"

(४) खण्ड (ट) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ड) को सट्टा देहायको खण्ड (ड) राख्ने,-

"(ड) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि, मापदण्ड तथा आचार संहिता विपरित हुने गरी अन्य कसुर गरेमा।"

१३. विधेयकको दफा २० दफाक्रम मिलाउँदा कायम हुने दफा २१ को,-

(१) खण्ड (घ) पछि देहायको खण्ड (ङ) थप गरी त्यसपछिको खण्डक्रम मिलाउने,-

"(ङ) खण्ड (ङ) बमोजिमको कसुर गरेमा पाँच हजार देखि बिस हजार रुपैंयाँ सम्मको जरिवाना,"

(२) खण्ड (ङ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (च) को "खण्ड (ङ)" भन्ने वाक्यांशको सट्टा "खण्ड (च)" भन्ने वाक्यांश राख्ने ।

(३) खण्ड (च) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (छ) को "खण्ड (च)" भन्ने वाक्यांशको सट्टा "खण्ड (छ)" भन्ने वाक्यांश राख्ने ।

(४) खण्ड (छ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ज) को "खण्ड (छ)" भन्ने वाक्यांशको सट्टा "खण्ड (ज)" भन्ने वाक्यांश राख्ने ।

(५) खण्ड (छ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ज) पछि देहायको खण्ड (झ) थप गरी त्यसपछिको खण्डक्रम मिलाउने,-

"(झ) खण्ड (झ) बमोजिमको कसुर गरेमा यसै दफाको (क) बमोजिमको सजाय,"

(६) खण्ड (ज) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ञ) को "खण्ड (ज), (झ), (ञ) र (ट)" भन्ने वाक्यांशको सट्टा "खण्ड (ञ), (ट), (ठ) र (ड)" भन्ने वाक्यांश राख्ने ।

१४. विधेयकको दफा २१ दफाक्रम मिलाउँदा कायम हुने दफा २२ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने,-

"(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कसुर पहिलो पटक गर्नेलाई पाँच हजार रुपैयाँ, दोश्रो पटक गर्नेलाई दश हजार रुपैयाँ, तेश्रो वा सो भन्दा बढी पटक गर्नेलाई बिस हजार रुपैयाँको जरिवाना निरीक्षकले तत्काल गर्न सक्नेछः-"

९२०उपदफा (१) को खण्ड (क) झिक्ने र त्यसपछिको खण्डक्रम मिलाउने ।

९३०उपदफा (१) को खण्ड (च) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ङ) मा "गर्न गरेमा" भन्ने वाक्यांशको सट्टा "गर्ने गरेमा" भन्ने वाक्यांश राख्ने ।

(४) उपदफा (२) को पछि देहायको उपदफा (३) थप गर्ने,-

"(३) दफा २० वमोजिमका कसुरमा दण्ड जरिवानाका लागि प्रतिवेदन सहित संघीय ऐनले तोकेको निकायमा कारबाहीका लागि सिफारिश गरी पठाउने।"

१५. विधेयकको दफा २५ दफाक्रम मिलाउँदा कायम हुने दफा २६ को उपदफा (२) को खण्ड (छ) पछि देहायको खण्ड (ज) थप गरी साविक खण्ड (ज) लाई खण्ड (झ) कायम गर्ने,-

(ज) सम्बन्धित जिल्लाको विषादी व्यवसायीको तर्फबाट एक जना -सदस्य

१६. विधेयकको अनुसूची -१ को सट्टा देहायको अनुसूची -१ राख्ने,-

**अनुसूची-१**

दफा ४ को उपदफा (८) सँग सम्बन्धित

**इजाजतपत्र प्राप्ति, नवीकरण तथा जरिवाना शुल्क सम्बन्धी व्यवस्था**

| | **इजातपत्र शुल्क** | **नवीकरण शुल्क** | | **जरिबाना शुल्क (प्रत्येक दिनको)** |
|---|---|---|---|---|
| | | नवीकरण शुल्क | नवीकरण विलम्ब शुल्क | |
| (क) जीवनाशक विषादीको विक्री वितरणको लागि | रु. २०००।- | रु. १०००।- | रु. २०००।- | रु. १००।- |
| (ख) जीवनाशक विषादीको व्यावसायिक/छर्कने व्यवसायीको लागि | रु. ३०००।- | रु. २०००।- | रु. ५०००।- | रु. २००।- |
| (ग) जैविक विषादीको मात्र कारोबार गर्ने व्यवसायीको लागी | निशुल्क | रु. ५००।- | रु. १०००।- | रु. ५०।- |

## अनुसूची -४

# “गण्डकी प्रदेशमा मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” सम्बन्धी प्रतिवेदन

<u>प्रस्तावना:</u> गण्डकी प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने मगर भाषा र गुरुङ भाषाको संरक्षण, संवर्धन तथा विकास गरी सरकारी कामकाजलाई सरल र सहज बनाउन सरकारी वा सार्वजनिक निकायवाट प्रवाह हुने सेवामा जनताको सहज पहुँच र प्रत्याभूतिलाई अभिवृद्धि गरी बहुजातीय र बहुभाषिक विविधतामा एकता र सामाजिक न्याय कायम गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम " गण्डकी प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धी ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

(क) “कार्यालय” भन्नाले प्रदेश सरकारका मन्त्रालय, आयोग, निर्देशनालय, कार्यालय वा संगठित संस्था समेतलाई सम्झनु पर्छ ।

(ख) "तोकिए वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ग) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ ।

(घ) “प्रदेश सरकार” भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ ।

(ङ) "भाषाको मानकीकरण" भन्नाले बोलचालमा रहेको मातृभाषालाई अर्थगत द्विविधा नहुने गरी सरकारी कामकाजको लागि प्रयोग योग्य भाषामा एकरुपता कायम गर्ने कार्य सम्झनु पर्छ।

९च० “भाषाको स्तरीकरण” भन्नाले बोलचालमा रहेको मातृभाषालाई अर्थगत द्विविधा नहुने गरी सरकारी कामकाजको लागि प्रयोग योग्य बनाउने र मातृभाषाको क्रमिक विकास गर्ने कार्य सम्झनु पर्छ।”

(छ) "भाषा आयोग" भन्नाले नेपालको संविधानको धारा २८७ बमोजिम गठन भएको भाषा आयोगलाई सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको भाषा सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(झ) "मातृभाषा" भन्नाले कुनै व्यक्ति वा समुह वा समुदायले पुस्तागत निरन्तरताको रुपमा बोल्ने, प्रयोग गर्ने र नेपालमा उत्पत्ति भएको वा ऐतिहासिक रुपमा नेपालभित्र स्थानीय भाषा सरह प्रयोग हुने भाषालाई सम्झनु पर्छ।

(ञ) "सरकारी कामकाजको भाषा" भन्नाले कार्यालयमा लिखित वा मौखिक रुपमा प्रयोग हुने मगर र गुरुङ भाषालाई सम्झनु पर्छ।

(ट) "स्थानीय तह" भन्नाले गण्डकी प्रदेशभित्रका नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ।

## परिच्छेद-२

## सरकारी कामकाजमा प्रयोग हुने भाषासम्बन्धी व्यवस्था

**३. सरकारी कामकाजमा भाषाको प्रयोगः** (१) कार्यालयहरुले सरकारी कामकाजको भाषालाई प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि देवनागरी लिपिमा लेखिने नेपाली भाषाका अतिरिक्त तोकिएबमोजिमको लिपिमा लेखिने मगर र गुरुङ भाषा समेतलाई सरकारी कामकाजको भाषाको रुपमा प्रयोग गर्नु पर्नेछ।

(३) प्रदेश सभामा विधेयक पेस गर्दा वा मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्दा सरकारी कामकाजका भाषाहरुमा समेत अनुवादित प्रति पेस गर्न सकिनेछ।

(४) स्थानीय तहले आफ्नो क्षेत्रमा बहुसंख्यक व्यक्तिले बोल्ने भाषालाई सरकारी कामकाजका रुपमा प्रयोग गर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(५) सरकारी कामकाजमा अपाङ्गता भएका व्यक्तिहरुले अध्ययन तथा संचारको लागि प्रयोग गर्ने ब्रेल, सांकेतिक तथा स्पर्शसंकेत जस्ता भाषाहरुलाई प्रदेश र स्थानीय तहमा भाषिक मान्यता प्रदान गर्न सक्नेछ।

**४. दस्तावेजको अभिलेखीकरणः** (१) सबै सरकारी काम कारवाही र कार्यालयमा रहने सार्वजनिक दस्तावेजहरु मगर र गुरुङ भाषामा समेत अनुवाद गरी अभिलेखीकरण गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम राखिने अभिलेख सेवाग्राहीले माग गरेमा कार्यालयले लिखित वा मौखिक रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(३) कार्यालयमा सेवाग्राहीले मगर वा गुरुङ भाषामा निवेदन, प्रमाण, कागजात पेस गरेमा कार्यसम्पन्न भएपश्चात् सोही भाषामा आवश्यक कागजात उपलब्ध गराउन सकिनेछ।

**५. मगर र गुरुङ भाषामा प्रकाशन गर्न सकिनेः** प्रदेश सरकारले नेपाली भाषाका अतिरिक्त मगर र गुरुङ भाषामा समेत प्रदेश राजपत्र प्रकाशन गर्ने व्यवस्था मिलाउन सक्नेछ।

## परिच्छेद-३

## भाषा प्रयोग सम्बन्धी व्यवस्था

६. **विभेद र अपमानजन्य व्यवहार गर्न नहुने:** (१) सरकारी कामकाजको भाषाको रुपमा मातृभाषा प्रयोग हुने कार्यालयमा अन्य राष्ट्रिय भाषाहरु प्रयोग गरेको आधारमा विभेद, बहिष्करण र अपमानजन्य व्यवहार गर्नु हुँदैन।

(२) उपदफा (१) बमोजिमको कसुर गरेमा प्रचलित कानून बमोजिम दण्ड, सजाय वा जरिबाना हुनेछ।"

७. **मगर र गुरुङ भाषा प्रयोगमा निषेध गर्न नहुने:** कार्यालय, समुदाय र सार्वजनिक स्थानमा मगर र गुरुङ भाषा प्रयोग गर्न निषेध गर्न पाइने छैन।

## परिच्छेद-४

## भाषाको संरक्षण, विकास, स्तरीकरण तथा मानकीकरण सम्बन्धी व्यवस्था

८. **भाषाको संरक्षण गर्नुपर्ने:** (१) सरकारी कामकाजको भाषाको प्रयोगलाई व्यवहारिक र प्रभावकारी बनाउन प्रदेश सरकार र कार्यालयले सरोकारवालासँगको सहकार्यमा सरकारी कामकाजको भाषाको संरक्षण प्रवर्द्धनका लागि कार्यक्रम सञ्चालन गर्नेछ।

(२) सरकारी कामकाजको भाषाको अतिरिक्त सो भाषाहरुको चलनचल्तीमा रहेका अन्य भाषा र लिपिलाई समेत संरक्षण र संवर्धन गरिनेछ।

(३) प्रदेश सरकारले सरकारी कामकाजको भाषाको अतिरिक्त अनुसूची -१ बमोजिम प्रदेशभित्र बोलिने अन्य मातृभाषाहरुको संरक्षण, संवर्धन गर्नको लागि कार्यक्रम सञ्चालन गर्नेछ।

(४) स्थानीय तहबाट भाषाको आवश्यकता, औचित्यता, जीवन्तता, लोपोन्मुखता र विशेष प्रकृतिको आधारमा स्थानीय स्तरमा कुनै भाषिक भूगोल वा क्षेत्रलाई भाषिक विशेष वा स्वायत्त वा संरक्षित क्षेत्र घोषणा गरी राष्ट्रभाषाहरुको संरक्षण, संवर्धन र विकास गर्न सक्नेछ।

९. **सरकारी कामकाजको भाषाको विकास गर्ने:** (१) प्रदेश सरकारले मगर र गुरुङ भाषामा उच्च शिक्षासम्म अध्ययन, अध्यापनको व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अध्यापन हुने तहमा अध्ययन, अध्यापन हुने पुस्तक, अनुसन्धान तथा शोधपत्रहरुलाई मगर वा गुरुङ भाषामा आवश्यकता अनुसार अनुवादका लागि प्रोत्साहन गर्नेछ।

(३) प्रदेशभित्र बोलिने अन्य मातृभाषाहरुको संरक्षण र विकासका लागि प्रदेश सरकारले स्थानीय तहसँग समन्वय गरी आवश्यक कार्य गर्न सक्नेछ।

(४) प्रदेश सरकारले स्थानीय तहसँगको समन्वयमा विद्यालयहरुमा प्रदेशभित्र बोलिने मातृभाषामा अध्ययन अध्यापन गराउने कार्यमा सहकार्य गर्न सक्नेछ ।

१०. **<u>भाषाको अध्ययन, अनुसन्धान, स्तरीकरण र मानकीकरण गर्ने:</u>** (१) प्रदेश सरकारले मगर र गुरुङ भाषालाई सरकारी कामकाजको भाषामा विकास गर्नको लागि अध्ययन तथा अनुसन्धान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने अध्ययन र अनुसन्धानबाट प्राप्त प्रतिवेदन समेतका आधारमा भाषाको स्तरीकरण गर्दै मानकीकरण गरी प्रयोग गर्न गराउन सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको कार्यका लागि भाषा आयोग लगायतका सरोकारवाला निकायबाट आवश्यक विज्ञ र सहयोग लिन सकिनेछ।

११. **<u>सरकारी भाषा सम्बन्धी कम्प्युटर सफ्टवेयरको व्यवस्था गर्ने:</u>** प्रदेश सरकारी कामकाजको भाषा प्रयोगलाई मानकीकरण, आधुनिकीकरण, व्यवस्थित र सेवाग्राहीमैत्री बनाउन आवश्यक पर्ने कम्प्युटर प्रोग्राम, उपकरण, भाषा अनुवाद सम्बन्धी प्रविधि र यन्त्रहरुको आवश्यक व्यवस्था प्रदेश सरकारले गर्न सक्नेछ।

१२. **<u>बजेट व्यवस्था:</u>** सरकारी कामकाजका भाषाको संरक्षण र संवर्धनका लागि प्रदेश सरकारले कार्यक्रम तथा बजेटको व्यवस्था गर्नु पर्नेछ।

## परिच्छेद-५

## <u>विविध</u>

१३. **<u>प्रतिवेदन सार्वजनिक गर्नुपर्ने:</u>** यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कार्यालयले सरकारी कामकाजको भाषा प्रयोग सम्बन्धी प्रगति प्रतिवेदन वार्षिक रुपमा तोकिए बमोजिम सार्वजनिक गर्नु पर्नेछ।

१४. **<u>विज्ञ समूह गठन गर्न सक्ने:</u>** (१) मन्त्रालयले सरकारी कामकाजको भाषा प्रयोग सम्बन्धमा सम्बन्धित भाषाका विज्ञहरु रहेको समूह बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विज्ञ समूहले देहाय बमोजिमको कार्य गर्नेछः-

(क) सरकारी कामकाजको भाषाको सम्बन्धमा आवश्यक सुझाव र परामर्श दिने,

(ख) सरकारी कामकाजको भाषाको आवश्यक अध्ययन अनुसन्धान, भाषाको मानकीकरण, शैक्षिक व्याकरण तथा शब्दकोष र प्राविधिक शब्दावली तयार गर्ने, गराउने र प्रचलनमा ल्याउने कार्यमा सहयोग गर्ने,

(ग) सरकारी कामकाजको भाषालाई टेवा दिने खालका स्तरीय तथा मानक ग्रन्थ तथा कृतिहरु तयार गर्ने एवं त्यस्ता कृतिहरु प्रकाशनमा सहयोग गर्ने,

(घ) मगर र गुरुङ भाषाका उपयुक्त ग्रन्थहरु अन्य भाषाहरुमा अनुवाद गर्ने, गराउने,

(ङ) प्रदेशभित्रका भाषिक संस्थाहरुको विकासमा सहयोग गर्ने,

(च) भाषा संरक्षण, संवर्धन तथा विकासका लागि योगदान पुऱ्याउने व्यक्ति तथा संस्थालाई पुरस्कार तथा सम्मानका लागि सिफारिस गर्ने।

(३) कार्यालयले सरकारी कामकाजको भाषा प्रयोग सम्बन्धमा सम्बन्धित संघसंस्थाहरुसँग समन्वय गरी भाषासम्बन्धी प्राविधिक जनशक्ति प्राप्त गर्न सक्नेछ।

**१५. <u>नागरिक वडापत्रः</u>** कार्यालयले यस ऐन बमोजिमको सरकारी कामकाजको भाषामा सेवाग्राहीले देख्ने र बुझ्ने गरी कार्यालय परिसरमा नागरिक वडापत्र वा सूचना पाटी राख्नु पर्नेछ।

**१६. <u>भाषाको पुनरावलोकनः</u>** कार्यालयमा मगर र गुरुङ भाषाको प्रयोग तथा सेवा प्रवाहको प्रभावकारिता सम्बन्धी ऐन अनुरुपको कार्य भए नभएको अध्ययन गर्न अनुगमन समिति गठन गरी समितिको प्रतिवेदनको आधारमा प्रत्येक दश वर्षमा यसको प्रयोग सम्बन्धमा पुनरावलोकन गर्न सकिनेछ।

**१७. <u>नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकारः</u>** (१) यस ऐनको कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियम, निर्देशिका तथा कार्यविधि बनाउन सक्नेछ।

(२) यस ऐन र यस ऐन अन्तरगत बनेको नियमको अधिनमा रही मन्त्रालयले आवश्यक मापदण्ड बनाउन सक्नेछ।

अनुसूची-१

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

**गण्डकी प्रदेश मूल थलो भएका मातृभाषाहरूको सूची**

| | |
|---|---|
| १. मगर ढुट | १६. थकाली |
| २. गुरुङ (तमू क्युई) | १७. ल्होवा/ल्होपा |
| ३. थारु | १८. मुसलमान |
| ४. नेवार | १९. बारगुंवा |
| ५. तामाङ | २०. दुरा |
| ६. भोजपुरी | २१. बराम |
| ७. मगर खाम | २२. माझी |
| ८. उत्तरी गोर्खा गुरुङ/घले | २३. मनाङ्गे |
| ९. कुमाल | २४. नार-फु |
| १०. दरई | २५. कुशुण्डा |
| ११. चुमनुब्री | २६. मुसहर |
| १२. चेपाङ | २७. मुस्ताङे गुरुङ |
| १३. छन्त्याल | २८. मगर काईके |
| १४. भुजेल | २९. अदै |
| १५. बोटे | ३०. कायत, आदि। |

**अनुसूची -५**

गण्डकी प्रदेश सभा

सामाजिक विकास तथा कृषि समिति

# स्थलगत अनुगमन तथा अन्तर्क्रिया कार्यक्रमको प्रतिवेदन, २०८१

## पृष्ठभुमी

नेपालको संविधानको धारा १९३ बमोजिम प्रदेश सभाको कार्य प्रणालीलाई व्यवस्थित गर्न प्रदेश सरकारलाई सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका कामकारबाही अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन प्रदेश सभामा विषयगत समिति र विशेष समिति गठन गर्न सकिने व्यवस्था अनुसार गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५३ बमोजिम गण्डकी प्रदेश सभामा ४ वटा विषयगत समितिहरु अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, प्रदेश मामिला तथा कानून समिति र सामाजिक विकास तथा कृषि समिति रहने गरी समितिहरुको कार्यक्षेत्र समेत निर्धारण गरिएको छ ।

गण्डकी प्रदेश सभामा रहने समितिहरु मध्ये सामाजिक विकास तथा कृषि समिति पनि एक महत्वपूर्ण समिति हो । स्वास्थ मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय र सम्बद्ध विषय तथा निकायहरु सामाजिक विकास तथा कृषि समितिको कार्यक्षेत्र रहेका छन् । समिति गठन भई सभापतिको निर्वाचन पश्चात समितिले प्रदेश सरकारलाई सभाप्रति उत्तरदायी र जवाफदेही बनाउनका साथै सरकारबाट भएगरेका काम कारबाहीहरुको स्थलगत निरिक्षण/अनुगमन र मुल्याङ्कन गरी विभिन्न निर्देशन, राय सल्लाह सुझाव दिँदै आएको छ । समितिबाट आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालयले गरेका कार्यक्रमहरुको कारबाहीहरुको स्थलगत रुपमा अनुगमन तथा निरीक्षण तथा निगरानी गर्नु समितिको प्रमुख कार्य जिम्मेवारी समितिको रहेको छ सोही अनुसार प्रदेशको स्याङ्जा र नवलपरासी (ब.सु.पुर्व) जिल्लामा प्रदेश मातहत रहेका उर्जा तथा सिँचाईको आयोजनाहरुको विद्यमान अवस्था तथा स्वास्थ्य सेवा प्रवाहको अवस्था तथा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयबाट संचालित अनुदान कार्यक्रमहरु अन्तर्गत सुन्तला तथा आलु खेतीमा प्रदान गरिएको अनुदानको कार्यान्वयनको अवस्था, प्राप्त उपलब्धी, कार्यान्वयनमा रहेका समस्याको विषयमा उपरोक्त बमोजिमका जिल्लाहरुमा गई स्थलगत अनुमन तथा छलफल/अन्तर्किया गर्न गण्डकी प्रदेश सभा सामाजिक विकास तथा कृषि समितिको मिति २०८१ पौष २३ गते बसेको बैठकले देहाय बमोजिमको निर्णय गरेको थियो:-

## सामाजिक विकास तथा कृषि समितिको मिति २०८१/०९/२३ गतेको निर्णय

समितिबाट आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालयले गरेका कार्यक्रमहरुको कारबाहीहरुको स्थलगत रुपमा अनुगमन तथा निरीक्षण तथा निगरानी तथा कृषि, भुमिव्यवस्था तथा सहकारी मन्त्रालयको कृषि अनुदान कार्यक्रम अन्तर्गत स्याङ्जा र नवलपरासी (ब.सु.पुर्व) जिल्लामा सुन्तला र आलु  खेतिको लागि वितरण गरेको अनुदानको कार्यान्वयनको अवस्था तथा उपलब्धी मापन गर्न मिति २०८१ पौष २८ गते देखि माघ २ गते सम्म सो जिल्लाहरुमा स्थलगत अनुगमन गर्ने ।

## सामाजिक विकास तथा कृषि समितिको स्थलगत अनुमनको लागि जाने कार्यदल

सामाजिक विकास तथा कृषि समितिबाट आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालयले गरेका कार्यक्रमहरुको कारबाहीहरुको स्थलगत रुपमा अनुगमन, निरीक्षण तथा निगरानी र कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयबाट संचालित अनुदान कार्यक्रमहरु अन्तर्गत सुन्तला तथा आलु प्रवर्द्धनको लागि दिईएको अनुदानको प्रभाकारिता, कार्यान्वयनको अवस्था तथा उपलब्धिहरुको स्थलगत अध्ययन, अवलोकन, अनुगमन तथा लाभग्राकीहरुसँग छलफल तथा अन्तर्क्रिया गर्ने समेत उद्देश्य राखि सामाजिक विकासत तथा कृषि समितिका तपशिल बमोजिमका माननीय सभापति,  माननीय सदस्यहरू, कर्मचारी तथा मर्यादापालकहरु स्थलगत अनुगमन भ्रमणका लागी पठाउने निर्णय भएकोमा तपशिल बमोजिमको टोलिद्वारा अनुगमन गरिएको ।

<u>तपशिलः</u>

माननीय सभापति श्री महेन्द्रध्वज जि.सी.
माननीय सदस्य श्री दमयन्ती रुचाल
माननीय सदस्य श्री दिलमाया पौ.वि.
माननीय सदस्य श्री बेद बहादुर गुरुङ
माननीय सदस्य श्री महेश भट्टराई
माननीय सदस्य श्री राजकुमारी भुजेल
माननीय सदस्य श्री सरस्वती अर्याल तिवारी
माननीय सदस्य श्री हरिबहादुर चुमान

कर्मचारीः

| | |
|---|---|
| श्री शशिधर सुबेदी | - समिति सचिव |
| श्री चन्द्रकला बस्नेत | - अधिकृत छैटौं |
| श्री कल्पना त्रिपाठी | - माईक संचालक |
| श्री बिमला कुमारी पुन | - मर्यादापालक |
| श्री लेख बहादुर गुरुङ | - हलुका सवारी चालक |
| श्री विनोद सारु | - हलुका सवारी चालक |
| श्री कुमार गुरुङ | - हलुका सवारी चालक |
| श्री सुर्य बहादुर के.सी. | - का.स. |

## स्थलगत अनुगमन तथा निरीक्षण कार्यक्रमको उद्देश्य

स्थलगत अनुगमन तथा निरीक्षण कार्यक्रमका उद्देश्यहरु निम्नानुसार रहेका छन्ः-

प्रदेश सरकारबाट सामाजिक विकास तथा कृषि समितिको कार्यक्षेत्रसँ सम्बन्धित आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालयले गरेका कार्यक्रमहरुको कार्यान्वयन अवस्थाको स्थलगत रुपमा अनुगमन, निरीक्षण गर्ने तथा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयबाट स्याङ्जा र नवलपरासी जिल्लामा संचालित अनुदान कार्यक्रमहरु अन्तर्गत सुन्तला तथा आलु खेतीमा दिईएको अनुदानको प्रभाकारिता, कार्यान्वयनको अवस्था तथा उपलब्धिहरुको स्थलगत अध्ययन, अवलोकन, अनुगमन तथा मूल्यांकन गरी लाभग्राहीहरुसँग छलफल तथा अन्तर्क्रिया गर्ने ।

## स्थलगत अनुगमन निरीक्षण गरिएका फर्म/कृषक समूह निरीक्षण

### (क) सितलदेवी टोल विकास संस्था तथा चण्डीकाली कृषक समूहः

मिति २०८१ पौष २८ गते स्याङ्जा जिल्ला पुतलिबजार नगरपालिका वडा नं. १० स्थित नारायणगढ, आरुपाटामा कृषक समूहबाट संचालित सुन्तला वगानको निरिक्षण तथा कृषकहरुसँग अन्तर्क्रिया तथा छलफल गरियो । २०४५ साल देखि यहाँका स्थानीयहरुले व्यवसायिक सुन्तला खेतीको शुरुवात गरेको ।सरदरमा यहाँका किसानहरुले ४-५ रोपनीमा गरेको सुन्तला बेचेर वर्षमा १० लाख रुपैयाँ सम्म कमाउने किसान धेरै संख्यामा रहेको पाईयो र बढी क्षेत्रफलमा खेती गरेका किसानले वर्षमा झन्डै ४० लाख रुपैयाँसम्म पनि सुन्तलाबाटै आम्दानी गरेका देखियो । एक—दुई लाख रुपैयाँ कमाउने किसानहरु अत्याधिक संख्यामा रहेकाछन् ।समग्रमा यस क्षेत्रबाट करिव ८-९ करोड मुल्य बराबरको सुन्तला विक्रि गरिने गरिएको । सुन्तला बगैचा सम्म बाटोको पहुँच भएपनि कच्ची बाटो भएकोले ढुवानीमा असुविधा रहेको तथा ढुवानी गर्दा सुन्तला बिग्रने समेत गरेको गुनासो छ । स्थानीय सहकारी तथा प्रदेश सरकारको सहयोगमा कोल्ड स्टोर स्थापना भएपनि विगत बर्षमा प्रावधिक समस्याको कारण सुन्तला कुहिएर कृषकहरुले क्षति बेहोर्नु परेकोमा गण्डकी प्रदेश सरकारबाट क्षतिपुर्ति दिने आश्वासन दिईए पनि हालसम्म पाउन नसकेको कृषकहरुको गुनासो रहेको ।

यस क्षेत्रमा भईरहेको सुन्तला खेतीको उत्पादन वृद्धि गर्न सुन्तला खेति गरिएको स्थान सम्म लिफ्टिङ सिँचाईको व्यवस्था हुनुपर्ने, स्थानीय पालिकाहरुले कृषिमा बजेट वृद्धि गर्नुपर्ने, अन्यत्रबाट गुणस्तहिन विरुवा ल्याई विक्रिवितरण गर्ने गरिएकोमा यही गुणस्तरीय विरुवा उत्पादन गर्नुपर्ने तथा अन्यत्रबाट आउने विरुवामा प्रतिवन्ध लागउनु पर्ने, बजारको व्यवस्थापनमा प्रदेश तथा स्थानीय सरकराले सहजीकरण गरिनु पर्ने तथा विचौलियाहरुले व्यापारीहरुलाई भड्काई कृषकलाई न्यून मूल्य प्रदान गर्ने गरिएकोले विचौलियालाई कारवाही गर्नुपर्ने तथा सुन्तला खेती भईरहेको स्थानहरुलाई जोड्ने राङखोला-नरायणगढ-लुम्दी चन्द्रकोट-पेल्काचौर सडकलाई स्तरोन्नती तथा पिच गरी ढुवानीलाई सहज बनाउनु पर्ने जस्ता मागहरु कृषकहरुबाट आएको ।

**(ख) विभिन्न कृषक समूहहरुबाट एकिकृत रुपमा गरिएको आलु खेतीः**

मिति २०८१ पौष २८ गते स्याङ्जा जिल्ला, गल्याङ नगरपालिका वडा नं. ११ स्थित जिमुवा कृषि समूह, दनाशा फाँट कृषि समहू, कर्म चौर कृषि समूह, परिवर्तन कृषि समूह, बारीचौर महिला समूह लगायतका कृषक समूह तथा स्थानीय अन्य कृषकहरुले लगाएको आलु खेती भएको खेत-बारीको स्थलगत निरिक्षण तथा कृषकहरुसँग अन्तर्क्रिया तथा छलफल गरियो । यहाँ क्रियाशिल रहेका कृषक तथा कृषि समूहहरुबाट आलु तथा आलुको विउँ उत्पादन गरि विक्रि वितरण गर्ने गरिआएको पाईयो । यस क्षेत्रबाट माथि उल्लेखित कृषक समूह तथा अन्य कृषकहरु समेत गरी करिव ३०० घरपरिवारहरुले उत्पादन गरी सरदरमा १ करोड बराबरको फाइन आलु तथा २ करोड मूल्य बराबरको आलुको विउ उत्पादन गरि विक्रि गरिरहेको जानकारी प्राप्त भयो । साथै यस क्षेत्रका किसानहरुलाई आलु खेतीमा प्रोत्हासन गर्न प्रदेश सरकारबाट मिनि टेलर, ड्याङ बनाउने मेशिन तथा विक्रि गरिएको आलुमा प्रति के.जी. २ रुपैया अनुदान प्रदान गरिएको ।

आलुको विउ उत्पादनमा केही समस्याहरु नभएको तर आग्वा र मालुङ्गाबाट सिँचाईको व्यवस्था गर्नुपर्ने, सिँचाई कूलोहरु बनाउन आवश्यक बजेट व्यवस्था गर्नुपर्ने, बिउविजन भण्डारणको लागि थप भवन/कोल्डस्टोर को आवश्यकता रहेको, हाल भैरहेको कोल्डस्टोरको विद्युत महसुलमा प्रति युनिट रु ४ छुट दिने भनिएको प्रतिवद्धता पुरा गर्नपर्ने लगायतका मागहरु स्थानीय कृषकहरुबाट प्राप्त भएको ।

**(ग) जिमुवा शित भण्डार सहकारी संस्था लि**

मिति २०८१ पौष २८ गते स्याङ्जा जिल्ला, गल्याङ नगरपालिका वडा नं. ११ स्थित जिमुवा शित भण्डार सहकारी संस्था लि. द्वारा संचालित कोल्ड स्टोर तथा विँउ भण्डारण स्थलको स्थलगत निरिक्षण तथा कृषक तथा संचालकहरुसँग अन्तर्क्रिया तथा छलफल गरियो ।निरिक्षणको क्रममा सहकारीले एक भवनमा कोल्ड स्टोर तथा १ भवनमा भण्डारणको व्यवस्था गरिएको पाईयो । सरोकारवालाहरुसँगको छलफलमा बिउँविजनहरु भण्डारको लागि अहिले भैरहेको संरचना अपर्याप्त भएको हुँदा थप भवन निर्माण गर्नुपर्ने । हाल उत्पादन भण्डारणको लागि प्रति केजी रु २ तथा स्टोरको लागि प्रति केजी रु ३ प्रदेश सरकारबाट दिईदै आईरहेको तर विद्युत महसुलमा प्रति युनिट रु ४ अनुदान दिने प्रदेश सरकारको प्रतिवद्धता पुरा गर्नुपर्नेमा जोड दिनुभएको थियो । साथै विगत बर्षमा सुन्तला कोल्ड स्टोरमा कुहिएर क्षति भएकोले सोको मुल्य (करिब १६ लाख रुपैया) बराबरको रकम क्षतिपुर्ति सरकारले गर्नुपर्ने कृषकहरुको माग रहेको छ ।

**(घ) छिपछाप उद्यमशिल महिला समूह (आलु खेती):**

मिति २०८१ पौष २९ गते स्याङ्जा जिल्ला, चापकोट नगरपालिका वडा नं. ८ स्थित छिपछाप उद्यमशिल महिला समूहका कृषकहरुले लगाएको आलु खेती भएको खेत-

बारीको स्थलगत निरीक्षण तथा कृषकहरुसँग अन्तर्क्रिया तथा छलफल गरियो । यहाँ क्रियाशिल रहेका कृषक तथा कृषि समूहहरुबाट कुल ३०० रोपनी जग्गामा आलु तथा आलुको बिउँ उत्पादन गरि विक्रि वितरण गर्ने गरिआएको । साथै यस क्षेत्रका किसानहरुलाई आलु खेतीमा प्रोत्हासन गर्न प्रदेश सरकारबाट मिनि टेलर, ड्याङ बनाउने मेशिन तथा विक्रि गरिएको आलुमा प्रति के.जी. २ रुपैया अनुदान प्रदान गरिएको ।

आलुको विउ भण्डारणको बनाउन लागिएको कोल्डस्टोर निर्माण अलपत्र अवस्थामा रहेको । हालसम्म कोल्डस्टोर निर्माणको लागि रु ४७ लाख लगानी भैसकेको तथा निर्माण पुरागर्न डीपिआर अनुसार रु २ करोड ७६ लाखको लागत अनुमान रहेको । उक्त कोल्डस्टोरको निर्माण पुरा गर्न प्रदेश सरकारसँग स्थानीय कृषकहरुको माग रहेको ।

### (ङ) श्री रत्नपुर साना किसान कृषि सहकारी संस्था लिः

मिति २०८१ पौष २९ गते स्याङ्जा जिल्ला, चापकोट नगरपालिका वडा नं. ८, चौडाहा चोक स्थित रत्नपुर साना किसान कृषि सहकारी संस्था लि. को स्थलगत निरिक्षण तथा कृषकहरुसँग अन्तर्क्रिया तथा छलफल गरियो ।छलफलको क्रममा सहकारीले स्थानीयस्तरमा कृषकहरुबाट दैनिक ५०० लिटर दुध संकलन गरी एक डेरी उद्योगलाई विक्रि गर्दै आईरहेको रहेछ ।जसमा सहकारीले कृषकलाई गाईको दुधको फ्टाटको आधारमा रु ५०-६० मा भैसीको दुध रु ७०-८० मा कृषकहरुबाट खरिद गर्ने गरेको अवस्था रहेको पाईयो ।

दुध उत्पादन गर्दा तराईको तुलनामा पहाडी क्षेत्रमा लागत बढी पर्ने हुँदा बजारमा अन्य क्षेत्रबाट आउने विक्रेतासँग प्रतिपर्धामा कम मूल्यमा विक्री गर्नुपर्दा किसानले पाउने प्रतिफल कम हुनेहुँदा दुध उत्पादनमा अनुदान दिन सके कृषकलाई यस क्षेत्रमा आकर्षित गराउन सकिने सुझाव प्राप्त भयो ।हाल नगरपालिकाले प्रति लिटर रु २ अनुदान दिने निर्णय गरेको हुँदा केही राहत हुने विश्वास उहाँहरुले व्यक्त गर्नभयो ।

### (च) नवलपुर स्थित विभिन्न कृषक समूह (आलु खेती):

मिति २०८१ माघ १ गते नवलपुर जिल्ला, मध्यविन्दु नगरपालिका वडा नं. २ स्थित नन्दपुर बहुउद्देश्यीय कृषक समूह, सिद्धबाबा कृषक समूह, सितापुर कृषक समूह, बुद्धभूमी कृषक समूह, कोपिला कृषक समूह र मनकामना कृषक समूहका कृषकहरुले लगाएको आलु खेती भएको खेत-बारीको स्थलगत निरीक्षण तथा कृषकहरुसँग अन्तर्क्रिया तथा छलफल गरियो । यहाँ क्रियाशिल रहेका कृषक तथा कृषि समूहहरुबाट अनुमानित कुल ५० विघा जग्गामा आलु तथा आलुको बिउँ उत्पादन गरि विक्रि वितरण गर्ने गरि आएको । साथै यस क्षेत्रका किसानहरुलाई आलु खेतीमा प्रोत्हासन गर्न प्रदेश सरकारबाट मिनि टेलर, ड्याङ बनाउने मेशिन, स्यालो ट्युवेल तथा विक्रि गरिएको आलुमा प्रति के.जी. २ रुपैया अनुदान प्रदान गरिएको पाईयो।

मिति २०८१ माघ १ गते नवलपुर जिल्ला, मध्यविन्दु नगरपालिका वडा नं. २, सेहरी स्थित सृजनशिल कृषक समूह, नारायणी कृषक समूह तथा प्रगति कृषक समूहका कृषकहरुले लगाएको आलु खेती भएको खेत-बारीको स्थलगत निरिक्षण तथा कृषकहरुसँग अन्तर्क्रिया तथा छलफल गरियो ।

माथि उल्लेखित कृषक समूहका कृषकहरुसँग गरिएको छलफलमा आलुको बिउँ खरिदमा तोकिएको तौल नहुने, विभिन्न जातको मिसावट भएको, कुहिएको विउँ समेत रहने समस्या रहेको । यस क्षेत्रबाट उत्पादित आलु रुपन्देही स्थित एक कम्पनीले खरिद गर्ने गरेकोमा सो कम्पनीबाट मुल्य निर्धारण एकलौटी रुपमा निर्धारण हुने गरेको । शितलहरले गर्दा आलुमा बढी औषधि प्रयोग गर्नुपरेकोले लागत बढी परेको । प्रदेश सरकारले विउँ तथा उत्पादित आलु विक्रिमा दिँदै आएको अनुदानको बजेट रकम कम भएको तर कृषकहरुबाट बढी क्षेत्रफलमा उत्पादन गरेकोले कृषकहरुलाई अनुदान वितरण गर्दा बजेटको अभाव हुने अवस्था देखिएको । सिँचाईको लागि नहर, कूलो नभएकोले वोरिङबाट सिँचाई गर्नुपर्ने अवस्था रहेको । विगत वर्षहरुमा विषादीमा दिँदै आएको अनुदान यस बर्ष प्राप्त नभएको ।उत्पादित आलुको विउँ तथा आलु भण्डारणको लागि कोल्ड स्टोरको अभाव रहेको । विक्रि मूल्य न्यून हुने गरेको ।खेती गर्नको लागि यान्त्रिकरणमा प्रदेश सरकारबाट अनुदान प्राप्त हुन नसकेको । आलु खेतीको साथै चैते धान खेतीमा पनि सरकारको ध्यान पुग्नुपर्ने। सरकारबाट दिईने अनुदानको लागि सबै कृषक समूहहरु समेट्न नसकेको । सिँचाईको लागि बोरिङको क्षमता वृद्धि गर्नुपर्ने जस्ता विषयवस्तूहरु कृषकहरुबाट प्राप्त भएको ।

## स्थलगत अनुगमन निरीक्षण गरिएका उर्जा तथा सिँचाई सम्बन्धी आयोजना

### (क) चापाकोट टार सिँचाई आयोजना

मिति २०८१ पौष २८ गते, स्याङ्जा जिल्लाको चापाकोट नगरपालिका वडा नं. ८ मा अवस्थित चापाकोट टार सिँचाई योजनाको स्थलगत निरीक्षण भ्रमण गरिएको छ। यस भ्रमणका क्रममा योजनाको वस्तुगत अवस्था र प्रगतिको विषयमा स्थानीय उपभोक्ताहरूसँग छलफल तथा अन्तरक्रिया गरिएको थियो। यो योजना ज्याग्दी खोलाको दारसिंहबाट २६ किलोमिटर लामो नहर मार्फत २,८०० लिटर प्रति सेकेन्ड क्षमतामा पानी प्रवाह गरी चापाकोट नगरपालिकाको वडा नं. ८, ९, र १० लगायतका क्षेत्रमा करिब २०० हेक्टर जमिनमा सिँचाई सुविधा प्रदान गर्दै आएको छ।

तथापि, निरीक्षणका क्रममा योजनाको मुहानमा पहिरोले ठूलो ढुंगा र माटोले नहर बन्द भएको अवस्था देखिएको छ। यसले गर्दा नहरमा पानीको प्रवाह पूर्ण रूपमा रोकिएको छ। यद्यपि, स्थानीय उपभोक्ताहरूले अस्थायी रूपमा कुलो बाँधेर केही मात्रामा पानी प्रवाह गराउने प्रयास गरेका छन्, तर पनि नहर पूर्ण रूपमा संचालनमा आउन

सकेको छैन। यस समस्याको स्थायी समाधानका लागि पहिरो भएको स्थानमा स्लोप राख्नु आवश्यक देखिन्छ, जसका लागि ठूलो रकमको लगानी चाहिने देखिन्छ।

स्थानीय उपभोक्ताहरूले यो योजनाको मर्मतसम्भार र सुधार कार्य प्रदेश सरकारबाट छिट्टै नै गरिने अपेक्षा गरेका छन्। उनीहरूको माग अनुसार यो योजना पूर्ण रूपमा सुचारु र स्थायी बनाउन प्रदेश सरकारले तत्काल कदम चाल्नुपर्ने आवश्यकता देखिन्छ। यसले गर्दा स्थानीय कृषकहरूले निरन्तर रूपमा सिँचाई सुविधा प्राप्त गरी कृषि उत्पादनमा सुधार ल्याउन सक्नेछन्।

## निजी क्षेत्रबाट सञ्चालित कृषि फर्म तथा जलविद्युत कम्पनी हरुको निरीक्षण

### (क) त्रिपुत्र वागवानी फर्मः

मिति २०८१ पौष २८ गते, जिल्ला स्याङ्जा स्थित पुतलीबजार नगरपालिका वडा नं. १० मा निजी क्षेत्रबाट सञ्चालित त्रिपुत्र वागवानी फर्मको निरीक्षण सम्पन्न भयो। यस फर्मले सुन्तला उत्पादन र सप्लायर्सको रूपमा कार्य गर्दै आएको छ। कम्पनीको ८० रोपनी क्षेत्रफलमा फैलिएको आफ्नै सुन्तला बगानबाट उत्पादित सुन्तला र स्थानीयस्तरमा अन्य किसानहरूद्वारा उत्पादित सुन्तला र कफी खरिद गरी नेपालका विभिन्न शहरहरूमा विक्रि गर्दै आइरहेको छ।

यसरी उत्पादन र खरिद गरिएको सुन्तला भारत र चीन जस्ता बजारहरूमा निर्यात गर्न सकेमा उच्च मूल्य प्राप्त गर्न सकिने अवस्था रहेको छ। यसैले, प्रदेश सरकारले सुन्तला निर्यात गर्ने व्यवस्था मजबुत गर्न सकेमा कृषकहरूले राम्रो आर्थिक प्रतिफल प्राप्त गर्न सक्नेछन्। यसले स्थानीय कृषकहरूको आयमा वृद्धि गर्नुका साथै गण्डकी प्रदेशको कृषि उत्पादन र अर्थतन्त्रलाई पनि मजबुत बनाउन सहयोग पुग्ने समेत देखिन्छ ।

### (ख) शान्ति कफी ट्रेडः

मिति २०८१ पौष २८ गते, जिल्ला स्याङ्जा स्थित पुतलीबजार नगरपालिका वडा नं. १० मा निजी क्षेत्रबाट सञ्चालित शान्ति कफी ट्रेडको निरीक्षण सम्पन्न भयो। फर्म भेषराज अर्याल अनुसार स्थानीयस्तरमा कृषकहरुले उत्पादन गरेको कफी खरिद गरी विक्रि वितरण पनि गर्दै आएको वताए । साथै स्थानीय स्तरमा उत्पादित आर्गानिक जाम तयार गरी विदेश समेत निर्यात गर्दै आईरहेको जानकारी दिनुभयो ।

संचालक अर्यालका अनुसार कफी व्यवसाय प्रर्वद्धनका लागि अनुदान तथा सहयोग उपलब्ध, सहज तथा सहुलियतपूर्ण ऋण उपलब्ध, विऊ, बिरुवा, मल, छहारी बोट, गुणस्तरीय औषधीहरुको सहज तथा सुलभरुपमा उपलब्धता, आधुनिक मेशिन औजरको व्यवस्था, उचित मुल्य निर्धारण, बीमाको व्यवस्था आदि माग छन् ।साथै अर्गानी मह उत्पादन गर्न मौरीपालन भएको क्षेत्रलाई विषादी निशेधित क्षेत्र घोषाणा गरी कार्यान्वयन

गर्न जरुरी रहेको समेत सुझाव प्राप्त भयो । यसतर्फ प्रदेश सरकार तथा सम्बन्धित पालिकाले ध्यान दिनु पर्ने पनि देखिन्छ ।

**(ग) आँधिखोला जलविद्युत केन्द्रः**

मिति २०८१ पौष २८ गते, जिल्ला स्याङ्जा स्थित गल्याङ नगरपालिका वडा नं. मा बुटवल पार कम्पनीद्वारा सञ्चालित आँधिखोला जलविद्युत केन्द्रको निरीक्षण सम्पन्न भयो। निरिक्षणको क्रममा उक्त जलविद्युत कम्पनी २०३७ सालमा निर्माण सम्पन्न भई ५.१ मेगावाट देखि ९.४ मेगावाट सम्म विद्युत उत्पादन गर्दै आईरहेको मा हाल ७ मेगावाट क्षमतामा संचालन भैईराखेको छ । यस केन्द्रले विद्युतको अलवा ४००० रोपनी क्षेत्रफलको जमिनमा सिँचाई समेत भैरहेको छ ।

जलविद्युत कम्पनी निर्माण तथा क्षमता विस्तार जस्ता कार्यहरु गर्दा स्थानीयहरुको घर जग्गा जोखिममा रहेको अवस्था रहेको स्थानीयहरुको भनाई छ । केन्द्रको नहर तथा सिँचाईको कुलो विस्तार भएको क्षेत्रका घरहरुमा पानी पस्ने, सिपेज हुने समस्याको कारणले केही घरहरु स्थानान्तर गर्नुपर्ने अवस्था रहेको छ । बस्ती पुनर्स्थापना गर्न गण्डकी प्रदेश सरकारले पहल गर्नुपर्ने स्थानीयहरुको माग रहेको छ ।

**(घ) गल्याङ खानेपानी आयोजनाः**

मिति २०८१ पौष २८ गते, जिल्ला स्याङ्जा स्थित गल्याङ नगरपालिका वडा नं. ३ मा निर्माणाधिन गल्याङ खानेपानी आयोजना २, ३, ८ को निरीक्षण सम्पन्न भयो।सो आयोजनामा लिफ्टिङ मार्फत २०० मिटर माथि पानी तानि करिव ४०० घरधुरीलाई खानेपानी वितरण गर्ने लक्ष्य रहेको छ । उक्त लिफ्टिङ योजनामा हालसम्म करिव १ करोड ७१ लाख रुपैयाको खर्चमा ५० तथा ८० घनमिटरका ट्याक्कीको निर्माण सम्पन्न भैसकेको छ भने वितरण लाईनको काम बाँकी रहेको अवस्था रहेको छ ।

स्थानीयहरुसँगको छलफलको क्रममा योजनाको संचालन खर्च (विजुली, मर्मत खर्च) धेरै भएकोले प्रत्येक घरधुरीलाई बार्षिक १२०० रुपैया महसुल लिने निर्णय गरिएको छ । योजनाको बाँकी रहेको कार्य पुरा गर्न बजेटको व्यवस्था प्रदेश सरकारबाट हुनुपर्ने तथा संचालन खर्चमा सरकारबाट केही अनुदान दिई उपभोक्तालाई सुलभ मूल्यमा खानेपानीको उपलब्ध गराईनुपर्ने स्थानीयको माग रहेको छ ।

**(ङ) गौतम एग्रिकल्चर प्रा.लि.**

मिति २०८१ पौष २९ गते, जिल्ला नवलपुर स्थित बुलिङटार-६, खजुरीमा अवस्थित गौतम एग्रिकल्चर प्रा. लि. मा अनुगमन निरीक्षण गरियो। यस प्रा. लि. ले १५ रोपनी क्षेत्रफलको जग्गामा एभोकाडो खेती गरेको पाईयो, जसमा प्रतिरोपनी लगभग २ लाख रुपैयाँ लगानी परेको छ। कम्पनीले लिफ्टिङ सिँचाईबाट थोपा सिँचाईको आधुनिक

व्यवस्था गरेको पाइयो, जसले पानीको सदुपयोग र उत्पादन क्षमता बढाउन मद्दत गरेको छ।

गौतम एग्रिकल्चर प्रा. लि. ले बार्षिक २४-२५ लाख रुपैयाँ बराबरको एभोकाडो उत्पादन गरी बिक्रि गरिरहेको छ। यसले कम्पनीको व्यावसायिक सफलता र कृषि क्षेत्रमा यसको योगदानलाई प्रष्ट पारेको छ। साथै, कम्पनीले निकट भविष्यमा बाईन उत्पादन गरी बजारमा विक्रि गर्ने लक्ष्य राखेको छ भन्ने कुरा कम्पनी संचालकले जनाएका छन्। यसले कम्पनीको विविधीकरण र आय स्रोत विस्तार गर्ने योजनालाई संकेत गर्दछ।यसले गौतम एग्रिकल्चर प्रा. लि. को उद्यमशीलता र नवीनताको परिचय दिन्छ भने कृषि क्षेत्रमा आधुनिक प्रविधि र व्यावसायिक दृष्टिकोणको महत्त्वलाई पनि उजागर गर्दछ।

**(च) मित्रवाटीका कृषक फर्मः**

मिति २०८१ माघ १ गते नवलपुर जिल्ला, हुप्सेकोट वडा नं. ४ शंखदेव स्थित कृषक मित्रलाल तिवारीले निजिलगानीमा भक्तपुरे काक्राको वीउँ उत्पादक कृषकसँग अन्तर्क्रिया तथा छलफल गरियो । निजले २०७० सालमा कृषि फर्म दर्ता गरी व्यवसायिक कृषि खेती गरि आउनुभएको मा हाल ४५ कठ्ठामा काँक्राको वीउँ उत्पादन गरी निमाको प्रा.लि.सँग विक्रि गर्ने सम्झौता समेत भएको बताउनुभयो। निजको कृषि फर्मले गण्डकी प्रदेश सरकारको विजवृद्धि कार्यक्रम अन्तर्गत ३ लाख रुपैया प्राप्त गरेको पाईयो । यस बर्ष निजले अनुमानित २ क्वीन्टल काँक्राको वीउँ करिव २५ लाख रुपैया बराबरको उत्पादन हुने वताउनुभयो ।

हाल डिप वोरिङबाट फर्ममा सिँचाईको व्यवस्था गरिएको भए पनि सिँचाईको समस्या रहेकोले प्रदेश सरकारले सिँचाईको व्यवस्था गरिदिए आफुजस्ता कृषकहरु लाभाविन्त हुन सक्ने धारणा राखु भएको थियो ।

**(छ) सफल कृषि फर्मः**

मिति २०८१ पौष २९ गते, जिल्ला नवलपुर स्थित बुलिङटार-४, मा अवस्थित सफल कृषि फर्ममा अनुगमन निरीक्षण गरियो।फर्मले करिव ४५ रोपनी क्षेत्रफलमा करिव २५०० सुनकागतीको खेती गरेको तथा सोको ३०,००० ग्राफ्टेड गरेको विरुवा उत्पादन गरिरहेको । कातगतीको उत्पादन यस बर्षबाट मात्र शुरु भएकोहुँदा यस बर्ष ५० क्वीन्टल कागती उत्पादन गरेको तथा आगमी बर्षदेखि करिव ५०० क्वीन्टल कागती उत्पादन हुने अनुमान गरेको समेत जानकारी भयो । सो फर्मलाई उक्त खेतीको लागि प्रदेश सरकारबाट सिँचाई तथा प्राविधिक सहयोग पाईआएको देखियो ।

**(ज) फष्ट च्वाइस फुल प्रा.लि.:**

मिति २०८१ माघ २ गते, जिल्ला रुपन्देही स्थित शुद्दोधन -१० मा निजी क्षेत्रबाट सञ्चालित फ्रेन्च फ्राईज उत्पादन कम्पनी फष्ट च्वाइस फुड प्रा.लि.मा निरीक्षण

तथा अन्तर्क्रिया कार्यक्रम गरियो । कुल २ अर्व ४५ लाख ५४ हजार लगानीको लागतमा निर्माण गरिएको कम्पनीमा हाल सम्म करिव १ अर्व खर्च भैसकेको तथा उत्पादन पनि शुरु भैकसकेको कम्पनी संचालकले जानकारी दिनुभयो । कम्पनीले फ्रेन्च फ्राईज उत्पादन देखि देशका विभिन्न भागमा विक्रि तथा भारतमा समेत निर्यात गरिरहेको छ ।कम्पनीले गण्डकी प्रदेशका नवलपुर, गोरखा, स्याङ्जा, तनहुँ, मुस्ताङ लगायतका जिल्लाका कृषक तथा कृषक समूहहरुलाई फ्रन्च फ्राईज बनाउने प्रजातीका आलुको वीउ (फ्रेन्च फ्राईज पोटयाटो) विक्रि तथा कृषकहरुले उत्पादन गरेको आलु खरिद गर्ने गरी सम्झौता गरी यस क्षेत्रका कृषकहरुसँग सहकार्य र समन्वय गरेर कार्य गरेको छ । कम्पनीले सो आलुको वीउँ उत्पादन लगायत आफ्नो व्यवसाय विस्तार गर्नको लागि अनुसन्धानमा मात्रै ८/९ करोड खर्च गरेको बताएको छ ।

## कार्यालयहरुको निरीक्षण

### (क) मध्यविन्दु जिल्ला अस्पतालः

मध्यविन्दु जिल्ला अस्पताल, नवलपुरको निरीक्षणका क्रममा कार्यालयका प्रमुख, कर्मचारीहरु तथा सेवाग्राहीहरुसँग छलफल तथा अन्तरक्रिया सम्पन्न गरियो । अस्पतालबाट प्रदान गरिने सेवाहरुको बारेमा कार्यालय प्रमुखसँग जानकारी प्राप्त गरियो । अस्पतालमा हाल १५ सैयांको क्षमता रहेता पनि ७८ सैयां संचालन गरि सेवा दिँईदै आएको । अस्पतालमा ३ डाक्टर सहित ३१ जना कर्मचारीको दरबन्दी रहेकोमा जनशक्ति अप्रयाप्त भएकोले हाल १६४ जना करार सेवामा लिई सेवा संचालन भएको पाईयो । दैनिक ४०० देखि ५०० जना विरामीलाई ओपिडि सेवा दिईरहेकोमा ७५ प्रतिशत विरामी बिमा गराएका हुने गरेको । अस्पतालले चौधरी ग्रुपको आर्थिक सहयोगमा हात खुट्टा नभएका अपांगता भएका व्यक्तिहरुको लागि कृतिम हात-खुट्टा निर्णाण गरि निशुल्क वितरण गरिरहेको पाईयो । आँखाको शल्यक्रिया तथा एच.आई.भि.का विरामीहरुलाई परामर्श सेवा पनि शुरु गर्ने तयारीमा अस्पताल रहेको छ ।

अस्पतालमा विरामी तथा सेवाग्राहीको संख्या बढ्दो चापले गर्दा अस्पतालको क्षमता वृद्धि गरी १०० सैयां क्षमताको अस्पताल निर्माण गर्नु जरुरी रहेको देखिएको छ। हाल अस्पतालको आफ्नै जग्गा नभएको हुनाले वन कार्यालयको जग्गामा अस्थायी रूपमा संचालन भइरहेको छ। फोहोरजन्य वस्तु विसर्जन गर्ने प्रक्रियामा चुनौतीहरू सामना गर्नुपर्ने अवस्था छ। अस्पतालले कतिपय सेवाहरु अस्थायी संरचना (छाप्रो) मार्फत प्रदान गरिरहेको छ भने विरामीलाई सरकारले निशुल्क उपलब्ध गराउने औषधिको व्यवस्था पनि हुन नसकेको अवस्था रहेकोछ। यसका साथै, अस्पतालको लागि उचित जग्गा प्राप्त गर्ने समस्याले पनि संस्थागत विकासमा बाधा पुर्याइरहेको छ।अस्पतालमा एम्बुलेन्स सेवा उपलब्ध नभएको तथा अस्पतालको स्तरोन्नतीको अवस्था अपर्याप्त रहेको जस्ता

समस्याहरूले सेवा प्रवाहलाई प्रभावित गरिरहेको छ। यी समस्याहरूको समाधानका लागि चाँडै नै योजनाबद्ध तवरले कदम चाल्नु आवश्यक छ।

## जिल्ला स्थित प्रदेश सरकार मतहतका कार्यालय प्रमुखहरुसँगको अन्तरक्रिया कार्यक्रम

स्थलगत अनुगमन भ्रमणको सिलसिला नवलपुर जिल्ला स्थित गण्डकी प्रदेश सरकार मातहतका कार्यालयहरुका कार्यालय प्रमुख वा प्रतिनिधिहरुसँग कार्यालयहरुले हालसम्म गरेको कार्य प्रगति विवरण सहित कार्यलयका समस्या तथा ती समाधानको लागि प्रदेश सरकारले गर्नुपर्ने कार्यको विषयमा छलफल भयो । उक्त कार्यक्रममा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय मतहतका कार्यालयहरु कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, स्वास्थ्य मन्त्रालय मातहतको कार्यालयहरु प्रदेश जनस्वास्थ्य कार्यालय, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मध्यविन्दु प्रादेशिक अस्पताल, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय मातहतको सामाजिक विकास कार्यालय, उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय मातहतको जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय र भूमिगत जलस्रोत तथा सिँचाई कार्यालयका प्रमुख वा प्रतिनिधहरुको सहभागिता रहेको थियो ।

यस कार्यक्रममा सहभागी कार्यालयका प्रमुखहरुले आफ्नो कार्य प्रगति र समस्याहरू प्रस्तुत गरे। कार्यलय प्रमुखहरुबाट प्रस्तुत गरिएको प्रगति विवरण अनुसार केहि बार्षिक कार्यक्रमहरुको प्रगति सन्तोषजनक रहेको पाईयो भने केही कार्यालयका कार्यक्रम प्रगति तुलनात्मक रुपमा न्यून रहेको पाइयो । कृषि ज्ञान केन्द्रले कृषि क्षेत्रमा गरेका नवीनतम प्रयोगहरू र किसानहरूलाई प्रदान गरिएको अनुदान, प्राविधिक सहयोग, प्रशिक्षण आदिको बारेमा जानकारी दिनुभयो। स्वास्थ्य मन्त्रालय मातहतका कार्यालयहरूले जनस्वास्थ्य सुधारका लागि गरेका कार्यहरू, आयुर्वेदिक चिकित्सा प्रणालीको विस्तार र प्रादेशिक अस्पतालले प्रदान गरेका सेवाहरूबारे प्रगति विवरण प्रस्तुत गरे। सामाजिक विकास कार्यालयले सामाजिक सुरक्षा कार्यक्रमहरूको प्रगति बारेमा जानकारी दिए। उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय मातहतका कार्यालयहरूले सिंचाई तथा जलस्रोत विकासका लागि गरेका कार्यक्रमहरुको विवरण प्रस्तुत गरे।

तथापि, धेरै कार्यालयहरूले आफ्नै भवन तथा सवारी साधन नभएको समस्याको बारेमा जानकारी दिए। यसले कार्यालयहरूको दैनिक कार्य प्रभावित गरेको र दीर्घकालीन योजनाहरू बनाउन अवरोध पुर्याएको देखियो। प्रदेश सरकारले यस समस्याको समाधानका लागि तत्काल कदम चाल्नुपर्ने आवश्यकता देखिएको छ। जग्गा प्राप्ति, भवन निर्माण तथा सवारी साधन खरिदको प्रक्रिया अघि बढाउन सकेमा कार्यालयहरूले अधिक प्रभावकारी रूपमा आफ्नो कार्य सम्पादन गर्न सक्नेछन्।

यसरी, यो कार्यक्रमले प्रदेश सरकारलाई जिल्लाका कार्यालयहरूको वास्तविक अवस्था बुझ्न र तिनीहरूको समस्याहरू समाधान गर्न महत्त्वपूर्ण मंच प्रदान गरेको छ। प्रदेश सरकारले यसबाट प्राप्त जानकारीको आधारमा नीतिगत निर्णयहरू लिई कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिएको छ।

## निष्कर्ष

गण्डकी प्रदेश सरकारले सुन्तला, आलु खेती गरिएको पकेट कृषि क्षेत्रमा लिफ्टिङ सिँचाई, कूलो, नहर आदिको माध्यमबाट सिँचाईको उचित व्यवस्था गर्नुपर्ने अवस्था रहेको छ यसले गर्दा उत्पादन वृद्धिमा ठूलो योगदान पुर्याउनेछ। साथै स्थानीय पालिकाहरूले कृषि क्षेत्रमा बजेट बृद्धि गरी कृषि उत्पादन बृद्धि गर्न प्राथमिकता दिनुपर्ने देखिन्छ । अन्यत्रबाट गुणस्तरहीन विउँ विरुवा आयात गरी विक्रि गरिने प्रचलन रोकी स्थानीय स्तरमै गुणस्तरीय विउँ तथा विरुवा उत्पादन गर्न कृषकहरुलाई प्रोत्साहन गर्न यान्त्रिकिरण तथा उत्पादनमा अनुदान कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाउनु वाञ्छ्नीय छ। विचौलिया व्यापारीहरूले कृषकहरूलाई न्यून मूल्यमा बेच्न बाध्य बनाउने प्रचलनलाई निरुत्साहित गर्न प्रदेश तथा स्थानीय सरकारले कृषि उत्पादनहरुको बजार व्यवस्थापनमा सहजीकरण गरी कृषकहरूलाई उचित मूल्य प्राप्त गर्न न्यूनतम समर्थन मुल्य निर्णारण गरी सो मुल्य प्राप्त हुन नसकेको अवस्थामा अपुग रकम क्षतिपूर्ति दिने व्यवस्था गरि कृषकहरुको पाउने प्रतिफलको सुनिश्चितता प्रदेश सरकारले गर्ने व्यवस्था गर्नुपर्ने । सुन्तला, आलु तथा अन्य कृषिजन्य वस्तुहरुको उत्पादन वृद्धि गर्न खेती भईरहेको क्षेत्रहरूलाई जोड्ने कृषि सडकहरु निर्माण तथा स्तरोन्नतीलाई प्राथमिकमा राखि कार्य गर्न जरुरी रहेको छ । यसैगरी प्रदेश सरकारले आफु मातहतका अस्पतालहरुमा विरामी तथा सेवाग्राहीको बढ्दो संख्या र चापलाई ध्यानमा राखी तत्काल क्षमता विस्तार, औषधिजन्य फोहोर व्यवस्थापन, सरकार द्वारा निशुल्क वितरण गरिने औषधि व्यवस्था, एम्बुलेन्स सेवा लगायतका प्रभावकारी ढंगले संचालन गरि जनस्वास्थ्यमा सुधार गर्न जरुरी देखिएको छ । अतः स्थलगत अनुगमनको क्रममा समितिले गण्डकी प्रदेश सरकारलाई यी विषयहरूमा तत्काल कार्यान्वयन गर्न आवश्यक सुझाव तथा निर्देशन दिनुपर्ने देखिन्छ ।यसबाट प्रदेशको कृषि, स्वास्थ्य र सिँचाई क्षेत्रमा ठूलो सुधार ल्याउने समितिले अपेक्षा गरेको छ ।

## सुझाव तथा निर्देशन

- प्रदेश सरकारले कृषकहरुलाई कृषि ऋणमा सहजता प्रदान गर्ने, व्याजमा अनुदान दिने र उत्पादनको आधारमा अनुदान उपलब्ध गराउने जस्ता कार्यक्रमहरू अझ प्रभावकारी रूपमा लागू गरी धेरै भन्दा धेरै कृषकहरू लाभान्वित हुन सक्ने गरी नीतिगत व्यवस्था र प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउन आवश्यक बजेटको व्यवस्था गर्ने।
- स्थानीय स्तरमा कृषिजन्य उपजहरुको गुणस्तरीय विउँ र विरुवा उत्पादन गर्न विउँ उत्पादक कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याउने ।
- प्रदेश अन्तर्गतका कृषि सडक निर्माण र स्तरोन्नती गर्ने कार्यलाई अलपत्र छोडिएकोमा उक्त योजनाहरुलाई प्राथमिकता दिई बजेट सुनिश्चितता गर्ने ।
- प्रदेश सकारकार मातहतका प्रादेशिक जिल्ला अस्पतालहरुको क्षमता विस्तार गर्न जनशक्ति, भौतिक संरचना तथा अन्य आवश्यक मेशिन तथा उपकरणहरुको उचित व्यवस्था गरी जनस्वास्थ्यमा सुधार गर्ने साथै अपांगतामैत्री र अपांगता भएका व्यक्तिहरुको लागि भाषिक संचार सेवा (दोभासे) को समेत व्यवस्था गर्न पहल गर्ने ।
- स्वास्थ्य विमाका विरामीलाई प्रदान गरिने सेवाको स्तरीय सुधार गर्न, लामो लाइनमा बस्नु पर्ने अवस्थालाई अन्त्य गर्न र आवश्यकता नभएका औषधिहरू लेखेर अनावश्यक खर्च गराउने प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यक नीतिगत र कानूनी व्यवस्था गर्ने ।
- प्रदेश सरकारको समेत अनुदान सहयोगमा संचालित कोल्ड स्टोरहरुमा दक्ष प्राविधिक जनशक्तिको व्यवस्था गर्ने ।
- स्याङ्जा जिल्ला, चापाकोट नगरपालिकामा प्रदेश सरकारबाट निर्माण शुरुगरि अलपत्र छोडिएको निर्माणाधिन कोल्ड स्टोरको निर्माण सम्पन्न गर्नको लागि आवश्यक बजेटको व्यवस्था गर्ने । साथै बाढीद्वारा क्षतिग्रस्त चापाकोट टार सिँचाई योजनाको मर्मत संभारको लागि आवश्यक बजेट व्यवस्था गरी पूर्ण क्षमतामा सुचारु गर्न जोड दिने।
- कृषक समूहहरूले आलु उत्पादन गर्दा प्रदेश सरकारको अनुदान (स्यालो ट्युवेल, विउँ, विषादी, हाते ट्याक्टर, डयाङ बनाउने मेशिन तथा उत्पादनमा प्रति के.जी. रु २ अनुदान जस्ता) कार्यक्रम प्रभावकारी रहेको छ। तर कृषकहरूको माग अनुसारको बजेट व्यवस्था नभएकोले आगामी बजेटमा यसका लागि पर्याप्त बजेट व्यवस्था गर्ने ।

- प्रदेश मातहत रहेका जिल्ला कार्यालयहरुमा भौतिक संरचना, सवारी साधन तथा जनशक्तिको समेत अभाव देखिएकोले सोको समाधान गर्नेतर्फ सरकारले ध्यान दिनुपर्ने ।
- नवलपुर जिल्लाका कृषक समूहहरूले उत्पादित आलु फर्ष्ट च्वाईस फुड्स प्रा.लि.सँग समर्थन मूल्यमा खरिद सम्झौता गरी स्थिर मूल्य सुनिश्चित गर्न सुझाव दिने ।

•

## भ्रमण गरिएको स्थानहरुको केही झलकहरु



पुतलीबजार-१०, नारायणगढ/आरुपाटा क्षेत्रमा रहेको सुन्तला वगैचा



पुतलीबजार-१०, नारायणगढ स्थित स्थानीय कृषकहरुसँग अन्तर्क्रिया पश्चात लिएको तस्वीर



अर्जुनचौपारी, स्याङ्जामा रहेको त्रिपुरा वागवानी फर्मद्वार संचालित सुन्तला ग्रेडिङ कम्पनीको अनुगमन निरिक्षण पश्चात लिईएको तस्वीर




स्याङ्जा जिल्ला, गल्याङ नगरपालिकामा संचालन रहेको आँधिखोल जलविद्युत आयोजनास्थलमा लिईएको तस्वीर



स्याङ्जा जिल्ला, गल्याङ नगरपालिकाका विभिन्न कृषक समूहहरुद्वार लगाईएको आलु खेती



स्याङ्जा जिल्ला, गल्याङ नगरपालिकाका जिमुवा शित भण्डार सहकारी संस्थाद्वारा संचालित कोल्डस्टोर तथा वीउविजन भण्डारण स्थल



स्याङ्जा जिल्ला, चापाकोट नगरपालिकाका स्थित आलु खेतीमा संलग्न कृषकहरुसँग छलफल तथा निरिक्षण



स्याङ्जा जिल्ला, चापाकोट स्थित निर्माणाधिन कोल्ड स्टोर




स्याङ्जा जिल्ला, चापाकोट स्थित श्री रत्ननगर साना किसान कृषि सहकारी संस्था लि. द्वारा संचालन दुध संकलन तथा चिस्यान केन्द्र



नवलपुर जिल्ला, बुलिङटार-६ खजुरीमा रहेको गौतम एग्रिकल्चर प्रा.लि.द्वारा गरिएको ड्रागन फ्रुट खेती



नवलपुर जिल्ला, बुलिङटार स्थित सफल कृषि फर्म तथा कृषक समूहद्वारा गरिएको कागती खेती



नवलपुर जिल्ला, बुलिङटार स्थित विभिन्न कृषक समूहद्वारा गरिएको कागती खेती संचालकहरुसँग छलफल तथा अन्तर्क्रिया



नलपुर स्थित गण्डकी प्रदेश सरकार मातहतका जिल्ला कार्यालयका कार्यालय प्रमुखहरुसँग गरिएको अन्तर्क्रिया कार्यक्रम



नवलपुर (व.स.पु.), मध्यविन्दु स्थित विभिन्न कृषक समूहहरुसँग आलु खेती सम्बन्धमा गरिएको अन्तर्क्रिया तथा छलफल कार्यक्रम



नवलपुर (व.स.पु.), मध्यविन्दु स्थित विभिन्न कृषकहरुद्वारा गरिएको आलु खेतीको निरिक्षणको क्रममा



नवलपुर (व.स.पु.), हुप्सेकोट स्थित भक्तपुरे काक्रोको विउँ उत्पादक कृषकसँग छलफल




नवलपुर (व.स.पु.), कावासोती स्थित मध्यविन्दु अस्पतालको अनुगमन पश्चात लिईएको तस्वीर




जिल्ला रुपन्देही स्थित शुद्दोधन -१० मा निजी क्षेत्रबाट सञ्चालित फ्रेन्च फ्राईज उत्पादक कम्पनी फर्ष्ट च्वाइस फुडस प्रा.लि.मा अवलोकन तथा अन्तर्क्रिया कार्यक्रम पश्चात लिईएको तस्वीर

# अनुसूची - ६

# गण्डकी प्रदेश सभा, सामाजिक विकास तथा कृषि समितिको अन्तर-प्रदेश अनुभव आदान-प्रदान तथा अन्तर्क्रिया कार्यक्रमको प्रतिवेदन

## १. पृष्ठभूमि तथा उद्देश्य

गण्डकी प्रदेश सभा, सामाजिक विकास तथा कृषि समितिको मिति २०८२ बैशाख २६ गतेको निर्णयानुसार माननीय सभापति, माननीय सदस्यहरु, कर्मचारीहरु तथा मर्यादापालक लगायतको टोली मिति २०८२।०१।२८ गतेदेखि २०८२।०२।०५ गतेसम्म कर्णाली प्रदेश सभा  र लुम्बिनी प्रदेश सभामा स्थलगत रुपमै पुगी तहाँ सभा अन्तर्गतका यस समितिसँग सम्बन्धित विषयगत समितिसँग अनुभव आदान प्रदान तथा अध्ययन, अवलोकन भ्रमण गरि आगामी समयमा समन्वय र सहकार्य गर्दै समितिको कार्यक्षेत्रभित्र पर्ने विविध विषयहरूमा अन्य प्रदेशहरूले अवलम्बन गरेका अभ्यासहरू बुझ्न यो भ्रमण आयोजना गरिएको हो। यस भ्रमणको मुख्य उद्देश्य "अन्तर-प्रदेश अनुभव आदान-प्रदान" र कर्णाली तथा लुम्बिनी प्रदेशका गौरवका आयोजना, स्वास्थ्य संस्था एवं कृषि तथा प्राकृतिक स्रोतको प्रत्यक्ष अवलोकन समेत गर्नु रहेको छ। यसबाट प्राप्त सिकाइलाई प्रदेशको नीति निर्माण र संसदीय अनुगमनको कार्यमा प्रभावकारी रूपमा उपयोग गर्ने लक्ष्य राखिएको छ। साथै ती प्रदेशहरुमा विद्यमान विषयगत समितिको गठन, काम कारवाही, नीति निर्माण र संसदीय अनुगमनको सम्बन्धमा अनुभव साटासाट गरि सम्बन्धित समितिका माननीय सभापति, माननीय सदस्यहरु तथा समितिका कर्मचारीहरुमा परस्पर समन्वय र सहकार्यमा वृद्धि गर्ने ।

गण्डकी प्रदेश सभा, सामाजिक विकास तथा कृषि समितिद्वारा संसदीय अभ्यास, नीति निर्माण र विकासका मोडेलहरूको अध्ययन गर्ने उद्देश्यका साथ गरिएको कर्णाली र लुम्बिनी प्रदेशको स्थलगत भ्रमणको मुख्य लक्ष्य अन्तर-प्रदेश अनुभव आदान-प्रदान गर्नुका साथै शिक्षा, स्वास्थ्य, कृषि र प्राकृतिक स्रोतको प्रत्यक्ष अवलोकन गरी प्राप्त सिकाइलाई गण्डकी प्रदेशको नीति निर्माण र संसदीय अनुगमनमा प्रभावकारी रूपमा उपयोग गर्नु रहेको छ । समितिले राखेको उदेश्य अनुरुपम भ्रमणका क्रममा मुगुको रारा क्षेत्र, कर्णाली प्रदेशमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, दैलेखको पेट्रोलियम अन्वेषण कार्य र सुर्खेतको जडीबुटी उद्योगको अवलोकन समेत गरियो । यस्तै, लुम्बिनी र कर्णाली दुवै प्रदेशका सामाजिक विकास समितिसँग औपचारिक अन्तर्क्रिया गरी संसदीय शिष्टाचार, समिति बैठक सञ्चालनका चुनौतीहरू र सर्वदलीय सहमति निर्माणका उपायहरूबारे गहन छलफल गरियो । यस कार्यक्रमबाट अन्य प्रदेशले अवलम्बन गरेका कानुन निर्माणका प्रक्रियागत पक्षहरू, सरकारी बजेट कार्यान्वयनको अनुगमन विधि र जनताका गुनासो सम्बोधन गर्ने प्रभावकारी संयन्त्रबारे महत्वपूर्ण ज्ञान प्राप्त भएको छ । भ्रमणले अन्तर-प्रदेश सम्बन्धलाई सुदृढ बनाउनुका साथै साझा चुनौतीहरूको सामूहिक समाधानका लागि आधार तयार

गरेको छ । समितिले आगामी दिनमा संसदीय प्रणालीलाई थप उत्तरदायी बनाउन र अन्य प्रदेशका सफल अभ्यासहरूलाई आफ्ना नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने निष्कर्ष निकालेको छ ।

अन्तमा यो भ्रमण कार्यक्रमलाई सफल बनाउन आतिथ्यता प्रदान गर्नुहुने कर्णाली प्रदेश सभा, सामाजिक विकास समितिका माननीय सभापति तथा सदस्यज्यूहरू र लुम्बिनी प्रदेश सभा, सामाजिक विकास समितिका माननीय सभापति तथा सदस्यज्यूहरूप्रति यो समिति हार्दिक आभार व्यक्त गर्दछ । उहाँहरूले आफ्नो प्रदेशको संसदीय असल अभ्यास र अनुभवहरू खुला हृदयले साटासाट गरी हाम्रो टोलीलाई पुऱ्याउनुभएको सहयोग र सद्भाव प्रशंसनीय रहेको छ। साथै, भ्रमणका क्रममा समन्वय गर्ने दुवै प्रदेशका सचिवालयका कर्मचारीहरू र स्थानीय संघ संस्थाहरु प्रति पनि समिति धन्यवाद ज्ञापन गर्दछ ।

## २. भ्रमण टोली

मिति २०८२/०१/२८ गतेदेखि मिति २०८२/०२/०५ गतेसम्म लुम्बिनी प्रदेश सभा तथा कर्णाली प्रदेश सभामा उपरोक्त अन्तरक्रिया तथा छलफल कार्यक्रममा गण्डकी प्रदेश सभा, सामाजिक विकास तथा कृषि समितिका तपशिल बमोजिमका माननीय सदस्यहरू र सचिवालयका कर्मचारीहरूको सहभागिता रहेको थियो।

| **क्र.सं.** | **पदाधिकार** | **नाम, थर** |
|---|---|---|
| १ | जेषठ सदस्य (सभापति) | मा. महेन्द्रध्वज जि.सी. |
| २ | सदस्य | मा. दमयन्ती रुचाल |
| ३ | सदस्य | मा. दिलमाया पौ.वि. |
| ४ | सदस्य | मा. भक्त बहादुर कुँवर |
| ५ | सदस्य | मा. महेश भट्टराई |
| ६ | सदस्य | मा. लिल बहादुर थापा मगर |
| ७ | सदस्य | मा. सरस्वती अर्याल तिवारी |
| ८ | सदस्य | मा. श्यामराजा महत |
| ९ | सदस्य | मा. हरि बहादुर चुमान |
| **समितिका कर्मचारीहरुः** | | |
| १० | प्रेस सल्लाहाकार (सभामुख) | श्री पुष्पराज दाहाल |
| ११ | वरिष्ठ प्रशासकिय अधिकृत | श्री शशिधर सुबेदी |
| १२ | नायब सुब्बा | श्री श्याम प्रसाद तिवारी |
| १३ | हसचा प्रदेश सभा सचिवालय | श्री शुक्र बहादुर थिङ तामाङ |
| १४ | हसचा कृषि, भूमि व्यवयस्था तथा सहकारी मन्त्रालय | श्री विनोद सारु |

## ३. दैनिक भ्रमण तालिका तथा यात्रा विवरण

२०८२ बैशाख २८ गतेदेखि जेठ ५ गतेसम्मको विस्तृत यात्रा विवरण र गतिविधिहरू देहाय बमोजिम रहेको थियोः

| मिति २०८२ | प्रस्थान र गन्तव्य | मुख्य गतिविधि तथा खाना/बासस्थान |
|---|---|---|
| बैशाख २८ गते | पोखरा देखि पश्चिम रुकुम (मुसिकोट) | पोखराबाट प्रस्थान, मुसिकोट बास। |
| बैशाख २९ गते | मुसिकोट देखि दैलेख | मुसिकोटबाट प्रस्थान, दिउँसो २ बजे गण्डकी प्रदेश सभा, सामाजिक विकास तथा कृषि समिति तथा कर्णाली प्रदेश सभा, सामाजिक विकास समिति बीच सुर्खेतमा अन्तर्क्रिया तथा छलफल कार्यक्रम, बेलुका दैलेखमा बास। |
| बैशाख ३० गते | दैलेख देखि रारा (मुगु) | दैलेखबाट प्रस्थान, बेलुका मुगु जिल्लाको रारामा बास। |
| बैशाख ३१ गते | रारा देखि नाग्मा (कालिकोट) | बिहानः रारा ताल र मुगु एयरपोर्टको अवलोकन। दिउँसो/बेलुकाः कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको अवलोकन, कालिकोटको नाग्मामा बास। |
| जेठ १ गते | मान्मा देखि कोहलपुर (बाँके) | मान्माबाट प्रस्थान, दैलेखको जलजलेमा पेट्रोलियम अन्वेषण कार्यको अवलोकन, सुर्खेतमा जडिबुटी उद्योगको अवलोकन, बेलुका कोहलपुरमा बास। |
| जेठ २ गते | दाङ (देउखुरी) | लुम्बिनी प्रदेशको सामाजिक विकास समितिका पदाधिकारी तथा कर्मचारीहरुसँग अन्तरक्रिया |
| जेठ ३ गते | दाङ (देउखुरी) देखि पोखरा | भ्रमणको औपचारिक समापन। |
| जेठ ४ र ५ गते | पोखरा | भ्रमण ,अन्तर्क्रिया तथा छलफल कार्यक्रमको समिक्षा , छलफल तथा प्रतिवेदन तयार गरी समितिको आगामी बैठकमा पेश गर्ने । |

## ४. मुख्य स्थलहरूको अवलोकन तथा अध्ययन

भ्रमणका क्रममा अवलोकन गरिएका मुख्य स्थलहरूको संक्षिप्त विवरण र महत्त्व निम्न अनुसार रहेको छः

- **कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानः** दुर्गम र पिछडिएको क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच विस्तार र दक्ष जनशक्ति उत्पादनमा यस प्रतिष्ठानले पुऱ्याएको योगदानको अध्ययन गरियो। यसले भौगोलिक रूपमा विकट क्षेत्रमा स्वास्थ्य सेवा प्रवाहको मोडेल बुझ्न सहयोग पुगेको छ।
- **रारा क्षेत्र र मुगु एयरपोर्टः** पर्यटकीय गन्तव्यको रूपमा राराको पूर्वाधार र मुगु एयरपोर्टको वस्तुस्थितिको अवलोकन गरियो। यसबाट पर्यटन पूर्वाधार र पहुँचको अवस्थाबारे महत्वपूर्ण जानकारी प्राप्त भयो।
- **पेट्रोलियम अन्वेषण (दैलेख, जलजले)ः** नेपाल सरकारको तर्फबाट अघि बढाइएको राष्ट्रिय प्राथमिकताको परियोजना 'पेट्रोलियम अन्वेषण' को वर्तमान अवस्था र प्राकृतिक स्रोतको उत्खननका सम्भाव्यताबारे स्थलगत जानकारी लिइयो।
- **जडिबुटी उद्योग (सुर्खेत)ः** स्थानीय स्तरमा उपलब्ध जडिबुटीहरूको प्रशोधन र बजारीकरण मार्फत कृषि क्षेत्रको व्यवसायीकरण र रोजगारी सिर्जनामा पुग्न सक्ने टेवाका बारेमा अध्ययन गरियो।

## ५. अन्तर-प्रदेश अनुभव आदान-प्रदान तथा अन्तरक्रिया

यस कार्यक्रमको उदेश्य प्रदेशहरूबीच संसदीय अभ्यास, कानुन निर्माणको अनुभव र सामाजिक विकासका क्षेत्रमा देखिएका चुनौतीहरूका बारेमा अनुभव साटासाट गर्नु रहेको हुनाले भ्रमणका क्रममा दुईवटा प्रदेशहरूसँग औपचारिक रुपमा अनुभव आदान प्रदान तथा अन्तर्क्रिया/ छलफल  कार्यक्रम सम्पन्न भयो। २०८२ साल बैशाख २९ गते दिउँसो २ बजे कर्णाली प्रदेश सभा, सामाजिक विकास समितिका माननीय सभापति, माननीय सदस्यहरु तथा सचिवालयका कर्मचारीहरु समेतको उपस्थितिमा सुर्खेतमा र २०८२ साल जेठ २ गते लुम्बिनी प्रदेश सभा सामाजिक विकास समितिका  माननीय सभापति, माननीय सदस्यहरु तथा सचिवालयका कर्मचारीहरु समेतको उपस्थितिमा दाङ (देउखुरीमा) अनुभव आदान प्रदान तथा अन्तरक्रिया गरियो। सो कार्यक्रमहरुबाट प्रदेश सभाका समितिको कार्यप्रणाली, नीति निर्माणमा समितिको भूमिका, सरकारी बजेट कार्यान्वयनको अनुगमनका विभिन्न पक्षमा आ-आफ्ना अनुभवहरू साटासाट गरिएको थियो । सो कार्यक्रमहरुमा समितिका सभापति तथा सदस्यहरूले संसदीय शिष्टाचार, समिति बैठक सञ्चालनका चुनौतीहरू, सर्वदलीय सहमति निर्माणका उपायहरू तथा जनताको गुनासो सम्बोधन गर्दा अपनाउनुपर्ने संवेदनशील पक्षहरूमा विस्तृत छलफल भयो । समितिमा सामाजिक विकासका विषयगत क्षेत्र शिक्षा, स्वास्थ्य, उर्जा, खानेपानी तथा कृषिमा भएका राम्रा

अभ्यासहरू र कानुन निर्माणका प्रक्रियागत पक्षहरू पनि समीक्षा गरिएको थियो। यस्ता अन्तर्क्रियाले आपसी सिकाइलाई प्रोत्साहन मात्र नभई भविष्यमा अन्तर-प्रदेश समन्वय र साझा चुनौतीहरूको सामूहिक समाधानका लागि समेत आधार तयार गरेकोछ। कार्यक्रमले दुवै तर्फका समितिको कार्यक्षमता अभिवृद्धि र संसदीय अभ्यासलाई थप प्रभावकारी बनाउन योगदान पुर्याउने छ।

**कर्णाली प्रदेश सभा, सामाजिक विकास समितिसँग अन्तर्क्रिया कार्यक्रमः**

मिति २०८२ बैशाख २९ मा कर्णाली प्रदेश सभा, सामाजिक विकास समितिका माननीय सभापति पूर्ण बहादुर खत्रीज्यू र समितिका माननीय सदस्यज्यूहरु तथा गण्डकी प्रदेश सभा, सामाजिक विकास तथा कृषि समितिका जेष्ठ सदस्य माननीय श्री महेन्द्र ध्वज जि.सी. तथा समितिका माननीय सदस्यज्यूहरु बिच कर्णाली प्रदेश सभा, सामाजिक विकास समितिका सभापतिज्यूको अध्यक्षतामा कर्णाली प्रदेश सभा सामाजिक विकास समितिको बैठक कक्षमा अनुभव आदान-प्रदान तथा अन्तर्क्रिया कार्यक्रममा गरिएको

**लुम्बिनी प्रदेश सभा, सामाजिक विकास समितिसँग अन्तर्क्रिया कार्यक्रमः**

मिति २०८२ साल जेठ २ मा लुम्बिनी प्रदेश सभा, सामाजिक विकास समितिका माननीय सभापति याम बहादुर नेपालीज्यूको अध्यक्षतामा लुम्बिनी प्रदेश सभा सामाजिक विकास समितिको बैठक कक्षमा गण्डकी प्रदेश सभा, सामाजिक विकास तथा कृषि समितिका जेष्ठ सदस्य माननीय श्री महेन्द्र ध्वज जि.सी. तथा समितिका माननीय सदस्यज्यूहरु तथा लुम्बिनी प्रदेश सभा, सामाजिक विकास समितिका माननीय सभापति याम बहादुर नेपालीज्यू तथा माननीय सदस्यहरु बिच अनुभव आदान प्रदान तथा अन्तर्क्रिया कार्यक्रम गरिएको थियो ।

## ६. प्राप्त उपलब्धि

यो भ्रमण पश्चात समितिले देहाय अनुसारको उपलब्धीहरु हाँसिल गरेको छः

१) सरोकारवालाहरूबीच सर्वदलीय सहमति निर्माण गर्ने उपायहरू र जनताका गुनासोहरूलाई कसरी प्रभावकारी रूपमा सम्बोधन गर्ने भन्ने विषय बारे ज्ञान ।

२) भविष्यमा आइपर्ने साझा चुनौतीहरूलाई सामूहिक रूपमा समाधान गर्न र एक-अर्काको सफल अभ्यासहरूलाई अनुसरण गर्न प्रोत्साहन मिलेको छ ।

३) संसदीय शिष्टाचार, समिति बैठक सञ्चालन र सर्वदलीय सहमति निर्माण गर्ने उपायले समितिको समग्र कार्यक्षमतामा वृद्धि हुनेछ ।

४)अन्य प्रदेशले अवलम्बन गरेका कानुन निर्माणका प्रक्रियागत पक्षहरू र राम्रा अभ्यासहरूको समीक्षाबाट गण्डकी प्रदेशको नीति निर्माण कार्यलाई थप व्यवहारिक र परिष्कृत बनाउन सहयोग पुग्नेछ ।

५)सरकारी बजेट कार्यान्वयनको अनुगमन गर्ने विभिन्न पक्षहरू र विधिहरू बुझेकाले समितिको अनुगमनकारी भूमिका थप प्रभावकारी हुने ।

६)विभिन्न प्रदेशका समितिका सभापति, सदस्य र कर्मचारीहरू बीचको प्रत्यक्ष भेटघाटले आपसी समन्वय र सहकार्यको भावनालाई बढावा दिएको ।

७)जनताका गुनासोहरूलाई कसरी संवेदनशीलताका साथ सम्बोधन गर्ने भन्ने विषयमा प्राप्त अनुभवले संसदीय पद्धतिलाई जनताप्रति थप उत्तरदायी बनाउन मद्दत गर्ने ।

८)भ्रमण गरिएका क्षेत्रको सामाजिक, सांस्कृतिक, धार्मिक तथा भौगोलिक अवस्थिति बारे जानकारी प्राप्त ।

## ७. निष्कर्ष, सुझाव तथ निर्देशन

**निष्कर्षः**

यो भ्रमणले गण्डकी प्रदेशको सामाजिक विकास तथा कृषि समितिलाई अन्य प्रदेशको कार्यप्रणाली र विकासको वस्तुस्थिति बुझ्न महत्वपूर्ण अवसर प्रदान गरेको छ। साथै कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र दैलेखको पेट्रोलियम अन्वेषण जस्ता आयोजनाहरूको अवलोकनबाट प्राप्त सिकाइले गण्डकी प्रदेशमा नीति निर्माण र अनुगमनको कार्यलाई थप परिष्कृत बनाउन सहयोग पुग्नेछ। यस भ्रमणले अन्तर-प्रदेश सम्बन्धलाई सुदृढ बनाउनुका साथै साझा हितका विषयमा सहकार्य गर्ने आधार तयार गरेको छ।

**सुझाव तथा निर्देशनः**

समितिले गरेको यस अनुभव आदान प्रदान तथा अन्तर्किया तथा अध्ययन, अवलोकन भ्रमणबाट संददीय प्रक्रिया, सभा तथा समिति संचालन, सरकारको नीति तथा कार्यक्रम, बजेट विनियोजन तथा सो को कार्यान्वयनका लागि देहाय बमोजिमका सुधारका कार्य गर्न आवश्यक देखिन्छ ।

१)संसदीय शिष्टाचार र समितिको बैठक सञ्चालनमा देखिएका चुनौतीहरूलाई सम्बोधन गर्दै कार्यप्रणालीलाई थप मर्यादित र व्यवस्थित बनाउनुपर्ने ।

२)नीति निर्माण र निर्णय प्रक्रियामा विभिन्न राजनीतिक दलहरूबीच सर्वदलीय सहमति निर्माण गर्ने उपायहरू अवलम्बन गर्नुपर्ने ।

३)अन्य प्रदेशहरूले अपनाएका कानुन निर्माणका प्रक्रियागत पक्षहरू र सफल अभ्यासहरूलाई आत्मसात गर्दै कानुन निर्माण कार्यलाई प्रभावकारी बनाउनुपर्ने ।

४)संसदीय पद्धतिलाई जनताप्रति थप उत्तरदायी बनाउन जनताका गुनासोहरू संकलन र सम्बोधन गर्ने प्रभावकारी संयन्त्र विकास गर्नुपर्ने ।

५)सरकारी बजेट विनियोजन र यसको कार्यान्वयनको पाटोलाई थप पारदर्शी र प्रभावकारी बनाउन नियमित एवं सघन अनुगमनको व्यवस्था गर्नुपर्ने ।

६)शिक्षा, स्वास्थ्य, ऊर्जा, खानेपानी र कृषिका क्षेत्रमा अन्य प्रदेशहरूले गरेका असल अभ्यासहरूलाई प्रदेशको नीति तथा कार्यक्रममा समावेश गर्नुपर्ने ।

## ८. कार्यक्रमको सिलसिलामा लिईएका केही तस्वीरहरुः




लुम्बिनी प्रदेशको सामाजिक विकास समितिका पदाधिकारी तथा कर्मचारीहरुसँग अन्तरक्रिया तथा छलफल गर्दै



कर्णाली प्रदेशको सामाजिक विकास समितिका पदाधिकारी तथा कर्मचारीहरुसँग अन्तरक्रिया तथा छलफल गर्दै



लुम्बिनी प्रदेशको सामाजिक विकास समितिका पदाधिकारी तथा कर्मचारीहरुसँग अन्तरक्रिया पश्चात सामूहिक फोटो लिँदै

# अनुसूची - ७

## समितिका पदाधिकारीहरु

### सभापतिहरु



मा. फणिन्द्र देवकोटा
**सभापति**
(मिति २०८०।०४।३०
देखि ८१।३।१५ सम्म



मा. श्यामराज महत
**जेष्ठ सदस्य**
(मिति २०८१।०३।१६
देखि ८१।०७।०४ सम्म)



मा.महेन्द्रध्वज जि.सी.
**जेष्ठ सदस्य**
(मिति २०८१।०७।०५
देखि २०८२।०२।२३ सम्म




मा. दमयन्ती रुचाल
**सभापति**
(मिति २०८२।०२।२३
देखि हाल सम्म

### सदस्यहरु




मा. अशोक कुमार श्रेष्ठ
(मिति २०८०।०४।३०
देखि २०८१।११।०२ सम्म)




मा. दिलमाया पौ.वि.
(मिति २०८०।०४।३०
देखि हाल सम्म)



मा. नम्डु गुरुङ
(मिति २०८०।०४।३०
देखि २०८३।०१।०१ सम्म)



मा. बेदबहादुर गुरुङ
(मिति २०८०।०४।३०
देखि २०८१।१२।२६ सम्म)



मा. भक्त बहादुर कुँवर
(मिति २०८०।०४।३०
देखि हाल सम्म)




मा. महेश भट्टराई
(मिति २०८०।०४।३०
देखि हाल सम्म)




मा. राजकुमारी भुजेल
(मिति २०८०।०४।३०
देखि २०८१।१२।२६ सम्म)




मा. राजिव गुरुङ
(मिति २०८०।०४।३०
देखि २०८१।०७।२० सम्म)




मा. लील बहादुर थापा
(मिति २०८०।०४।३०
देखि हाल सम्म)




मा. सरस्वती अर्याल तिवारी
(मिति २०८०।०४।३०
देखि हाल सम्म)



मा. सुनिता थापा
(मिति २०८१।११।०२
देखि हाल सम्म)



मा. हरिबहादुर चुमान
(मिति २०८१।०३।१८
देखि हाल सम्म)

## पदेन सदस्यहरु सदस्यहरु




मा. सुशिला सिंखडा
(मिति २०८०।०१।२९
देखि ८१।०७।०४ सम्म)




मा. पद्मा जि.सी. श्रेष्ठ
(मिति २०८१।०७।०५
देखि ८३।०१।०१ सम्म)




मा. बिन्दुकुमार थापा
(मिति २०८१।०७।०५
देखि ८३।०१।०१ सम्म)




मा. कृष्णप्रसाद पाठक
(मिति २०८१।०६।०५
देखि ८३।०१।०१ सम्म)

# अनुसूची -८
## सचिवालयका कर्मचारीहरु



श्री हरिराज पोखरेल
पदेन सचिव/प्रदेश सभा सचिव




श्री प्रेम सुबेदी
उपसचिव





श्री इन्दु देवी न्यौपाने
उपसचिव (कानून)



श्री शशिधर सुबेदी
समिति सचिव/अधिकृत आठौं



श्री कमला पौडेल समिति
सहायक कर्मचारी/अधिकृत सातौं



श्री टंक प्रसाद शर्मा वाग्ले
सहायक कर्मचारी/अधिकृत छैठौं




श्री शुष्मा ढकाल
सहायक कर्मचारी/नायब सुब्बा



श्री श्याम प्रसात तिवारी
सहायक कर्मचारी/नायब सुब्बा



श्री कल्पना त्रिपाठी
माईक संचालक



श्री सुनिता मोक्तान
कार्यालय सहयोगी

# अनुसूची -९
## समितिको बैठकका केही झलकहरु



समितिको बैठक (पदाधिकारी तथा कर्मचारीहरु)



समितिको बैठक (पदाधिकारी, कर्मचारीहरु तथा सरकारवालाहरु समेत)



समिति बैठकमा माननीय सदस्यहरु



समिति बैठकमा माननीय सदस्यहरु